“कृषि, शैक्षिक र पर्यटन समृद्धिका आधार, सुन्दर स्वस्थ समुन्नत पञ्चपुरी नगर”

## स्थानीय पाठ्यक्रम

# हाम्रो पञ्चपुरी

**पञ्चपुरी नगरपालिका**

**बाबियाचौर, सुर्खेत**

## स्थानीय पाठ्यक्रम निर्माण समिति

| | |
|---|---|
| **संयोजक** | : श्री लालवीर भण्डारी : नगरप्रमुख |
| **सदस्य** | : श्री मुक्तिदेवी रेग्मी पुरी : नगर उपप्रमुख |
| | : श्री गोकर्णनाथ योगी : प्रमुख प्रशासकीय अधिकृत |
| | : श्री यामबहादुर वि.सी. : वडा न.२ अध्यक्ष |
| | : श्री द्रोणराज पाठक |
| | : श्री वीरेद्रकुमार जोशी |
| | : श्री हरिप्रसाद ढकाल |
| | : श्री कृपाराम थापा |
| | : श्री मानबहादुर केसी |
| | : श्री हिरामणि पौड्याल |
| | : श्री ओमप्रकाश बास्तोला |
| | : श्री नवराज घिमिरे |
| | : श्री खगेन्द्रप्रसाद पौड्याल |
| | : श्री गङ्गाराम घिमिरे |
| | : श्री नवराज घिमिरे |
| | : श्री पूर्णिमा चन्द प्रास |
| **सदस्य सचिव** | : श्री तुलसी पुरी वन (शिक्षा शाखा प्रमुख) |
| **प्रकाशक** | : पञ्चपुरी नगरपालिका<br>**शिक्षा, युवा तथा खेलकुद शाखा**<br>बाबियाचौर, सुर्खेत |

**मुद्रण** : **भवानी छापाखाना (डिजिटल कलर प्रिन्टर्स)**
वीरेन्द्रनगर, सुर्खेत (फोन नं. ०८३-५२१६१५)

# हाम्रो पञ्चपुरी

## १. परिचय

नेपालको संविधानले विद्यालय तहको शिक्षालाई स्थानीय सरकारको कार्य क्षेत्रभित्र राखेको छ । शिक्षालाई मौलिकहकका रूपमा व्यवस्था गरी शैक्षिक अधिकारको निक्षेपण र स्थानीयकरणमार्फत बलियो शैक्षिक जग निर्माणको मार्ग प्रशस्त गरेको छ । १५औँ योजनाले परम्परागत र स्थानीय ज्ञान, सिप र प्रविधिको संवर्द्धन तथा संरक्षण गर्दै वैज्ञानिक खोज एवम् अनुसन्धानबाट प्रतिपादित नवीनतम् प्रविधिलाई मुलुकको समग्र विकास प्रक्रियामा उपयोग गर्ने रणनीति तय गरेको छ । ‘राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६’ ले आधारभूत तहमा एउटा विषयका रूपमा स्थानीय विषय वा मातृभाषाको पाठ्यक्रम स्थानीय तहले तयार गरी पठनपाठन गराउनुपर्ने व्यवस्था गरेको छ। सङ्घीय सरकारले समग्र पाठ्यक्रम तथा परीक्षासम्बन्धी मापदण्ड, नीति, गुणस्तरका सूचक र बेन्चमार्क तयार गर्नुपर्ने, प्रदेश सरकारले सो सम्बन्धमा क्षमता विकास र समन्वय गर्ने तथा स्थानीय सरकारले सङ्घीय नीतिभित्र रही स्थानीय नीति निर्माण र कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । त्यसैगरी ‘दिगो विकासका लक्ष्य २०३०’ को सफल कार्यान्वयनका राष्ट्रिय रणनीतिमा समेत स्थानीय क्षमता, ज्ञान, सिप र प्रविधिलाई सबलीकरण गरी गुणस्तरीय शिक्षाको सुनिश्चितता गर्न सकिने कुरा उल्लेख गरिएको छ ।

यो पाठ्यक्रम ‘राष्ट्रिय पाठ्यक्रमप्रारूप २०७६’ र ‘स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन (मातृभाषासहित) २०७६’ ले निर्दिष्ट गरेका प्रावधानलाई ध्यान दिई विकास गरिएको छ। यो पाठ्यक्रम निर्माणको मुख्य उद्देश्य स्थानीय विषयवस्तु, स्थानीय आवश्यकता पहिचान गरी स्थानीय सहभागिता र विज्ञताको संलग्नतामा पाठ्यक्रम विकास गर्ने, विद्यार्थीहरूमा स्थानीय ज्ञान, सिप, अभिवृत्तिको विकास गर्ने, श्रमको सम्मान गर्ने भावनाको विकासको साथै स्थानीय पेसा, व्यवसाय, प्रविधि, मूल्य मान्यता, वातावरण संरक्षण तथा प्रवर्द्धन गर्ने रहेको छ । यसका लागि प्रारम्भिक कक्षादेखि नै स्थानीय परिवेशसँग परिचित गराउनका लागि स्थानीय पाठ्यक्रमको महत्वपूर्ण भूमिका हुन्छ । स्थानीय ज्ञान, सिप, प्रविधि, संस्कृति, प्रकृति, संस्कार, कला, भाषा, साहित्यको संवर्द्धन र सबलीकरणबाट मात्र अन्तर्राष्ट्रिय रूपमा प्रतिस्पर्धा गर्न सक्ने सोंच, क्षमता विकास र वस्तु उत्पादन गर्न सकिने तथ्यलाई दृष्टिगत गरी स्थानीय पाठ्यक्रमको अवधारणालाई अगाडि सारिएको छ । यस पाठ्यक्रममा विशेषतः पञ्चपुरीको परिचय, नक्साङ्कन र इतिहाँस, पालिकाभित्रको रीतिरिवाज, संस्कार र संस्कृति, स्थानीय धार्मिक र पर्यटकीय स्थलहरू, स्थानीय परम्परागत पेसा, व्यवसाय र प्रविधि, खेलकुद, स्थानीय प्रकोप र जोखिमको पहिचान तथा व्यवस्थापन जस्ता पक्षहरू समावेश गरी, गरेर सिक्ने पद्धतिमा आधारित भई सिकाइ सहजीकरण गर्ने र विद्यार्थीहरूलाई उनीहरूले विभिन्न माध्यमबाट प्राप्त ज्ञान, सिप र अभिवृत्तिलाई विद्यालय तथा समुदायमा प्रयोग गर्ने खालका क्रियाकलापलाई जोड दिइएको छ ।

## २. तहगत सक्षमता

**(क) कक्षाः १–३ का सक्षमता**

१. गाउँ, वडा र पञ्चपुरी नगरपालिकाको सामान्य परिचय
२. स्थानीय प्राकृतिक स्रोत तथा सम्पदा र पर्यटकीय स्थलको पहिचान
३. भाषिक, सांस्कृतिक, भौगोलिक, धार्मिक, शैक्षिक सचेतना विकास
४. स्थानीय परम्परागत पेसा, व्यवसाय र प्रविधिसँग परिचित
५. घरभित्र र घरबाहिर हुने विपद्को पहिचान
६. स्थानीय कृषिसँग परिचित

**(ख) कक्षा ४–५ का सक्षमता**

१. पञ्चपुरीको संक्षिप्त परिचय, नक्साङ्कन र अवस्था पहिचान
२. स्थानीय धार्मिक, ऐतिहासिक, सांस्कृतिक तथा पर्यटकीय स्थलको परिचय र महत्वबोध
३. स्थानीय स्तरको सामाजिक, आर्थिक, भाषिक तथा शैक्षिक अवस्थाको पहिचान
४. स्थानीय परम्परागत पेसा, व्यवसाय र प्रविधिप्रति सम्मान तथा सिपको अभ्यास
५. स्थानीय कृषिसँग परिचित र अभ्यास
६. प्राकृतिक विपद् र मानव सृजित विपद्का प्रभाव एवम् असरहरु बताउन
७. स्थानीय प्रकोप र जोखिमका क्षेत्रहरूको पहिचान
८. स्थानीय स्तरका प्राकृतिक स्रोत तथा जैविक विविधताको पहिचान

**(ग) कक्षा ६–८ का सक्षमता**

१. पञ्चपुरीको संक्षिप्त परिचय, नक्साङ्कन र इतिहासको जानकारी
२. पञ्चपुरीको सामाजिक, आर्थिक तथा शैक्षिकअवस्थाको पहिचान
३. पञ्चपुरीभित्रको रीतिरिवाज, संस्कार र संस्कृतिको खोजी, पहिचान र संरक्षण
४. स्थानीयधार्मिक तथा पर्यटकीय स्थलहरूको खोज, पहिचान र संरक्षणमा तत्परता
५. स्थानीय कृषिसँग परिचित र अभ्यास
६. स्थानीय परम्परागत पेसा, व्यवसाय र प्रविधिको परिचय, महत्व, सम्भावना र सिपको अभ्यास
७. स्थानीय स्तरका प्राकृतिक स्रोत तथा जैविक विविधताको पहिचान
८. स्थानीय प्रकोप र जोखिम व्यवस्थापनको अवधारणा, बोध र व्यवस्थापनमा सहयोग

# ३. कक्षागत सिकाइ उपलब्धि

**कक्षागत सिकाइ उपलब्धि (कक्षा १–३)**

यस पाठ्यक्रमको कार्यान्वयन पश्चात् आधारभूत तह कक्षा (१–८) मा अध्ययनरत बालबालिकामा माथि उल्लिखित क्षेत्र र क्रमअनुसार देहायअनुसारको सिकाइ उपलब्धिहरू हासिल हुने छन् :

| क्र.सं. | क्षेत्र/एकाइ/थिम | कक्षा १ | कक्षा २ | कक्षा ३ |
|---|---|---|---|---|
| १ | **हाम्रो पञ्चपुरी** | • आफू बस्ने टोल तथा गाउँको नाम बताउन,<br>• आफू, आफ्नो परिवार र वासस्थानबारे बताउन,<br>• आफ्नो समुदायमा मनाइने मुख्य चाडपर्वको नाम बताउन,<br>• वडा समितिको सङ्ख्या बताउन । | • आफ्नो टोलसँग जोडिएका गाउँहरुको नाम र स्थान बताउन,<br>• आफ्नो वरपर रहेका पाटी, पौवा, मठ मन्दिर, ताल तलैया, नदीनाला, झरनाहरुको बारेमा बताउन,<br>• आफ्नो वडा कार्यालय रहेको स्थानको नाम बताउन,<br>• पञ्चपुरी नपामा रहेका वडाहरुको सङ्ख्या बताउन,<br>• आफ्नो घर परिवारमा रहेका सदस्यहरुको सङ्ख्या बताउन,<br>• पञ्चपुरी नगरपालिकाको नाम बताउन । | • आफ्नो छिमेक तथा टोलको बारेमा परिचय दिन,<br>• आफ्नो वडामा रहेका प्राकृतिक तथा मानवनिर्मित सम्पदाहरुको पहिचान गर्न,<br>• आफ्नो गाउँमा मनाइने चाडपर्वको बारेमा परिचय दिन,<br>• वडा कार्यालयबाट हुने पञ्जीकरण सम्बन्धी (जन्म, मृत्यू, विवाह, बसाइसराइ) दर्ता गर्छ भनी बताउन,<br>• वडा समिति गठन प्रक्रियाबारे बताउन,<br>• आफू पढ्ने विद्यालय, स्वास्थ्य केन्द्रवाट प्रदान गरिने सेवाको बारेमा सामान्य परिचय दिन,<br>• जाडो र गर्मी मौसमले हाम्रो जीवनमा पार्ने प्रभावको बारेमा बताउन, |

| क्र.सं. | क्षेत्र/एकाइ/थिम | कक्षा १ | कक्षा २ | कक्षा ३ |
|---|---|---|---|---|
| | | | | ● पञ्चपरी नगरपालिकाको नक्सामा आफ्नो वडा सङ्केत गर्न । |
| २ | हाम्रो धर्म, संस्कृति र सामाजिक मूल्य मान्यताहरु | ● आफू, परिवार र साथीसँग घुलमिल हुन,<br>● स्थानीय धर्म, संस्कृति अनुसारका भेषभूषा तथा परिकारहरु बताउन,<br>● विभिन्न जातजातिका व्यक्तिले मान्ने चार्डपर्वहरुको बारेमा बताउन । | ● परिवार, साथी, छिमेकी तथा गुरुसँगको आदर सत्कार गर्न,<br>● स्थानीय धार्मिक तथा सांस्कृति स्थलको नाम बताउन,<br>● धार्मिक सांस्कृति अनुसारका रहनसहन तथा भेषभूषाको बारेमा बताउन,<br>● विभिन्न जातजातिका व्यक्तिले मान्ने कुल देवताहरुको बारेमा बताउन । | ● परिवारका सदस्य, साथीहरु आफन्तजन र छिमेकीसँगको मित्रवत् व्यवहार र आदर सत्कार गर्न,<br>● धार्मिक सामाजिक तथा सांस्कृति स्थलहरुको परिचय र नाम बताउन,<br>● पञ्चपुरीको चार्डपर्व तथा भाषाको पहिचान बारेमा बताउन । |
| ३ | कृषि, पशुपंक्षी र पर्यटन | ● कृषि बालिनालिको नाम बताउन,<br>● घरमा पालिने जनावरको नाम बताउन,<br>● गाउँटोलमा घुम्नलायक ठाउँ बताउन । | ● आफ्नो समुदायमा उत्पादन हुने खाद्यन्न बालि र नगदे बालिको नाम बताउन,<br>● आफ्नो घर समुदायमा पालिने जनावर र पशुपंक्षीको नाम बताउन,<br>● वडाभित्र घुम्न लायक ठाउँहरुको सूची बनाउन । | ● स्थानीय स्तरमा मौसम अनुसार उत्पादन हुने कृषि उपजको महत्व,<br>● पशुपक्षी, माछा र मौरी पालनको महत्व,<br>● पञ्चपुरी नगरपालिका भित्रका घुम्न लायक ठाउँहरुको सूची बनाउन । |
| ४ | स्थानीय पेसा, ब्यावसाय र प्रविधि | ● स्थानीय पेसा र व्यवसाय पहिचान गर्न, | ● स्थानीय पेसा र व्यवसायको प्रकार भन्न, | ● स्थानीय पेसा र व्यवसायको उपयोगिता बताउन, |

| क्र.सं. | क्षेत्र/एकाइ/थिम | कक्षा १ | कक्षा २ | कक्षा ३ |
|---|---|---|---|---|
| | | ● स्थानीय परम्परागत र आधुनिक प्रविधिको नाम भन्न, | ● स्थानीय परम्परागत प्रविधिहरुको वर्गीकरण गर्न, | ● स्थानीय र परम्परागत प्रविधिको महत्व भन्न, |
| ५ | हाम्रो सामाजिक सङ्घसंस्था र व्यक्तित्वहरु | ● स्थानीय शैक्षिक तथा सामाजिक संस्थाहरुको पहिचान गर्न,<br>● स्थानीय विशिष्ट व्यक्तिहरुको नाम बताउन । | ● स्थानीय शैक्षिक तथा सामाजिक संस्थाहरुको नाम बताउन,<br>● स्थानीय विशिष्ट व्यक्तिहरुको पहिचान गर्न । | ● स्थानीय शैक्षिक तथा सामाजिक संस्थाहरुको परिचय दिन,<br>● स्थानीय विशिष्ट व्यक्तिहरुको सूची बनाउन । |
| ६ | विपद् व्यवस्थापन | ● घरभित्र र घरबाहिर हुने विपद्, भऱ्याङ चढ्दा, बरन्डामा खेल्दा, घरको छतबाट खस्दा हुने जोखिमको पहिचान । | ● घर वरपरका विपद् (जस्तै : आगलागी, हावाहुरी, बाढीपहिरो आदिको पहिचान दिन,<br>● घरभित्र हुने जोखिमहरुबाट बच्ने उपायहरु बताउन । | ● विद्यालयभित्र हुने जोखिमहरुबाट सावधानी अपनाउन,<br>● भूकम्प, चट्याङ् र महामारीबाट सुरक्षित हुनका लागि सावधानी अपनाउन । |
| ७ | वातावरण संरक्षण, हरित विद्यालय र फोहोरमैला व्यवस्थापन | ● पानीका स्रोतहरु (मूल, ताल, इनार, नदी, पोखरी) को चित्र हेरी नाम बताउन,<br>● बोट बिरुवाको चित्र हेरी नाम बताउन,<br>● सरसफाइका सामग्री चिन्न वा नाम भन्न,<br>● तोकिएको निश्चित स्थान वा भाँडोमा फोहोर फाल्न । | ● पानीका स्रोतहरुको नाम भन्न र लेख्न,<br>● घर र विद्यालयमा वृक्षारोपणमा सहयोग र संरक्षण गर्न,<br>● व्यक्तिगत सरसफाइमा प्रयोग हुने सामग्रीको नाम भन्न र लेख्न,<br>● फोहोरको वर्गीकरण गरी तोकिएको स्थान वा भाँडोमा फाल्न । | ● स्थानीय स्तरमा पाइने जीव जनावर, बोटविरुवा र चराचुरुङ्गीको नाम लेख्न,<br>● व्यक्तिगत सरसफाइमा प्रयोग हुने सामग्रको नाम उल्लेख गर्न र सफा सुग्घर हुन,<br>● घर विद्यालयमा वृक्षारोपणको आवश्यकता र महत्व बताउन,<br>● फोहोर व्यवस्थापन गर्ने तरिका उल्लेख गर्न । |

## कक्षागत सिकाइउपलब्धि (कक्षा ४–५)

| क्र.सं. | क्षेत्र/एकाइ/थिम | कक्षा ४ | कक्षा ५ |
|---|---|---|---|
| १ | **हाम्रो पञ्चपुरी** | • आफ्नो वडाको भौगोलिक विशेषताबारे बताउन,<br>• आफ्नो वडाभित्र रहेका सम्पदाको पहिचान गर्न,<br>• कार्यपालिकामा रहेका सदस्यहरुको सङ्ख्या बताउन,<br>• वडाबाट प्रवाह हुने सेवाबारे बताउन,<br>• पनपाका वडारुको सङ्ख्या बताउन,<br>• सुर्खेत जिल्लाको नक्सामा पनपाको नक्सा सङ्केत गर्न,<br>• आफू बस्ने वडाको चार किल्ला छुट्याउन,<br>• स्थानीय स्तरमा गठन भएका मेलमिलाप केन्द्र र पालिकामा गठित न्यायिक समितिको बारे सामान्य जानकारी बताउन । | • आफ्नो नगरपालिकाभित्र रहेका सम्पदाको विशेषता र महत्व बताउन,<br>• नगरसभाको गठन प्रक्रियाबारे बताउन,<br>• नगरविकासमा स्थानीय सरकारको भूमिकाबारे बताउन,<br>• आफ्नो प्रदेशको नाम र जिल्लाको सङ्ख्या बताउन,<br>• पञ्चपुरी नगरपालिकाको नक्सा कोर्न,<br>• पञ्चपुरी नगरपालिकाकाको क्षेत्रफलको बारेमा बताउन,<br>• आफ्नो पालिका र वडाहरुको जनसङ्ख्या बताउन,<br>• आफ्ना नगरपालिकाको नामकरण बारे छोटो इतिहास बताउन,<br>• स्थानीय स्तरमा गठन भएका मेलमिलाप केन्द्र र पालिकामा गठित न्यायिक समितिका कार्य बताउन । |
| २ | हाम्रो धर्म, संस्कृति र सामाजिक मूल्य मान्यताहरु | • मान्यजनसँग गर्नुपर्ने व्यवहार,<br>• स्थानीय जीवनशैली तथा ऐतिहासिक स्थलहरु,<br>• विशेष पर्व तथा अवसरमा बजाइने परम्परागत बाजा तथा गीतहरुको पहिचान,<br>• जन्मस्थान, मातृभूमिको परिचय र महत्व । | • सामाजिक रीतीरिवाज तथा चालचलनको तुलनात्मक अध्ययन,<br>• स्थानीय भाषा तथा संस्कृतिको पहिचान,<br>• विभिन्न चाडपर्व वा मेला पर्वमा सहभागिता,<br>• अनुकरणीय कामहरु स्थानीय क्षेत्रका परम्परागत गीत, नृत्य तथा बाजाको महत्व । |
| ३ | कृषि, पशुपंक्षी, पर्यटन | • स्थानीय स्तरमा उत्पादित कृषि उपज उत्पादन गर्ने तरिका र सुरक्षाका उपाय, | • जैविक विषादीको प्रयोग गरी मौसमअनुसारका कृषि उपज उत्पादन, |

| क्र.सं. | क्षेत्र/एकाइ/थिम | कक्षा ४ | कक्षा ५ |
|---|---|---|---|
| | | • पशुपंक्षीपालन, मौरीपालनका उपयुक्त स्थान,<br>• पर्यटकीय स्थलको संरक्षण तथा स्थलमा सञ्चालन गर्ने गतिविधिहरु । | • कृषि, पशुपंक्षी र मौरीपालन गर्ने आधुनिक तरिकाहरु र फाइदा,<br>• पर्यटन व्यवसायको पञ्चपुरी नगरपालिकाभित्रको सम्भावना र पर्यटकसँगको व्यवहार । |
| ४ | स्थानीय पेसा, व्यावसाय र प्रविधि | • पुराना तथा स्थानीय प्रविधिमा आधारित सामग्रीहरूको परिचय र प्रयोग । | • निगालो/बेत/बाँसको प्रयोग गरी घरायसी सामग्री निर्माण -पानी घट्ट |
| ५ | | • स्थानिय शैक्षिक तथा सामाजिक संस्थामा नेतृत्व गर्नेको नाम बताउन,<br>• स्थानीय विशिष्ट व्यक्तिहरुको पहिचान गर्न । | • स्थानिय शैक्षिक तथा सामाजिक संस्थाहरुको परिचय दिन<br>• स्थानीय विशिष्ट व्यक्तिहरुको सूची बनाउन । |
| ६. | विपद् व्यवस्थापन | • चाडपर्वको अवसरमा हुने जोखिम (पिङ, चङ्गा, पटका, खाना व्यवहार आदि पहिचान गर्न,<br>• प्रकृतिक विपद् र मानव सृजित विपद्का प्रभाव एवम् असरहरु बताउन,<br>• सवारी दुर्घटना हुने कारण र बच्ने उपायहरु बताउन । | • चाडपर्वको समयमा हुने जोखिम (पिङ, चङ्गा, पटका, खाना व्यवहार आदिको असर बताउन,<br>• प्रकृतिक विपद् र मानव सृजित विपद्बाट आफूभन्दा साना बालबालिकाको संरक्षण गर्न,<br>• बाढी पहिरोबाट हुने असर/क्षति बताउन । |
| ७ | वातावरण संरक्षण, हरित विद्यालय र फोहोरमैला व्यवस्थापन : | • मानव र वन्यजन्तु बिच सम्बन्ध र यसबाट हुने फाइदा बताउन,<br>• घर आँगन र विद्यालय सफा राख्ने उपाय बताउन,<br>• स्थानीय स्तरमा पाइने जडीबुटी, बोटबिरुवा र पानीका स्रोतको महत्व बताउन । | • स्थानीय स्तरमा पाइने जडीबुटी, जीवजन्तु, पानीका स्रोतहरुको महत्व तथा यिनीहरुको संरक्षणका उपाय बताउन,<br>• मानिस र वन्यजन्तु बिचको द्वन्दबाट आउनसक्ने समस्या र समाधानका उपायहरु बताउन,<br>• फोहोरमैला व्यवस्थापनका तरिकाहरु बताउन साथै घरआँगन, विद्यालय, बाटोघाटो सरसफाइको कार्ययोजना तयार पार्न । |

## कक्षागत सिकाइ उपलब्धि (कक्षा ६–८)

| क्र.सं. | क्षेत्र/एकाइ/थिम | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
|---|---|---|---|---|
| १ | **हाम्रो पञ्चपुरी** | • आफ्नो नगरपालिकाको भौगोलिक संरचना, विशेषता र वातावरणबारे जानकारी दिन,<br>• आफ्नो वडाको प्रशासनिक संरचनाको बारेमा बताउन,<br>• आफ्नो वडा समितिको चित्रको पहिचान गर्न,<br>• आफ्नो पालिकाभित्रका सम्पदाको चित्र र सङ्केतबारे बताउन,<br>• दिगो विकासमा स्थानीय सरकारको योगदान बताउन,<br>• पञ्चपुरीको शिक्षा, स्वास्थ्य, नीति नियमावली, कार्यविधिबारे जानकारी लिन,<br>• पनपाको नक्सा बनाई वडाहरुको सङ्केत गर्न,<br>• पनपाको नामकरणबारे इतिहास बताउन । | • आफ्नो नगरपालिकाको भौगोलिक प्राकृतिक वातावरण प्रशासनिक अवस्थाको बारेमा जानकारी दिन,<br>• आफ्नो पालिकामा रहेका विभिन्न धार्मिक, साँस्कृतिक, पर्यटकीय स्थल, ऐतिहासिक र प्राकृतिक सम्पदाको बारेमा बताउन,<br>• नगरपालिकाको न्यायिक समितिको परिचय दिन,<br>• विभिन्न विषयगत समितिको नाम र परिचय दिन,<br>• पञ्चपुरी नगरपालिकाको नक्सा बनाई वडाहरु छुट्याउन,<br>• पञ्चपुरी नगरपालिकाको चार किल्ला बताउन,<br>• वडा कार्यसमिति र नगरपालिकाका मुख्य कार्यहरु बताउन । | • आफ्नो नगरपालिकाको भौगोलिक प्राकृतिक वातावरण, प्रशासनिक अवस्थाको बारेमा जानकारी दिन,<br>• आफ्नो पालिकामा रहेका विभिन्न धार्मिक, साँस्कृतिक, पर्यटकीय स्थल, ऐतिहासिक र प्राकृतिक सम्पदाको बारेमा बताउन,<br>• नगरपालिकाको न्यायिक समितिको परिचय दिन,<br>• विभिन्न विषयगत समितिको नाम र परिचय दिन,<br>• पञ्चपुरी नगरपालिकाको नक्सा बनाइ वडाहरु छुट्याउन,<br>• वडा कार्यसमिति र नगरपालिकाका मुख्य कार्यहरु बताउन । |

| क्र.सं. | क्षेत्र/एकाइ /थिम | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
|---|---|---|---|---|
| २. | हाम्रो धर्म, संस्कृति र सामाजिक मूल्य मान्यताहरु | • पालिकाभित्रका धार्मिक, सांस्कृतिक र ऐतिहासिक सम्पदाको परिचय दिन,<br>• धार्मिक मठ मन्दिरको परिचय भन्न<br>• चाडपर्वको महत्व भन्न,<br>• विभिन्न धर्म र जात अनुसारका संस्कारको पहिचान गर्न,<br>• स्थानीय सामाजिक, राजनैतिक व्यक्तित्वहरुको पहिचान गर्न,<br>• स्थानीय परम्परागत गीत गाउन,<br>• छुवाछुत तथा छाउपडी प्रथाको पचिय दिन । | • नगरपालिकाका धार्मिक मठमन्दिर, सम्पदाको संरक्षण गर्न,<br>• धार्मिक तथा सांस्कृतिक सम्पदाको महत्व बताउन,<br>• नगरपालीकाभित्रका स्थानीय व्यक्ति र समुदायबिच आत्मसम्मान र स्वाभिमानको व्यवहार प्रदर्शन गर्न,<br>• विभिन्न रीतिरिवाज र रहनसहनसँग परिचित हुन,<br>• बालविवाह र बहुविवाहको परिचय दिन,<br>• स्थानीय परम्परागत बाजाहरु बजाउन,<br>• जातिय भेदभाव, लैङगिक भेदभाव र छुवाछुत तथा छाउपडी प्रथाको वेफाइदाहरु भन्न । | • स्थानीय स्तरमा गरिने आफ्ना सामाजिक परम्परा संस्कार बारेमा भन्न,<br>• सामाजिक सद्भाव र सहिष्णुताको परिचय दिने,<br>• स्थानिय धार्मिक परम्पराको बारेमा भन्न,<br>• सामाजिक तथा नैतिक नियमको पालना गर्न,<br>• बालविवाह र बहुविवाहबाट हुने असर बनाउन,<br>• परम्परागत गीतसँगै बाजा बजाउने अभ्यास गर्न,<br>• भेदभाव तथा छाउपडी र छुवाछुत प्रथाका असरहरु भन्न । |
| ३. | कृषि, पशुपंक्षी, पर्यटन | • परम्परागत र आधुनिक कृषि प्रणालीबिच फरक छुट्याउन,<br>• पशु, मौरी, मत्स्य र पक्षी पालनबाट हुने आर्थिक विकासको सूची तयार गर्न,<br>• नगरभित्रका पर्यटकीय स्थलको आकर्षण बढाउन पर्यटकीय स्थलको | • कृषि व्यवसायका लागि लगानीका स्रोतहरू पहिचान तथा कृषि बजारीकरणको उपायहरूको सूची बनाउन,<br>• पशुपालन, पक्षीपालन, मौरीपालनको स्थानीयस्तरमा महत्व बताउन, | • पञ्चपुरी नगरपालिका भित्रका कृषि व्यवसायको विकास तथा बजारीकरणमा पञ्चपुरी नगरपालिकाको भूमिकाबारे बताउन,<br>• कृषि तथा पर्यटन व्यवसाय प्रवर्द्धन व्यवसाय विस्तार र कृषिको |

| क्र.सं. | क्षेत्र/एकाइ/थिम | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
|---|---|---|---|---|
| | | संरक्षण र प्रवर्द्धन गर्न सक्रिय सहभागिता जनाउन। | • पञ्चपुरी नगरपालिकाभित्रका पर्यटकीय स्थलको प्रचार प्रसार र प्रवर्द्धन गर्ने कार्यमा सहभागी हुन। | आधुनिकीकरणका लागि पञ्चपुरी नगरपालिकाको योजना बताउन,<br>• पञ्चपुरी नगरपालिकामा कृषि तथा पर्यटन विकासमा देखापरेका चुनौतीको पहिचान गर्न। |
| ४. | स्थानीय पेसा, व्यावसाय र प्रविधि | • स्थानीय परम्परागत सिप र प्रविधिमा आधारित उद्योग व्यवसाय सम्बन्धी जानकारी दिन,<br>• स्थानीय परम्परागत प्रविधिहरूबाट उत्पादित वस्तुहरूको परिचय दिन, बालुवाबाट सुन छान्ने पेसाका बारेमा परिचय दिन । | • पञ्चपुरी नगरपालिका क्षेत्रभित्र सञ्चालित व्यावसायको परिचय बताउँन,<br>• पञ्चपुरी नगरपालिकाभित्र सञ्चालित व्यावसायबाट आर्थिक क्षेत्रमा परेको प्रभाव बताउँन । | • पञ्चपुरी नगरपालिका क्षेत्रभित्र सम्भावित पेसा व्यावसायको परिचय बताउँन,<br>• आर्थिक र रोजगारीका क्षेत्रमा पार्नसक्ने प्रभाव र महत्व बताउँन,<br>• व्यावसाय छनोट सिप विकास गर्न । |
| ५ | हाम्रो सामाजिक सङ्घसंस्था र व्यक्तित्वहरु | • सामाजिक संस्थाले गर्ने सामाजिक विकासका कार्यहरु वर्णन गर्न,<br>• आफ्नो वडा/नगरको स्वास्थ्य संस्था/शैक्षिक संस्थाको अध्ययन भ्रमण गरी यसले प्रदान गर्ने सेवाको सूची तयार गर्न,<br>• नगरभित्रका शैक्षिक तथा सामाजिक व्यक्तित्वहरुको चिनारी र उनीहरुको जीवनी भन्न,<br>• बाल अधिाकारका क्षेत्रहरु बताउन । | • सेवा प्रदायक सरकारी तथा गैर सरकारी सङ्घ संस्थाहरुको सूची तयार गर्न,<br>• आफ्नो वडाकार्यालयबाट प्रवाह हुने सेवा सुविधाको सूची तयार गन,<br>• नगरभित्रका, राजनितिक, साहित्य, कला तथा सांस्कृतिक क्षेत्रमा योगदान पुऱ्याएका व्यक्तिको परिचय र योगदानका बारेमा वताउन, | • पञ्चपुरी नगरपालिकाभित्रका सेवा प्रदायक कार्यालयहरुको मुख्य कार्य बताउन,<br>• आफ्नो पालिकाबाट प्रवाह हुने प्रमुख सेवाहरुको सूची तयार गर्न,<br>• स्थानीय स्तरमा रहेका सङ्घसंस्थाले बालअधिकारप्रति खेलेको भूमिका बताउन । |

| क्र.सं. | क्षेत्र/एकाइ /थिम | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
|---|---|---|---|---|
| | | | • बालअधिकारको महत्व/ आवश्यकता बताउन । | |
| ६. | विपद् व्यवस्थापन | • विपद्पूर्व अपनाइने सजकताबारे जानकारी दिन,<br>• विभिन्न महामारीहरुबारे जानकारी दिन,<br>• अपाङ्गता भएका व्यक्तिहरुलाई विपद्बाट हुने जोखिम पहिचान गर्न,<br>• अपाङ्गता भएका व्यक्तिहरुलाई विपद् जोखिमबाट सुरक्षित राख्न विद्यार्थीको भूमिका बताउन,<br>• विपद्बाट हुने दुर्घटना रोकथामका लागि पूर्व तयारी गर्न,<br>• नदी, खोलाबाट हुने कटान तथा डुबान व्यवस्थापनका कार्यहरु बताउन,<br>• विपद् दुर्घटना न्यूनीकरणका लागि विद्यार्थीहरुको भूमिका बताउन,<br>• उल्लिखित दुर्घटना न्यूनीकरणका लागि विद्यालय र समुदायको भूमिका प्रदर्शन गर्न,<br>• कृत्रिम घटना अभ्यास प्रस्तुत गर्न । | • भूकम्प प्रतिरोधात्मक घरका लागि तयारी गर्न,<br>• सुरक्षित घरका लागि विद्यार्थीको भूमिका बताउन,<br>• यात्राका क्रममा सवारी साधन, भ्रमणबाट हुने जोखिम पहिचान गर्न,<br>• सडक दुर्घटनाबाट सावधानी अपनाउन,<br>• विभिन्न महामारीहरुको रोकथामका लागि पूर्व तयारी गर्न,<br>• महामारी नियन्त्रणका लागि समुदाय र विद्यालयको भूमिका बताउन,<br>• पञ्चपुरी नगरपालिका स्तरमा विपद् व्यवस्थापनका लागि संलग्न संयन्त्र, सङ्घसंस्थाहरुका लागि कार्यक्रम बनाउन,<br>• कृत्रिम घटना अभ्यास प्रस्तुत गर्न । | • आफ्नो विद्यालयलाई विपद्बाट सुरक्षित बनाउन,<br>• भूकम्प र सुरक्षित विद्यालयको लागि पूर्व तयारी र विद्यार्थीको भूमिका बताइ सोको कार्यान्वयन गर्न,<br>• भूकम्पबाट हुने जोखिम न्यूनीकरणका लागि विद्यालय र समुदायको भूमिका प्रदर्शन गर्न,<br>• विश्वका प्रमुख महामारीबारे बताउन,<br>• महामारीबाट विश्व समुदायमा भएका सिकाइको बारेमा जानकारी दिन,<br>• विपद्का सामूहिक प्रतिकार्यका उपायहरु बताउन,<br>• विपद्का सामूहिक प्रतिकार्यका उपायहरु बताउन (शिक्षक, विद्यार्थी र अभिभावकको भूमिका)<br>• विपद् व्यवस्थापन योजना निर्माण गर्न,<br>• सहरी सडक सुरक्षा योजना निर्माण गर्न, |

| क्र.सं. | क्षेत्र/एकाइ/थिम | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
|---|---|---|---|---|
| ७. | वातावरण संरक्षण, हरित विद्यालय र फोहोरमैला व्यवस्थापन | • स्थानीय स्तरमा पाइने जडीबुटिजन्य बोटविरुवाको परिचय उपयोगको अवस्था र संरक्षणका उपाय बताउन,<br>• हरित विद्यालयको अवधारण बताउन,<br>• फोहोर व्यवस्थापनको अल्पकालीन र दीर्घकालीन उपायहरु उल्लेख गर्न, | • वातावरण संरक्षणमा सामुदायिक वनहरुको भूमिका बताउन,<br>• औषधीय गुण भएका विभिन्न रोगहरुमा उपयोगबारे उल्लेख गर्ने,<br>• हरित विद्यालयको महत्व बताउन,<br>• फोहोर मैला व्यवस्थापनमा स्थानीय समुदायको भूमिका बताउन। | • वातावरण संरक्षण र मानिस, जीवजनावर आदिको अन्तरसम्बन्ध उल्लेख गर्न,<br>• स्थानीय जडीवुटीहरुको प्रयोगकको साथै यिनीहरुको संरक्षणका उपायहरु उल्लेख गर्न,<br>• आफ्नो विद्यालयलाई हरित विद्यालय बनाउन गर्नुपर्ने कार्यको सूची बनाउने,<br>• विद्यालय/घरआँगन वा बाटोघाटो, सरसफाइको कार्ययोजना तयार गर्न। |

# ४. थीमगत सिकाइ विस्तृतीकरण तालिका

### १. हाम्रो पञ्चपुरी

| कक्षा | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | शैक्षिक सामग्री | सिकाइ सहजीकरण प्रकृया | मूल्याङ्कन प्रकिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|---|
| १ | • आफू बसोवास गर्ने टोल र गाउँको नाम<br>• आफु बसेको वडा तथा चार्डपर्व | • आफू बसोवास गर्ने टोल र गाउँकोनाम बताउन,<br>• आफू बसोवास गर्ने तथा साथीसमेतको गाँउ तथा टोल समुदायको नामको कार्ड पढ्न,<br>• चित्र नक्सामा आफ्नो ठाउँ, समुदायको नाम देखाउन र पढ्न । | • शब्दपत्ती र चित्र<br>• नक्सा | • आफ्नो वडाको नक्सा देखाइ आफू बसेको गाउँ टोल तथा आफ्नो टोलसँग जोडिएका ठाउँहरुको बारेमा बताइदिने,<br>• पञ्चपुरी नगरपालिकाको नक्सा देखाएर यो हाम्रो नगरपालिकाको हो भनी बताइदिने,<br>• वडा कार्यालय रहेको ठाउँको नाम सोधी बताइदिने,<br>• पनपमा रहेका वडाको सङ्ख्या कति हो भनि सोधी छलफल गराइ, बताइदिने । | • आफ्नो टोलसँग जोडिएका ठाउँहरुको नाम भन्न लगाएर,<br>• नगरपालिकाको चित्र हेरी आफ्नो नगरपालिकाको नाम भन्न लगाएर । | २४ |
| २ | • आफ्नो नगरपालिकाको नाम,<br>• आफ्नो घर वरपर रहेका पाटी, पौवा, मठ मन्दिरको पहिचान । | • आफ्नो टोलसँग जोडिएका गाउँहरुको नाम र स्थान बताउन,<br>• आफ्नो वरपर रहेका पाटी, पौवा, मठ मन्दिर, ताल तलैया, नदीनाला, झरनाहरुको बारेमा बताउन, | • नपाको नक्सा,<br>• मठमन्दिरको रङ्गिन चित्र । | • आफ्नो वडाको नक्सा देखाइ आफू बसेको गाउँ, टोल तथा आफ्नो टोलसँग जोडिएका ठाउँहरुको बारेमा बताइदिने,<br>• पञ्चपुरी नगरपालिकाको नक्सा देखाइ वडा कार्यालय रहेको ठाउँको नाम सोधी बताइदिने, | • आफ्नो टोलसँग जोडिएका ठाउँहरुको नाम भन्न लगाएर,<br>• नगरपालिकाको चित्र हेरी आफ्नो नगरपालिकाको | २४ |

| कक्षा | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | शैक्षिक सामग्री | सिकाइ सहजीकरण प्रकृया | मूल्याङ्कन प्रकिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|---|
| | | • आफ्नो वडा कार्यालय रहेको स्थानको नाम बताउन,<br>• पञ्चपुरी नपामा रहेका वडाहरुको सङ्ख्या बताउन,<br>• आफ्नो घर परिवारमा रहेका सदस्यहरुको, सङ्ख्या बताउन<br>• पञ्चपुरी नपाको नाम बताउन । | | • पनपमा रहेका वडाको सङ्ख्या कति हो भनि सोधि छलफल गराइ बताइदिने,<br>• आफ्नो घर वरपर रहेका मठ मन्दिरको अवलोकन गराई जानकारी दिने,<br>• आफ्नो समुदायमा रहेका धार्मिक सम्पदा तथा प्राकृतिक सम्पदाको अवलोकन गराई जानकारी दिने,<br>• मठ मन्दिरको रङ्गिन चित्र प्रर्दशन गराई शिक्षण गर्ने । | नाम भन्न लगाएर,<br>• आफ्नो टोलमा रहेका मठ, मन्दिरको नाम पहिचान गर्न लगाएर,<br>• आफ्नो समुदायमा रहेका सम्पदाको बारेमा भन्न लगाएर । | |
| ३ | • आफ्नो वडाको भौगोलिक बनावट,<br>• जाडो र गर्मी मौसमले पार्ने प्रभाव । | • आफ्नो छिमेक तथा टोलको बारेमा परिचय दिन,<br>• आफ्नो वडामा रहेका प्राकृतिक तथा मानवनिर्मित सम्पदाहरुको पहिचान गर्न,<br>• आफ्नो गाउँमा मनाइने चार्डपर्वको बारेमा परिचय दिन,<br>• वडा समिति गठन प्रकियाबारे बताउन, | वडाको नक्सा र वाक्यपत्ति, चित्रपत्ति । | • वडाको नक्सा प्रर्दशन गरी आफ्नो वडाको भूबनोटको बारेमा जानकारी दिने,<br>• विद्यार्थीलाई आफ्नो वडाको जमिन समथर, भिरालो, नदी वनजङ्गल खेतबारी कस्तो छ भन्न लगाउने,<br>• वडाको भौगोलिक स्वरुप देखिने गरी नक्सा बनाउन लगाउने,<br>• पनपाको नक्सामा आफ्नो वडको सङ्केत गर्न लगाउने,<br>• आफ्नो टोल छिमेकको परिचय दिई छलफल गरउने, | • आफ्नो वडाको भौगोलिक बनावट कस्तो छ भनी लेख्न लगाएर,<br>प्रश्नउत्तोर गर्न लगाएर,<br>• आफ्नो टोलको परिचय दिन लगाएर,<br>• जाडो र गर्मी मौसममा लाग्ने | २४ |

| कक्षा | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | शैक्षिक सामग्री | सिकाइ सहजीकरण प्रकृया | मूल्याङ्कन प्रकिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|---|
| | | • आफू पढ्ने विद्यालय, स्वास्थ्य केन्द्रवाट प्रदान गरिने सेवाको बारेमा सामान्य परिचय दिन । | | • जाडो मौसममा के कस्ता रोगहरु लाग्छन भनी भन्न लगाउने र ती रोगहरुबाट बच्ने उपाय बताइदिने,<br>• गर्मी मौसममा के कस्ता रोगहरु लाग्छन भनी भन्न लगाउने र ती रोगहरुबाट बच्ने उपाय बताइदिने । | रोगहरुको नाम भन्न लगाएर । | |
| ३ | • आफ्नो वडाभित्र रहेका मानवनिर्मित, प्राकृतिक तथा धार्मिक सम्पदाहरुको पहिचान । | • जाडो र गर्मी मौसमले हाम्रो जीवनमा पार्ने प्रभावको बारेमा बताउन,<br>• पञ्चपुरी नगरपालिकाको नक्सामा आफ्नो वडा सङ्केत गर्न । | • सूची, तालिका | • विद्यालय र गाँउ, घर नजिक विद्यार्थीलाई अवलोकन भ्रमण गराई प्राकृतिक र मानवनिर्मित सम्पदाको पहिचान गर्न लगाउने,<br>• बोर्डमा सम्पदाको सूची बनाई कस्तो सम्पदा हो चिन्न लगाउने र वडाको नक्सामा ती सम्पदाहरु सङ्केत गर्न लगाउने,<br>• आफ्नो छिमेकमा मनाइने चाडपर्वको बारेमा परिचय दिन लगाउने । | • सम्पदाहरुको नाम रहेको स्थान र सङ्ख्या भन्न लगाएर,<br>• आफ्नो छिमेकमा मनाइने चार्डपर्वको नाम भन्न लगाएर । | |
| | • पञ्जीकरण । | • वडा कार्यालयबाट हुने पञ्जीकरण सम्बन्धी (जन्म, मृत्यू, विवाह, | • अवलोकन सूची, तालिका | • वडा कार्यालयवाट पञ्जीकरण सम्बन्धी (जन्म, मृत्यू, विवाह, बसाइसराइ दर्ता गर्छ भनी बताइदिने । | • पञ्जीकरण सम्बन्धी (जन्म, मृत्यू, विवाह, बसाइसराइ सम्बन्धि कार्य कुन | |

| कक्षा | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | शैक्षिक सामग्री | सिकाइ सहजीकरण प्रकृया | मूल्याङ्कन प्रकिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|---|
| | | बसाइसराइ) दर्ता गर्छ भनी बताउन । | | | ठाउँवाट हुन्छ भनी भन्न लगाएर । | |
| ४ | • आफ्नो वडाको भौगोलिक बनावट र विशेषता | • आफ्नो वडाको भौगोलिक विशेषताबारे बताउन,<br>• सुर्खेत जिल्लाको नक्सामा पनपाको नक्सा सङ्केत गर्न,<br>• आफू बस्ने वडाको चार किल्ला छुट्याउन । | • नपाको नक्सा, शव्दपत्ति र वाक्यपत्ति | • विद्यार्थीलाई आफ्नो वडाको जमिन, नदी, वन जङ्गल, खेतबारी अग्लो होचो, पहाड, चट्टान कस्तो छ भन्न लगाउने,<br>• वडाको नक्सा देखाई विद्यार्थीलाई विभिन्न स्वरुपहरु देखाउने,<br>• त्यहाँको जमिन ओसिलो, सुख्खा, पानी परिरहने कस्तो छ आदिको बारेमा छलफल गराई भौगोलिक विशेषताको बारेमा स्पष्ट पर्ने,<br>• पनपाको नक्सामा वडाहरुको सङ्ख्या बताइदिने,<br>• सुर्खेत जिल्लाको नक्सामा पञ्चपुरी नगरपालिका देखाइ सङ्केत गर्ने,<br>• आफू बस्ने वडाको चार किल्ला बताइदिने । | • आफ्नो वरपरको भौगोलिक बनोट तथा विशेषताहरु लेख्न लगाएर, प्रश्नोत्तर गराएर,<br>• पनपामा रहेका जम्मा वडाहरुको सङ्ख्या भन्न लगाएर,<br>• आफ्नो वडाको चार किल्ला भन्न लगाएर । | ५ |
| | • आफ्नो वडाभित्र रहेका सम्पदाको पहिचान र तुलना । | • आफ्नो वडाभित्र रहेका सम्पदाको पहिचान गर्न । | • वडाको नक्सा | • आफ्नो गाँउघर र वडाको नजिकको प्राकृतिक र मानव निर्मित सम्पदाको भ्रमण गराई तिनीहरु बिचको भिन्नता र ती | • सम्पदाहरुको नाम रहेको स्थान र सङ्ख्या भन्न लगाएर । | ५ |

| कक्षा | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | शैक्षिक सामग्री | सिकाइ सहजीकरण प्रकृया | मूल्याङ्कन प्रकिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|---|
| | | | | सम्पदाहरु रहेको स्थान बारे जानकारी गराउने,<br>● बोर्डमा सम्पदाहरुको सूची बनाई कस्ता सम्पदा हुन् चिन्न लगाउने, वडाको नक्सामा सङ्केत गर्न लगाउने आफ्नो र नजिकका वडामा कुन कुन सम्पदाहरुको सङ्ख्या घटी बढी छ तुलना गरी छलफल गराउने । | | |
| | ● कार्यपालिका, न्यायपालिका र व्यवस्थापिका । | ● कार्यपालिकामा रहेका सदस्यहरुको सङ्ख्या बताउन,<br>● वडाबाट प्रवाह हुने सेवाबारे बताउन,<br>● पनपाका वडारुको सङ्ख्या बताउन । | ● बाक्यपत्ति र शब्दपत्ति । | ● स्थानीय सरकारको प्रमुख तीन अङ्गहरु सहितको तालिका देखाउदै कार्यपालिका, न्यायपालिका र व्यवस्थापिकाको सामान्य परिचय दिने,<br>● कार्यपालिका, न्यायपालिका र व्यवस्थापिको सामान्य कार्यहरुबारे छलफल गराइ जानकारी दिने,<br>● कार्यलालिकामा रहेका सदस्यहरुको सङ्ख्या बताइदिने । | ● स्थानीय सरकारका अङ्गहरु के के हुन भनि भन्न लगाएर,<br>● कार्यपालिका, न्यायपालिका र व्यवस्थापिकाको परिचय दिन लगाएर । | ५ |
| | ● वडावाट प्रवाह हुने सेवाहरु । | ● स्थानीय स्तरमा गठन भएका मेलमिलाप केन्द्र र पालिकामा गठित न्यायिक समितिको बारे सामान्य जानकारी बताउन । | ● शब्दपत्ति । | ● वडाबाट प्रवाहा हुने सम्पूर्ण सेवा तथा सिफारिसहरुबारे छलफल गराई यस्ता सेवाहरु वडाबाट प्रवाहा हुने सेवाहरु हुन् भनी छलफल गराउने । | ● बडावाट कुन कुन सेवाहरु प्रवाहा हुन्छन भनी भन्न लगाएर । | ४ |

| कक्षा | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | शैक्षिक सामग्री | सिकाइ सहजीकरण प्रकृया | मूल्याङ्कन प्रकिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|---|
| ५ | • नगरपालिकाको भौगोलिक संरचना र विशेषता तथा इतिहास । | • आफ्नो प्रदेशको नाम र जिल्लाको सङ्ख्या बताउन,<br>• पनपाको नक्सा कोर्न,<br>• पनपाको क्षेत्रफलको बारेमा बताउन,<br>• आफ्नो पालिका र वडाहरुको जनसङ्ख्या बताउन,<br>• आफ्ना नगरपालिकाको नामकरण बारे छोटो इतिहास बताउन । | • कर्णाली प्रदेशको नक्सा र सङ्केत पत्ति । | • विद्यार्थीलाई नगरपालिकाको नक्सा देखाई भौगोलिक विशेषता, स्वरुप र संरचनाबारे छलफल गराउने,<br>• पालिकाभित्रको जमिन सुख्खा, ओसिलो, रुखो, चट्टानी, भिरालो कस्तो छ कुनै खानी वा जडीबुटी रहेको छ कि आदिको बारेमा छलफल गराई भौगोलिक विशेषताबारे छलफल गर्ने,<br>• त्यहाँको भौगोलिक संरचना तथा विशेषताहरुबारे विभिन्न प्रकारका शैक्षणिक विधिहरुको प्रयोग गरी प्रस्ट पार्ने,<br>• आफ्नो नगरपालिकाको नामकरण बारे छोटो इतिहास बताइदिने,<br>• पनपाको क्षेत्रफल बताइदिने र पालिकामा रहेका वडाहरुको जनसख्या बताइदिने,<br>• आफ्नो प्रदेशको नाम र प्रदेशमा रहने जिल्लाको सङ्ख्या बताइदिने । | • आफ्नो वरपरको भौगोलिक विशेषताहरुबारे लेख्न लगाएर, प्रश्नोत्तर गराएर,<br>• आफ्नो नगरपालिकाको नामकरण कसरी रहन गयो भन्न लगाएर,<br>• पनपाको क्षेत्रफल बताइदिने र पालिकामा रहेका वडाहरुको जनसङ्ख्या भन्न लगाएर,<br>• आफ्नो प्रदेशको नाम र प्रदेशमा रहने जिल्लाको सङ्ख्या भन्न लगाएर । | ५ |
| | • नगरपालिका भित्र रहेका सम्पदाको | • आफ्नो नगरपालिकाभित्र रहेका सम्पदाको | • नक्सा, शाब्दपत्ति । | • विद्यार्थीहरुलाई आफ्नो नगरभित्रका प्राकृतिक तथा मानवनिर्मित सम्पदाहरुको अवलोकन गराई | • विद्यार्थीहरुलाई पालिकाभित्र रहेका सम्पदाहरुको | ५ |

| कक्षा | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | शैक्षिक सामग्री | सिकाइ सहजीकरण प्रकृया | मूल्याङ्कन प्रकिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|---|
| | विशेषता र महत्व । | विशेषता र महत्व बताउन । | | महत्व र विशेषताबारे छलफल गराई प्रकाश पारिदिने,<br>● प्राकृतिक सम्पदाका विशेषता र महत्वका विषयमा छलफल गराई सूची बनाई प्रस्ट पारिदिने । | विशेषताहरु भन्न लगाएर जस्तैः पञ्चपुरी मन्दिर, शिवधाम, भेरीकर्णाली दोभान, जाजुरा दह, शिव पाञ्चायान मन्दिर आदि । | |
| | ● नगरसभाको गठन प्रकिया । | ● नगरसभाको गठन प्रक्रियाबारे बताउन । | ● चार्ट । | ● नगरसभाको संवैधानिक गठन प्रक्रियालाई चार्टमा उतारी कक्षामा प्रर्दशन गरी सहजीकरण गर्ने,<br>● विद्यार्थीहरुलाई सहभागी गराई अभिनय विधिवाट नगरसभाको निर्वाचन गराई त्यसै गरी जनताबाट निर्वाचित गएका व्यक्तिहरु नै नगर सभाको प्रतिनिधि हुन् भनी बताइदिने । | ● नगरसभाको गठन प्रकिया भन्न लगाएर । | ५ |
| | ● नगर विकासमा स्थानीय सरकारको भूमिका । | ● नगरविकासमा स्थानीय सरकारको भूमिकाबारे बताउन । | ● चार्ट । | ● नगरभित्रको विकासमा नगरप्रमुख, उपप्रमुखलगायत अन्य सदस्यहरुले नै विकासका लागि नीति तथा कार्यक्रम तय गरी विकास निर्माणमा सामाजिक सेवाहरु उपलब्ध गराउछन् भनी जानकारी गराउने,<br>● विपद् व्यवस्थापन तथा विकास निर्माणका कार्यमा जनप्रतिनिधिहरुको | ● नगरपालिकाले कुन कुन विकासका कार्यहरु गर्दछ भनी सूची तयार गर्न लगाएर,<br>● नगरविकासमा स्थानीय सरकारको | ४ |

| कक्षा | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | शैक्षिक सामग्री | सिकाइ सहजीकरण प्रकृया | मूल्याङ्कन प्रकिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|---|
| | | | | मुख्य कर्तव्य रहने कुराहरुमा प्रस्ट पारिदिने,<br>● नगरविकासमा स्थानीय सरकारको भूमिका बताइदिने । | भूमिका भन्न लगाएर । | |
| ६ | ● नगरपालिकाको भौगोलिक संरचना, विशेषता र वातावरण, | ● आफ्नो नगरपालिकाको भौगोलिक संरचना, विशेषता र वातावरणबारे जानकारी दिन<br>● आफ्नो पालिकाभित्रका सम्पदाको चित्र र सङ्केतबारे बताउन<br>● पनपाको नामकरणबारे इतिहास बताउन | ● प्रोजेकटर, भिडियो, कम्प्युटर | ● आफू बसेको बस्ती र ठाँउ तथा वडामा रहेको भूगोलको जानकारी दिई तिनका विशेषताका बारेमा बताइदिने,<br>● विद्यार्थी विद्यार्थी बिच आफू रहेको ठाँउ वरपरको वातावरण के कसरी निर्माण भएको छ भन्न लगाउने,<br>● आफ्नो पालिकाभित्र रहेका वडाहरुको बनोट संरचना, वातावरण, विशेषता, धार्मिक तथा साँस्कृतिक र प्राकृतिक सम्पदाहरुको Video Documentntry प्रर्दशन गराउने,<br>● छलफल अवलोकन, भ्रमण, प्रश्नोत्तर, समूहकार्य, परियोजनाकार्य, क्षेत्रभ्रमण, मस्तिष्क मन्थन जस्ता कार्य गराउने, | ● पञ्चपुरीका विभिन्न वडाहरुको बारेमा सामान्य परिचय दिन लगाउने,<br>● आफू रहेका ठाउँ वरपरको भौगोलिक संरचनाबारे सोध्न लगाउने ।<br>● Video Documentry प्रर्दशनपश्चात् आफूले सिकेका कुराहरु बताउन लगाउने,<br>● पनपाको नामकरणको इतिहास भन्न लगाएर । | ५ |

| कक्षा | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | शैक्षिक सामग्री | सिकाइ सहजीकरण प्रकृया | मूल्याङ्कन प्रकिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|---|
| | | | | ● पनपाको नामकरणको इतिहास बताइदिने । | | |
| | ● आफ्नो वडाको प्रशासनिक संरचना, | ● आफ्नो वडाको प्रशासनिक संरचनाको बारेमा बताउन,<br>● आफ्नो वडा समितिको चित्रको पहिचान गर्न,<br>● पनपाको नक्सा बनाई वडाहरुको सङ्केत गर्न । | ● पालिकाको नक्सा । | ● विद्यार्थीलाई सकेसम्म आआफ्नो वडा कार्यलयसम्म भ्रमण गराई संरचनाभित्र रहेका कार्यको जानकारी दिने,<br>● आआफ्नो पदअनुसारको कार्य विभाजनको बारेमा जानकारी गराउने,<br>● नमुना विधिवाट शिक्षण गर्ने,<br>● आफ्नो वडाको प्रशासनिक संरचनाबारे बताइदिने,<br>● आफ्नो वडा समितिको चित्र पहिचान गर्न लगाउने,<br>● पनपाको नक्सा बनाइ वडाहरु सङ्केत गर्न लगाउने । | ● प्रशासनिक संरचनाको सूची बनाउन लगाउने, भूमिका निर्वाह गर्न लगाउने,<br>● आफ्नो वडाको प्रशासनिक संरचनाबारे भन्न लगाएर,<br>● आफ्नो वडा समितिको चित्र पहिचान गर्न लगाएर,<br>● पनपाको नक्सा बनाई वडाहरु सङ्केत गर्न लगाएर । | ५ |
| | ● पञ्चपुरी नगरपालिकाको ऐन नियम, | ● पञ्चपुरीको शिक्षा, स्वास्थ्य, नीति नियमावली, कार्यविधिबारे जानकारी लिन । | ● विभिन्न नीति तथा ऐनको नमुना । | ● विद्यार्थी आफ्नो वडा तथा पालिकामा भएका स्वास्थ्य तथा ,<br>● शिक्षासम्बन्धी नीतिगत कार्यहरुको बारेमा बताइदिने,<br>● विद्यार्थीलाई समूहमा विभाजन गरी पञ्चपुरीका शिक्षा नीति, स्वास्थ्य | ● क्षेत्र भ्रमण गराई समूहलाई नीति तथा कार्यक्रम प्रश्नावली गराइ प्रस्तुत गर्न लगाउने, | ५ |

| कक्षा | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | शैक्षिक सामग्री | सिकाइ सहजीकरण प्रकृया | मूल्याङ्कन प्रकिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|---|
| | | | | नीति र भावी नीति तथा कार्यक्रम तयार गरी कक्षामा प्रस्तुत गर्नुहोस भनि परियोजनाकार्य गर्न लगाउने,<br>● समूह समूहमा विभाजन गरी अध्ययनका लागि पालिकामा पठाउने र पालिकाको शिक्षा, स्वास्थ्य नीती र भावी कार्यक्रमका बारेमा जानकारी लिई कक्षामा प्रस्तुत गर्न लगाउने । | ● पञ्चपुरी नगरपालिकाको स्वास्थ्य तथा शिक्षा नीति भन्न लगाउने,<br>● दिगो विकासमा स्थानीय सरकारको योदानको बारेमा भन्न लगाएर । | |
| | ● विकासमा स्थानीय सरकारको योगदान । | ● दिगो विकासमा स्थानीय सरकारको योगदान बताउन । | ● मार्कर, कार्डसिट । | ● पञ्चपुरी नगरपालिकाको विकासमा स्थानीय सरकारको योगदान के हुनसक्छ भनी छलफल र प्रश्नोत्तर गराउने,<br>● आफ्नो वडा तथा पालिकामा रहेका स्थानीय सरकारले गर्ने कार्यहरुको सूची टाँस गरी प्रर्दशन गरी छलफल गराउने,<br>● दिगो विकासमा स्थानीय सरकारको योदानको बारेमा बताइदिने,<br>● स्थानीय सरकारमा यदि तिमी प्रवेश गरेको खण्डमा तिमीले गर्ने कार्यको सूची बनाई कक्षा कोठामा | ● नगरपालिकाको विकासमा सरकारको योगदान के के रहन सक्छ भन्न लगाएर,<br>● स्थानीय सरकारले गर्ने कार्यहरु भन्न लगाएर । | ४ |

| कक्षा | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | शैक्षिक सामग्री | सिकाइ सहजीकरण प्रकृया | मूल्याङ्कन प्रकिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|---|
| | | | | प्रर्दशन गरी छलफल गर भनेर बताइदिने । | | |
| ७ | • आफ्नो पालिकाको भौगोलिक, प्राकृतिक वातावरण तथा प्रशासनिक अवस्था । | • आफ्नो नगरपालिकाको भौगोलिक प्राकृतिक वातावरण प्रशासनिक अवस्थाको बारेमा जानकारी दिन,<br>• पनपाको नक्सा बनाई वडाहरु छुट्याउन । | • नक्सा, भिन्नता तालिका । | • विद्यार्थीहरुलाई समूहमा विभाजन गरी पञ्चपरुी नपाको नक्सा हेरी भौगोलिक, प्राकृतिक वातावरण तथा प्रशासनिक महत्वपूर्ण ठाउँहरु भर्न लगाउने,<br>• पनपाको पूर्वमा बराहाताल, पश्चिममा चौकुने गापा, उत्तरमा तुर्माखाँद गापा अछाम, दक्षिणमा बर्दिया राष्ट्रिय निकुञ्ज र मोहन्याल गापा कैलाली भएको सूचना टाँस गरी विद्यार्थीहरुलाई टिपोट गर्न लगाउने,<br>• विद्यार्थीलाई समूह विभाजन गरी छलफल प्रश्नोत्तर गर्दै अन्य पालिका र पञ्चपुरी नपाबिच पाइने समानता र भिन्नता छुट्याउन लगाई प्रस्तुत गर्न लगाउने,<br>• छलफल, अवलोकन, भ्रमण, प्रश्नोत्तर, समूहकार्य, परियोजनाकार्य, क्षेत्रभ्रमण, | • पञ्चपुरी नपाको महत्वपूर्ण ठाउँ सङ्केत गर्न लगाएर,<br>• पनपाको चार सीमा भन्न लगाएर,<br>• अन्य पालिका र पञ्चपुरी नपाबिच पाइने समानता र भिन्नता भन्न लगाएर । | ५ |

| कक्षा | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | शैक्षिक सामग्री | सिकाइ सहजीकरण प्रकृया | मूल्याङ्कन प्रकिया | पाठ्य घण्टा |
| --- | --- | --- | --- | --- | --- | --- |
| | | | | मस्तिष्क मन्थन जस्ता कार्य गराउने । | | |
| | ● आफ्नो नगरपालिका भित्र रहेका सम्पदा सङ्केत तथा पहिचान । | ● आफ्नो पालिकामा रहेका विभिन्न धार्मिक, सांस्कृतिक, पर्यटकीय स्थल, ऐतिहासिक र प्राकृतिक सम्पदाको बारेमा बताउन । | ● प्राकृति र मानव निर्मित सम्पदाहरुको सूची । | ● विद्यार्थीलाई विभाजन गरी आफ्नो पालिकाभित्र रहेका मानवनिर्मित तथा प्राकृतिक सम्पदाको जस्तैः पञ्चपुरी मन्दिर, भक्तडिमाई मन्दिर, शिवधाम, चमेरेगुफा, गडिगाउँखोला झरना, धनवोटखोला झरना, भेरी कर्णाली दोभान, हात्तीसुँडे, कुण्डलीनी गुफा, मालिका मन्दिर पैसरा, शिवगुफा आदि सम्पदाको जानकारी गराउँदै प्रस्तुत गरी बताइदिन,<br>● आआफ्नो नगरपालिकाभित्र रहेका ऐतिहासिक, धार्मिक, साँस्कृतिक र पर्यटकीय स्थललगायत विभिन्न सम्पदाहरुको संरक्षण गर्ने तरिका बताइदिने । | ● पञ्चपुरी नगरपालिकाभित्र रहेका धार्मिक, प्राकृतिक सम्पदाको सूची बनाउन लगाएर । | ५ |
| | ● नगरपालिकाको न्यायिक समितिको परिचय । | ● नगरपालिकाको न्यायिक समितिको परिचय दिन । | ● न्यायिक समितिको चार्ट । | ● नगरपालिकाको न्यायिक समितिमा संयोजक उपप्रमुख र नगरसभावाट छानिएका अन्य दुई सदस्यसहित रहने गरी तीन सदस्यीय न्यायिक समिति हुन्छ भनी जानकारी दिई सो कुरा टिप्न लगाउने । | ● नगरपालिकाको न्यायिक समितिको परिचय दिन लगाएर, | ५ |

| कक्षा | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | शैक्षिक सामग्री | सिकाइ सहजीकरण प्रकृया | मूल्याङ्कन प्रकिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|---|
| | | | | • न्यायिकसमितिको आवश्यकता अनुसार कानुनी सल्लाहाकार र न्यायिक शाखाका कर्मचारी सहयोगीका रुपमा रहन्छन भनी प्रस्ट पारिदिने । | • न्यायिक समिति गठन प्रक्रिया भन्न लगाएर । | |
| | • विषयगत समितिहरुको नाम र परिचय । | • विभिन्न विषयगत समितिको नाम र परिचय दिन, <br>• वडा कार्यसमिति र नगरपालिकाका मुख्य कार्यहरु बताउन । | विषगत समितिको सूची । | • विषयगत समितिअर्न्तगत आर्थिक विकास समिति, पूर्वाधार विकास समिति, सामाजिक विकास समिति, सुशासन विकास समिति कार्यापालिकाबाट गठन हुन्छन् भनी स्पष्ट पारिदिने, <br>• पालिकामा गठन भएका विभिन्न समितिसँगै नगर सभाबाट गठित समिति बारे छलफल गरी टिप्न लगाउने, <br>• वडा र नगर शिक्षाको सामान्य परिचय दिई गठन प्रक्रियाबारे छलफल गराई प्रस्ट पारिदिने र वडा तथा नगर स्वास्थ्य समितिको परिचय दिई तिनको गठन प्रक्रियाबारे जानकारी गराउने साथै तिनीहरुको काम कर्तव्यबारे बताइदिने, | • विभिन्न विषयगत समितिको नामावली तयार गर्न लगाएर, <br>• विभिन्न शाखा, समिति, उपसमितिले गर्ने कार्य भन्न लगाएर, <br>• विभिन्न शाखा, समिति, उपसमितिको परिचय र गठन प्रक्रिया भन्न लगाएर । | ४ |

| कक्षा | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | शैक्षिक सामग्री | सिकाइ सहजीकरण प्रकृया | मूल्याङ्कन प्रकिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|---|
| | | | | • पालिकाको समग्र विकासको लागि गठन हुने विभिन्न विषयगत समितिका परिचय गठन प्रक्रियाबारे बताइदिने,<br>• पालिकाको कार्यलयभित्र रहेका विभिन्न प्रशासनिक शाखा तथा उपशाखाको परिचय दिई तिनले गर्ने कार्यबारे बताइदिने । | | |
| ८ | • नगरपालिका को भौतिक, प्राकृतिक, राजनीतिक तथा प्रशासनिक संरचना । | • आफ्नो नगरपालिकाको भौगोलिक प्राकृतिक वातावरण, प्रशासनिक अवस्थाको बारेमा जानकारी दिन,<br>• आफ्नो पालिकामा रहेका विभिन्न धार्मिक, साँस्कृतिक, पर्यटकीय स्थल, ऐतिहासिक र प्राकृतिक सम्पदाको बारेमा बताउन । | • नक्सा, शब्दपत्ति, चित्रपत्ति । | • विद्यार्थीहरुलाई समूहमा विभाजन गरी पालिकाको नक्सा देखाउँदै राजनीतिक तथा प्रशासनिक संरचनाको बारेमा जानकारी गराउने,<br>• विद्यार्थीहरुलाई पालिकाको जनसङ्ख्या, क्षेत्रफल, जनसंख्या जनघनत्व आदिको बारेमा जानकारी गराउने,<br>• पालिकाभित्र रहेका प्राकृतिक स्रोतसाधन सम्पदाहरुको बारेमा बताइदिने,<br>• नगरपालिकाको भौगोलिक, प्राकृतिक, राजनैतिक, ऐतिहासिक, शैक्षिक तथा प्रशासनिक संरचनाबारे बताइदिने, | • नक्सा देखाई राजनीतिक र प्रशासनिक परिचय दिन लगाएर,<br>• पालिकाको क्षेत्रफल तयार गर्न लगाएर<br>• पालिकाभित्र रहेका प्राकृतिक स्रोतसाधन सम्पदाहरुको बारेमा भन्न लगाएर,,<br>• स्रोतसाधनको महत्व बताउन लगाएर, | ५ |

| कक्षा | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | शैक्षिक सामग्री | सिकाइ सहजीकरण प्रकृया | मूल्याङ्कन प्रकिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|---|
| | | | | • नगरपालिकाको चार किल्ला बताइदिने,<br>• पालिकाको नक्सा कोर्न लगाउने । | • नगरपालिकाको चार किल्ला भन्न लगाएर<br>• पालिकाको नक्सा कोर्न लगाएर । | |
| | • आफ्नो नगरपालिकाको नक्सा निर्माण र सम्पदाको सङ्केत | • पनपाको नक्सा बनाइ वडाहरु छुट्याउन | • नक्सा, शब्दपत्ति, चित्रपत्ति | • विद्यार्थीलाई विभाजन गरी आफ्नो पालिकाभित्र रहेका मानवनिर्मित तथा प्राकृतिक सम्पदाको जस्तैः पञ्चपुरी मन्दिर, दहताल, गुप्तिताल, भक्तडीमाई मन्दिर, शिवधाम, चमेरेगुफा, गढीगाउँखोला झरना, धनवोटखोला झरना, भेरी कर्णाली दोभान, हात्तीसुँडे कुण्डलीनी गुफा, मालिका मन्दिर, मादलेगुफा, शिवगुफा, मालिका कुटी, माटेको मन्दिर, रायखोला गुफा, जङ्गलाघाट जस्ता सम्पदाको जानकारी गराउदै प्रस्तुत गरी बताइदिने,<br>• विद्यार्थीहरुलाई प्रदेश तथा जिल्लाको नक्सा देखाउदै आफ्नो पालिकाको नक्सा रचना गर्न लगाउने,<br>• पालिका भित्र रहेका विभिन्न धार्मिक साँस्कृतिक तथा प्राकृतिक सम्पदाहरुको चित्र तथा नक्सा निर्माण गर्न लगाउने र सङ्केत गर्न लगाउने, | • प्रदेश, जिल्ला र पालिकाको नक्सा कोर्न लगाई आफ्नो पालिका सङ्केत गर्न लगाएर,<br>• पञ्चपरी नगरपालिकाभित्र रहेका धार्मिक प्राकृतिक सम्पदाको सूची बनाउन लगाएर,<br>• पालिकाभित्र रहेका सम्पदाको सङकेत गर्न लगाएर,<br>• पालिकाभित्र रहेका मुख्य जातजाति, बालीनाली, बजारक्षेत्र चार्डपर्व लगायतका | ५ |

| कक्षा | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | शैक्षिक सामग्री | सिकाइ सहजीकरण प्रकृया | मूल्याङ्कन प्रकिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|---|
| | | | | • पनपाको नक्सा देखाउदै यसको अक्षांश, देशान्तर र क्षेत्रफल जस्ता कुराहरु छुट्याउन लगाउने,<br>• पालिकाभित्र रहेका मुख्य जातजाति समुदाय, नदी खोला, ताल, धर्म,मुख्य बाली, सञ्चार, वित्तीय संस्था, शिक्षा क्षेत्र, स्वास्थ्य क्षेत्र, सुरक्षानिकाय, वनकार्यालय, पुलपुलेसा, मुख्य सहरी क्षेत्र, जडीबुटी तथा वनस्पति क्षेत्र आदिको बारेमा जानकारी दिने । | विवरण तयार गर्न लगाएर । | |
| | • नगरप्रमुख र उपप्रमुखका कार्यहरु | • नगरप्रमुख र उपप्रमुखका काम कर्तव्य र अधिकार बताउन | | • विद्यार्थीहरुलाई तपाईंहरुको नगरपालिका प्रमुख र उपप्रमुखको नाम थाहा छ भनी साध्ने र उनीहरुले आफ्नो पालिकामा के के काम गर्छन भनी छलफलमा सहभागी गराउने,<br>• सहभागिहरुलाई समूहमा विभाजन गरी नगरप्रमुख र उपप्रमुखका कार्यहरुका सूची बनाई कक्षामा प्रस्तुत गर्न लगाउने,<br>• विकास निर्माणमा पालिकाको काम कर्तव्यहरुबारे जानकारी दिने । | • नगरप्रमुख र उपप्रमुखको नाम के हो ? भन्न लगाएर,<br>• नगरप्रमुख र उपप्रमुखका कार्यहरु भन्न लगाएर,<br>• विकास निर्माणमा पालिकाको काम, कर्तव्यहरुबारे भन्न लगाएर । | ५ |

| कक्षा | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | शैक्षिक सामग्री | सिकाइ सहजीकरण प्रकृया | मूल्याङ्कन प्रकिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|---|
| | • विषयगत समितिहरुको कार्यहरु । | • वडा कार्यसमिति र नगरपालिकाका मुख्य कार्यहरु बताउन,<br>• विभिन्न विषयगत समितिको नाम र परिचय दिन,<br>• नगरपालिकाको न्यायिकसमितिको परिचय दिन । | • विभिन्न विषयगत समितिको गठन तालिका । | • विषयगत समितिले सम्पादन गर्ने कार्यहरु सम्बन्धित कार्यस्थलमा पुगी समितिका पदाधिकारी वा कर्मचारीबाट टिपोट गरी कक्षामा परियोजना कार्यका रुपमा प्रस्तुत गर्न लगाउने ।<br>• विद्यार्थीहरुलाई विभिन्न समूहमा विभाजन गरी विषयगत समितिका कार्यहरुको सूची तयार गरी कक्षामा छलफल गराउने ।<br>• नगरपालिकाभित्र रहेका वडा शिक्षा, वडा स्वास्थ्य तथा नगर शिक्षा, नगर स्वास्थ्य समितिका काम, कर्तव्यहरु सूचीबद्ध रुपमा बताइदिने ।<br>• नगरपालिकाभित्र नगरको दैनिक प्रशासनिक कामकाज र विकास निर्माणका कार्य गर्न, पालिकाबाट प्रवाह हुने सेवाहरु प्राप्त गर्न विभिन्न संरचनामा विभाजन गरिएका विभिन्न समिति तथा उप समिति, शाखा तथा उपशाखाहरुको परिचय, गठन, काम कर्तव्यबारे छलफल गराई बताइदिने,<br>• व्यवस्थापिका, कार्यपालिका, न्यायपालिकाका कार्यहरुको बारेमा जानकारी दिने, | • विषयगत समितिका कार्यहरु बुँदागतरुपमा तयार गर्न लगाएर<br>• विभिन्न शाखा, समिति, उपसमितिले गर्ने कार्य भन्न लगाएर<br>• विभिन्न शाखा, समिति, उपसमितिको परिचय र गठन प्रक्रिया भन्न लगाएर<br>• व्यवस्थापिका, कार्यपालिका, न्यायपालिकाका कार्यहरुको बारेमा भन्न लगाएर | ४ |

| कक्षा | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | शैक्षिक सामग्री | सिकाइ सहजीकरण प्रकृया | मूल्याङ्कन प्रकिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|---|
| | | | | • नगरपालिकाभित्र नगरको दैनिक प्रशासनिक कामकाज र विकास निर्माणका कार्य गर्न, पालिकाबाट प्रवाह हुने सेवाहरु प्राप्त गर्न विभिन्न संरचनामा विभाजन गरिएका विभिन्न समिति तथा उपसमिति, शाखा तथा उपशाखाको परिचय गठन, काम, कर्तव्यबारे छलफल गराई बताइदिने । | | |

## २. हाम्रो धर्म, संस्कृति, मूल्य र मान्यता

| कक्षा | सिकाइ उपलब्धि | विषय बस्तुको विस्तृतीकरण | शैक्षिक सामग्री | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन प्रक्रिय | पाठ्य घण्टा |
|---|---|---|---|---|---|---|
| १ | - आफ्नो परिचय दिई घरपरिवारका सदस्यको नाम भन्न र साथीको नाम भन्न,<br>- स्थानीय चाडपर्वहरु (तिज, दशै, तिहार, रामनवमी, माघी, जनैपुर्णिमा आदी) को पहिचान गर्ने<br>- आफू र परिवारका सदस्यले लगाउने कपडाको नाम भन्न<br>- स्थानीय स्तरमा खाइने खानेकुराको नाम भन्न,<br>- विभिन्न जातजातिका चाडपर्वका नाम भन्न । | - परिवार, छिमेकी र साथीसंगको सम्बन्ध,<br>- परिवारका सदस्यको नाम,<br>- छिमेकी र साथीहरुको नाम,<br>- परिवारका सदस्य तथा छिमेकीसँग नाता लगाएर सम्बोधन ( आमा, बुवा, दाजु, भाइ, दिदी बहिनी, बाजे, बज्यै, काका, काकी आदि),<br>- स्थानीय स्तरमा मनाइने प्रमुख चाडपर्वहरु (दशै, तिहार, रामनवमी, माघी, तिज, जनैपूर्णिमा आदि)<br>- आफू र परिवारका सदस्यहरुले प्रयोग गर्ने कपडाहरु (कमिज सट, टोपी, दौरा, सुरुवाल, पेन्ट, कुर्ता, | -आदर सत्कार, माया ममता जनाउने चित्रात्मक पोष्टरहरु,<br>-परिवारसँग सम्वन्धित चित्रहरु,<br>-चाडपर्वसँग सम्बन्धित चित्रहरु,<br>-लुगा कपडाका नाम र चित्रहरु,<br>-स्थानीय स्तरम खाइने खानेकुराहरुका चित्रहरु । | -बालबालिका लाई परिवारका र साथीका नाम भन्न लगाउने,<br>-समूह विभाजन गरी परिवारका सदस्य र छिमेकीलाई नाताअनुसार सम्बोधन गर्ने लगाउने (आदरसत्कार गरेको अभिनय, माया, ममता र शिष्टाचार गर्ने शब्द भन्न लगाउने,<br>- चाडपर्वका चित्र पोस्टर देखाउने र छलफल गर्ने लगाउने,<br>-स्थानीय स्तरमा पाइने कपडाहरुको चित्र देखाइ नाम सोध्ने र छुटेका नाम भनिदिने,<br>-स्थानीय स्तरमा पाइने खानेकुरा को नाम सोध्ने र चित्र देखाउने पालो पालो नाम सोधने,<br>-राजी, मगर तथा नेवार जातिका चाडपर्व भनी | -परिवारका सदस्यको नाम भन,<br>-आफ्ना २ साथीको नाम भन्न,<br>-आफू भन्दा ठुलालाई कसरी सम्मान गर्दछौ अभिनय गरेर देखाऊ,<br>-तिमीले लगाएको लुगाको नाम भन,<br>-तिमीले आज के खानेकुरा खाएर आयौ ?,<br>-तिम्रो घरमा मनाइने चाडपर्वको नाम भन,<br>-दशैंमा तिम्रो घरमा के के गर्छन ?,<br>-मगर जातीको चाडपर्व कुन हो ? | २८ |

| कक्षा | सिकाइ उपलब्धि | विषय बस्तुको विस्तृतीकरण | शैक्षिक सामग्री | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन प्रक्रिय | पाठ्य घण्टा |
|---|---|---|---|---|---|---|
| | | चोलो, सारी, लुङ्गी, पटुका, कोट आदि),<br>- स्थानीय स्तरमा पाइने खानेकुराहरु, (रोटी, भात, खिर, आटो, ढिडो, बावर, फिनीरोटी आदि)<br>- विभिन्न जातजातिका चाडपर्वका नाम (राजी, मगर, नेवार आदि) । | | दिने र स्रोत शिक्षकको रुपमा सम्बन्धित जातका मानिसलाई कक्षामा बोलाई चाडपर्व भन्न लगाउने । | | |
| २ | -परिवारका सदस्यहरुको आदर सत्कार गर्न,<br>-छिमेकीहरुसँग आदरसत्कार तथा सम्मान गर्न,<br>-गुरुहरु र मान्यजनको आदर सत्कार गर्न,<br>-स्थानीय धार्मिक तथा सांस्कृति | -आफ्नो परिवार, मान्यजनहरुसँग शिष्ट र नम्र व्यवहार आदर सत्कार<br>-स्थानीय धार्मिक तथा सांस्कृति स्थलहरुको नाम (शिवधाम, मालिका, पञ्चपुरी माइ, दोभान आदि)<br>-साथीभाइ, छिमेकीले मानिसको लगाउने लुगा खाने परिकारहरु | -शिष्ट र नम्र भाषा झल्काउने पोस्टर भिडियो ।<br>-धार्मिक, सांस्कृतिक स्थलको फोटाहरु, चाडपर्वसम्बन्धित शब्दपत्ती, गांउटोलमा लगाउने लुगा र खानाको चित्र, | - शिष्ट र नम्र भाषा झल्काउने उदाहरणहरु र कथा कहानी सुनाउने,<br>- छिमेकी, मान्यजनहरुसँग भेटघाट हुँदा बोलिने भाषा र चित्र देखाइ छलफल गराउन,<br>-आ-आफ्नो चलनअनुसार छिमेकीलाई आदर सत्कार गर्न सिकाउने,<br>-विद्यालय वरपरका धार्मिक एवंम् सांस्कृतिक स्थलको | -आफ्ना मान्यजनहरु लाई कसरी आदर गर्छौं ?<br>-गुरुसँग कस्तो व्यवहार गर्नुपर्छ ?<br>तिम्रो विद्यालय वरपरको धार्मिक स्थलका नाम भन्न,<br>-स्थानीय ठाउँमा लगाउने लुगाको नाम भन्न, | २८ |

| कक्षा | सिकाइ उपलब्धि | विषय बस्तुको विस्तृतीकरण | शैक्षिक सामग्री | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन प्रक्रिय | पाठ्य घण्टा |
|---|---|---|---|---|---|---|
| | स्थलको नाम भन्न,<br>-धर्म, संस्कृति अनुसारको भेषभूषा र रहनसहनको अवलोकन गर्न,<br>-आफ्नो गाउँ, टोलमा सामाजिक कार्य गर्ने व्यक्तिको नाम भन्न,<br>-विभिन्न जातजातिका व्यक्तिले मान्ने कुलदेवताको नाम भन्न । | आदिको अवलोकन गरी सुची तयार,<br>- आफ्नो गाउँ टोलमा सामाजिक काम गर्ने व्यक्तिहरु सार्वजनिक स्थलमा : धारा, कुलो, मठमन्दिर, चौतारो चर्चमा काम गर्ने व्यक्तिको नाम,<br>-छिमेकमा अप्ठेरो पर्दा सहयोग गर्ने व्यक्ति,<br>-विभिन्न जातजातिका व्यक्तिले मान्ने देवता (राजी, नेवार, मगर .....आदि) । | टोल छिमेकमा सामाजिक काम गर्ने व्यक्तिको नामसहितका फोटा, व्यक्तिले गरेका कामको सूची | अध्ययन गराई तिनीहरुको नाम सोध्ने, शिक्षकले थप कुरा भनि दिने<br>-स्थानीय स्तरमा विद्यार्थीहरुले जानेका लुगा कपडाको नाम भन्न लगाउने<br>-खानाका परिकारहरुको नाम भन्न लगाउने,<br>-टोल छिमेकका सामाजिक काम गर्ने व्यक्तिहरुको नाम भन्न लगाउने र टिप्दै जाने शिक्षकले थप सहयोग गर्ने,<br>-विभिन्न जातजातिका व्यक्तिले मान्ने वा पुज्ने कुलदेवताको नामहरु शिक्षकले भनिदिने । | -कुनै ५ खानेकुराका नाम लेख,<br>-तिम्रो टोलम छिमेकमा असल काम गर्ने व्यक्तिको नाम भन्न,<br>-राजीको कुलदेवताको नमा के हो ? | |

| कक्षा | सिकाइ उपलब्धि | विषयबस्तुको बिस्तृतीकरण | शैक्षिक सामाग्री | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन प्रक्रिय | पाठ्य घण्टा |
|---|---|---|---|---|---|---|
| ३ | -नातेदार, आफन्तजन र छिमेकीसँगग आदर सत्कार गर्न र मित्रवत् व्यवहार गर्न,<br>-स्थानीय स्तरमा रहेका धार्मिक तथा सांस्कृतिक स्थलहरुको परिचय दिन र नामको सूची तयार गर्ने,<br>-स्थानीय भाषा तथा चाडपर्वसँग परिचित हुन,<br>-पालिकाका सामाजिक व्यक्तित्वको नाम भन्न । | -घरमा आएका आफन्तजन, नातेदार, पाहुना र छिमेकीहरुलाई सम्मानजनक भाषाको प्रयोग,<br>-नातेदार ,पाहुनालाई उमेरअनुसार नाता लगाई शिष्ट भाषाको प्रयोग,<br>-स्थानीय धार्मिक तथा सांस्कृतिक ठाउँको परिचय (शिवधाम, पञ्चपुरी माइ, मालिका मन्दिर, शिव मन्दिर, भेरी कर्णाली दोभान, रङ्गशाला आदि ।<br>-आफ्ना टोल, छिमेकमा बोलिने भाषा र चाडपर्वहरु (नेपाली भाषा, अछामी भाषा, मगर, राजी र नेवारी भाषा, दशैं, तिहार, रामनवमी, माघी, तिज क्रिस्मस्डे बुद्ध पूर्णिमा आदि), | -आफन्तजन तथा नातेदार, पाहुनाको सम्मान गरेको चित्रात्मक पोस्टर र भिडियो, भाषाको भिडियो रेकर्ड, चाडपर्व झल्किने पोस्टर,<br>-चाडपर्वको नाम लेखेको शब्दपत्ति,<br>-चाडपर्व मनाएको भिडियो,<br>-धार्मिक स्थलको चित्र र भिडियो । | -घरमा आएका आफन्तजन, नातेदार, पाहुनालाई प्रंयोग गरिने नम्र र शिष्ट भाषा बोल्न लगनउने र शिक्षकले पनि भनिदिने,<br>-पाहुनालाई आफ्नो चलनअनुसारको सत्कार गर्ने तरिका अभिनयको माध्यमबाट गने लगाऊने,<br>-प्रश्नोत्तर विधिबाट आफ्नो आफ्नो टोल, गाउँ, छिमेकमा बोलिने भाषा भाषी सोधी शिक्षकले भनिदिने,<br>-रीतिरिवाज तथा धर्मअनुसारका चाडपर्व मनाउने तरिका व्यक्तिगत र समूहगत रुपमा प्रस्तुत गर्न लगाउने,<br>-चाडपर्वको नाम सहित चाडपर्वमा सहभागी भएको अभिनय गर्न लगाउने,<br>-विद्यालय नजिक रहेका धार्मिक स्थलको भ्रमण गराई सामान्य परिचय भनिदिने र धार्मिक स्थलको सूची तयार | -आफ्नो कक्षामा विद्यार्थीलाई पालैपालो पाहुनालाई सम्मान गरेको अभिनय गर ।<br>-तिम्रो घरमा कुन भाषा बोल्छन ?<br>-तिम्रो गाउँटोलमा मनाउने मुख्य चाडको नाम लेख,<br>-तिम्रो पालिकाभित्रका धार्मिक स्थलको सूची बनाऊ<br>-तिम्रो विद्यालय कस्को सहयोग बाट स्थापना भएको हो ? | २८ |

| कक्षा | सिकाइ उपलब्धि | विषयबस्तुको बिस्तृतीकरण | शैक्षिक सामाग्री | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन प्रक्रिय | पाठ्य घण्टा |
|---|---|---|---|---|---|---|
| | | -पालिकाको सामाजिक तथा राजनैतिक व्यक्तित्वको परिचय र नाम । | | गर्ने लगाइ शिक्षकले महत्व भनि दिने,<br>-नगरपालिकाभित्रका सामाजिक हित गर्ने असल चरित्र भएका राजनैतिक व्यक्तिहरुको भन्न लगाउने र सम्मान गर्न सिकाउने । | | |
| ४ | -मान्यजनसँग गर्ने व्यवहार सिक्न,<br>-स्थानीय जीवनशैलीको परिचय दिन,<br>-ऐतिहासिक स्थलको परिचय दिन,<br>-विशेष पर्व तथा अवसरमा बजाइने गीत र बाजाको परिचय दिन,<br>-जन्म स्थानको परिचय र महत्व भन । | -मान्यजनसँगको व्यवहार ( आफुभन्दा ठुलामानिसहरुले अर्हाएको, निर्देशन गरेको, सिकाएका कुरा सुनेर व्यवहारमा लागुगर्ने),<br>-धार्मिक तथा सामाजिक आस्थाअनुसारको जीवनशैली,<br>-स्थानीय धार्मिक तथा ऐतिहासिक स्थलहरु,<br>-विशेष पर्व तथा अवसरमा बजाइने बाजा र गीतहरु,<br>-जन्मस्थानको परिचय र महत्व । | -मान्यजनसँग गरिने व्यवहार झल्किने चित्र, पोस्टर र भिडियो, ठुलाले निर्देशन गरेका कुराहरुको शब्दपत्ति,<br>विभिन्न गीत र परम्परागत बाजाका चित्र र नामको शब्दपत्ति | -बावुआमा, छोराछोरीको भूमिका अभिनय गर्न लगाउने,<br>-आफू भन्दा ठुलाले के के कुराहरु भन्छन प्रश्न गर्ने र उत्तर टिपीदिने,<br>-धर्म संस्कृति अनुसारको जीवनशैली, रहनसहन झल्किने चित्रहरु देखाइ अवलोकन र छलफल गर्न लगाउने,<br>-विभिन्न पर्व मेलामा बजाइने बाजा गाउने गीतको बारेमा विद्यार्थीलाई सोध्ने र शिक्षकले सहजीकरण गर्ने ( दमाह, झ्याली, सारङ्गी, आदी बाजाहरु र मारुनी, झ्याउरे, डेउडा आदि गीतहरु) | -तिम्रा मान्यजनहरु को को हुन ?<br>-मान्यजनले भनेका कुराहरु मान्नुपर्छ कि पर्दैन ?<br>-तिमी बस्ने समुदायको जीवन शैली कस्तो छ ?<br>-तिमीले देखेका बाजाहरुको सूची तयार पार,<br>-जन्मस्थान भनेको के हो ? | २० |

| कक्षा | सिकाइ उपलब्धि | विषयबस्तुको बिस्तृतीकरण | शैक्षिक सामाग्री | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन प्रक्रिय | पाठ्य घण्टा |
|---|---|---|---|---|---|---|
| | | | | -जन्मस्थानको परिचय र महत्व पालैपालो भन्न लगाउने र शिक्षकले थप कुराहरु भनिदिने । | | |
| ५ | -सामाजिक रीतिरिवाज तथा चालचलनको ततुलनात्मक अभ्यन गर्न,<br>-स्थानीय भाषा, सँस्कृतिको पहिचान गर्न,<br>-स्थानीय चाडपर्व तथा मेलामा सहभागीता हुन,<br>-राम्रा कामको अनुकरण गर्न,<br>-स्थानीय गीत तथा बाजाहररुको महत्व भन्न । | -सामाजिक प्रचलनको तुलनात्मक अध्ययन गर्न (राम्रा नराम्रा प्रचलनको तुलना गरी राम्रा चलन गहण),<br>-स्थानीय भाषा, संस्कृति, धर्म, कला, संस्कृति,<br>-स्थानीय चडपर्व मेलामा सहभागिता (दशै, तिहार, तिज, शिवरात्री, होली, किसमस डे आदि चाडपर्वमा सहभागिता),<br>-स्थानिय परम्परागत गीत र बाजाको महत्व<br>-समाजका राम्रा कामहरुको अनुकरण । | -पालिकाभित्रको धर्म, संस्कृति, कलारहरुको चित्रात्मक पोस्टर तथा चित्रहरु,<br>-समाजका राम्रा प्रचलनको भिडियो चित्र,<br>-बिभिन्न मेला, पर्वको भिडियो,<br>-परम्परागत गीत तथा वाजाको महत्व लेखेका तालिका,<br>-समाजका राम्रा कामहरुको नाम सहितका चित्र तथा तालिका | -पालिकाभित्र रहेका भाषा, धर्म, कला, संकृतिहरु सम्बन्धी भिडियो देखाउने र प्रश्नात्तर गर्ने,<br>-राम्रा र नराम्रा सामाजिक प्रचलन लेखी देखाउने,<br>-स्थानीय क्षेत्रमा रहेका विद्यालय नजिकमा हुने चाडपर्व र मेलामा सहभागी गराउन लैजाने),<br>-आफ्नो परिवारमा मान्ने धर्म के हो ? भनी प्रश्न र उत्तर टिप्दै जाने,<br>-समाजमा असल काम गर्ने ब्यक्तिको उदाहरण दिने र त्यसको अनुकरण गर्नुपर्छ भनी बताइदिने,<br>-परम्परागत गीत र बाजाको महत्व सोध्ने, ठिक उत्तर | -तिम्रो समाजका चालचलनहरु के के हुन ? लेख,<br>राम्रा र नराम्रा प्रचलनहरु २/२ वटा लेख,<br>-तिम्रो विद्यालय नजिक कुन कुन मेलाहरु लाग्दछन ?<br>-तलका मध्ये परम्परागत बाजा कुन होइनन् ?<br>क) दमाहा<br>ख) सहनाई<br>ग) बित्यो<br>घ) ड्रमसेट | २० |

| कक्षा | सिकाइ उपलब्धि | विषयबस्तुको बिस्तृतीकरण | शैक्षिक सामाग्री | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन प्रक्रिय | पाठ्य घण्टा |
|---|---|---|---|---|---|---|
| | | | विद्यालय, चौतारो, धारा, कुवा, इनारमा राम्रो काम गर्ने ब्यक्तिको वा असल समाज निमार्ण गर्ने ब्यक्तिको) । | टिप्दै जाने, शिक्षकले थप कुराहरु भनिदिने । | -कुनै एक लोकगीत गाउनुहोस् । -समाजमा एक असल र रामा कामहरु के के हुन् ? | |
| ६ | - पालिकाभित्रक धार्मिक, सांस्कृतिक र ऐतिहासिक सम्पदाको परिचय दिन, -धार्मिक मठ, मन्दिरको परिचय भन्न, -चाडपर्वको महत्व भन्न, -विभिन्न धर्म र जात अनुसारका | -पालिकाभित्रका धार्मिक तथा सांस्कृतिक सम्पदाहरु (पञ्चपुरीमाई, मालिकामााई, शिवधाम, अर्चना वावा मन्दिर, शिवमन्दिर, चर्चहरु र हाटवजार मेला, त्रिवेणीपार्क, रङगशाला आदि, -धार्मिक मठमन्दिरको परिचय, -चाडपर्वको महत्व, -विभिन्न स्थानिय संस्कारहरु (जन्म, मृत्यु, | - धार्मिक एवं सांस्कृतिक सम्पदाको पुस्तिका, चित्र आदि, -धार्मिक मठमन्दिरको चित्रहरु, -चाडवर्पको महत्व र लेखिएका तालिका, -सामाजिक, राजनैतिक | -धार्मिक र सांकृतिक सम्पदाको हाते पुस्तिका विद्यार्थीलाई स्वतन्त्र रुपले अध्ययन गर्न लगाई समूहगत छलफल गराई प्रश्नोत्तर गर्ने, -धार्मिक मठमन्दिरमा लगी अवलोक गर्न लगाउने र त्यसको बारेमा कापीमा टिपोट गर्न लगाउने, -चाडपर्वको महत्व सोधी उत्तररु भन्न लगाउने, -स्थानीय संस्कारहरु (जन्म, मृत्यु, विवाह आदि) मा | -पालिका भित्रका धार्मिक र सांस्कृतिक सम्पदाको सूची तयार गर्नुहोस । -आफ्नो वरपरको सम्पदाको संरक्षणा गर्ने कुनै ५ उपायहरु लेख्नुहोस् । -तिम्रो जन्मदिन कहिले पर्दछ ? लेख्नुहोस । | २० |

| कक्षा | सिकाइ उपलब्धि | विषयबस्तुको बिस्तृतीकरण | शैक्षिक सामाग्री | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन प्रक्रिय | पाठ्य घण्टा |
|---|---|---|---|---|---|---|
| | संस्कारको पहिचान गर्न,<br>-स्थानीय सामाजिक, राजनैतिक ब्यक्तित्वहरुको पहिचान गर्न<br>-स्थानीय परम्परागत गीत गाउन<br>-छुवाछुत तथा छाउपडी प्रथाको पचिय दिन | विवाह, पास्नी, न्वारन आदी)<br>-स्गानीय सामाजिक, राजनैतिक ब्यक्तित्वहरु ( बिरबहादुर थापा मगर, महेन्द्रप्रसाद ढुगांना, बिष्णुबहादुर के.सी, तप्तबहादुर बिष्ट र गायक नविन रावल),<br>-स्थानीय परम्परागत गीतहरु-झ्याउरे, मारुनी, डेउडा, माङगल, झौडा आदि)<br>-छुवाछुत तथा छाउपडी प्रथा-जातिय भेदभाव, लैडगिक भेदभाव र छाउपडी छुवाछुत) | ब्यक्तिहरुका नाम र उनीहरुका काम लेखिएका चित्र र तालिका,<br>-गायक नबीन रावलको कुनै गीतको क्यासेट,<br>-परम्परागत गीतको अडियो वा भिडियो,<br>-लैङ्गिक तथा जातिय भेदभाव झल्काउने भिडियो,<br>-छाउपडी तथा छुवाछुत प्रथा झल्कीने चित्र वा फोटाहरु । | सहभागि भएका छौ ? भनी सोध्ने उत्तर टिपीदिने,<br>-तिमिले देखेका र जानेका संस्कारहरु के के हुन ? भनी प्रश्न गर्ने,<br>-समाजमा असल र राम्रा काम गर्ने व्यक्तिहरुको बारेमा छलफल गर्न लगाउने र विद्यार्थीलाई नाम तथा काम भन्न लगाउने र शिक्षक पनि गाएर सुनाउने ।<br>-जातिय भेदभाव, छाउपडी प्रथा, छुवाछुतको बारेमा बिधार्थीलाई सोध्ने र आफूले पनी यसको परिचय दिने । | -तिम्रो समुदायमा असल काम गर्ने १ व्यक्तिको जीवनी लेख,<br>-छुवाछुत प्रथाको बारेमा लेख,<br>-छाउपडी प्रथा भनेको के हो ? | |
| ७ | -नगरपालिकाका धार्मिक मठमंन्दि र | -नगरपालिकाभित्रका धार्मिक मठमन्दिर र सम्पदाको संरक्षण- | -धार्मिक मठमन्दिर तथा | -स्थानीय धार्मिक मठमन्दिर र सम्पदाहरुको संरक्षण कसरी गरिन्छ ? भनी प्रश्न गर्ने | -मठमन्दिर र सम्पदाको संरक्षण कसरी गर्न | २० |

| कक्षा | सिकाइ उपलब्धि | विषयबस्तुको बिस्तृतीकरण | शैक्षिक सामाग्री | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन प्रक्रिय | पाठ्य घण्टा |
|---|---|---|---|---|---|---|
| | सम्पदाको संरक्षण गर्न,<br>-धार्मिक तथा सांस्कृतिक सम्पदाको महत्व बताउन,<br>-नगरपालीकाभित्रका स्थानीय ब्यक्ति र समुदायबिच आत्मसम्मान र स्वाभिमानको ब्यबहार प्रदर्शन गर्न,<br>-बिभिन्न रीतिरिवाज र रहनसहनसँग परिचित हुन,<br>-बालबिवाह र बहुबिवाहको परिचय दिन,<br>-स्थानीय परम्परागत बाजाहरु बजाउन, | मन्दिरहरु, चर्च, बाटो पुल, कुलो, चौर वा रङ्गशाला बनजङ्गल आदि ।),<br>-धार्मिक तथा सांस्कृतिक सम्पदाको महत्व ( सम्पदाहरुको संरक्षण गरेमा आफ्नो पहिचान हुने, बातावरण स्वच्छ हुने, प्राकृतिक, दैबिक प्रकोपबाट बच्ने, भबिष्यका पिढीलाई देखाउन सकिने),<br>-नगरपालिका भित्रका ब्यक्ति र समुदायका बिचमा आत्मसम्मान पूर्ण ब्यबहार, नैतिक आचरण, स्वाभिमान र सहअस्तित्व,<br>-रीतिरिवाज र रहनसहनहरु (धार्मिक मेला, सामाजिक पर्वहरु, | सम्पदाहरुका चित्र,<br>-विद्यालय वरपरका सम्पदाहरुको अवलोकन शैक्षिक भम्रण,<br>-सम्पदाको महत्व लेखिएको तालिका,<br>-नैतिक आचरण देखिने पोष्टर र पत्रपत्रिका,<br>-आत्मसम्मान जनाउने शब्दहरुको सुची,<br>-स्थानीय रीतिरिवाज र रहनसहन का तालिका, | विद्यार्थीहरुले भनेका उत्तर टिप्दै जाने,<br>-बिद्यालय नजिक रहेका सम्पदाहरुको अवलोकन भम्रण गराउने र विद्यार्थीलाइ देखेका कुराहरु टिप्न लगाउने, शिक्षकले पनि थप कुराहरु भनि दिने,<br>-सम्पदाहरुको महव बुझाइदिने,<br>-समुदायका मानिसहरु बिचमा एकता, आत्मसम्मान, स्वाभिमान तथा नैतिक आचरणहरु झल्किने भिडियो देखाउने,<br>-बक्तृत्वकला सञ्चालन गर्ने,<br>-असल, खराब, क्रियाकलाप देखिने अभिनय गर्न लगाउने<br>-स्थानीय रीतिरिवाज र रहनसहनहरु लेखिएका शब्द पत्तीहरु देखाउने र बुझाइ दिने, | सकिन्छ ?<br>लेख्नुहोस्,<br>-धार्मिक तथा सांस्कृतिक सम्पदाका कुनै ४ महत्वहरु लेख्नुहोस्,<br>-ब्यक्ति र समुदायका बिचमा कस्तो सम्वन्ध हुनुपछ ?<br>लेख्नुहोस्,<br>-नैतिक आचरण हरु के के हुन ?<br>कुनै ४ वटा उदाहरण दिनुहोस्,<br>-समाजमा गरिने असल कार्यहरु के के हुन ?,<br>-बहुविवाह भनेको के हो ? | |

| कक्षा | सिकाइ उपलब्धि | विषयबस्तुको बिस्तृतीकरण | शैक्षिक सामाग्री | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन प्रक्रिय | पाठ्य घण्टा |
|---|---|---|---|---|---|---|
| | -जातिय भेदभाव,लैङ्गिक भेदभाव र छुवाछुत तथा छाउपडी प्रथाको वेफाइदाहरु भन्न । | पैचो, ढिकुटी, पर्म कुल पूजा आदि),<br>-बालविवाह र वहुविवाह ( कानूनअनुसार उमेर नपुगी गरिने र दुई वा दुईभन्दा वढी महिला सँग एक पुरुषले गरिने विवाह),<br>- परम्परागत बाजाहरु - दमाहा, सहनाई झ्याली, मुर्चुङ्गा, विनायो, सारङ्गी, मुरली आदि),<br>-बिभिन्न भेदभाव र प्रथाका बेफाइदाहरु ( जातिय लैङ्गिक, धार्मिक, छाउपडी प्रथा, छुवाछुत प्रथा) । | -बाल विवह र बहु विवाह भिडियो र उदाहरण लेखिएको तालिका,<br>-परम्परागत बाजाहरु, बाजाका चित्र (नामसहित),<br>-छुवाछुत प्रथाका चित्रहरु, लैङ्गिक भेदभावका फोटाहरु । | -बालविवाह र बहुविवाह गरेका ब्यक्तिका उदाहरणहरु भन्न लगाउने र शिक्षकले बालविवाह र बहुविवाहको परिचय भनिदिने,<br>-विद्यार्थीलाई बाजा बजाउन अभ्यास गराउने, बाजा बजाउने ब्यक्तिलाई स्रोत शिक्षकाको रुपमा बोलाई सिकाउन लगााउने,<br>-छाउपडी र छुवाछुत प्रथाका के के बेफाइदाहरु छन भनी ? सोध्ने, सही उत्तर टिप्दै शिक्षकले थप सहयोग गर्ने । | -दमाहा बजाएर देखाउनुहोस्,<br>-छाउपडी प्रथाका बेफाइदाहरु के के छन ?,<br>-लैङ्गिक भेद्भावले के घटना घट्न सक्छ ? | |

| कक्षा | सिकाइ उपलब्धी | विषय बस्तुको बिस्तुतीकरण | शैक्षिक सामाग्री | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन प्रक्रिय | पाठ्य घण्टा |
|---|---|---|---|---|---|---|
| ८ | -स्थानीय स्तरमा गरिने आफ्ना सामाजिक परम्परा संस्कारबारेमा भन्न,<br>-सामाजिक सद्भाव र सहिष्णुताको परिचय दिन,<br>-स्थानिय धार्मिक परम्पराको बारेमा भन्न,<br>-सामाजिक तथा नैतिक नियमको पालना गर्न,<br>-बालविवाह र बहुविवाह बाट हुने असर बनाउन,<br>-परम्परागत गीतसँगै बाजा बजाउने अभ्यास गर्न, | -स्थानीय सामाजिक परम्परा र संस्कारहरु ( जन्म, मृत्यु, विवाह, पर्म, पैचो, ढिकुटी भुवाखेल रतेउली आदी)<br>-सामाजिक सद्भाव र सहिष्णुता (धार्मिक, जातीय, भाषिक सांस्कृतिक),<br>-धार्मिक परम्पराहरु (कुल पूजा देवी देउता पूजा, धार्मिक नाच, पञ्चपुरी माई मेला, मालिकामाई मेला आदि),<br>-सामाजिक तथा नैतिक नियमहरु (समाजको चलनअनुसार गरिने आचरणहरु असल चरित्र, ठुलाको आदर सत्कार र सम्मान, सानालाई माया आदि, | -स्थानीय सामाजिक परम्परा र संस्कारहरुका भिडियो, चित्र, नामको शब्दपत्ती,<br>-धार्मिक, भाषिक, सांस्कृतिक सद्भाव र सहिष्णुता झल्किने चित्र वा भिडियो,<br>-धार्मिक परम्परा झल्किने कार्य गर्दा सम्वन्धित स्थलको अवलोकन भम्रण,<br>-सामाजिक र नैतिक आचरणहरु | -स्थानिय सामाजिक परम्परा र संस्कारहरुको बारेमा सोध्ने जन्म, मृत्यु, विवाहको बारेमा देखेका जानेका कुराहरु सोध्ने<br>-गाउँघरको चलेको पर्म पैचो, तथा रतेउलीकोवोमा सोध्ने बिद्यार्थीले नजानेमा शिक्षकले बुझाई दिने,<br>-धार्मिक, जातिय, भाषिक, सांस्कृतिक सद्भाव, सहिष्णुता बारेमा बिधार्थीलाई समुहमा बाडी समुहगत छलफल गराउने र नजालेका कुरा विद्यार्थीलाइ टिप्न लगाउने शिक्षकले थप सहयोग गरिदिने<br>-धार्मिक परम्परा (कुलपूजा, धामी नाच देवीदेउता पूजा आदिको बारेमा सोध्ने र शिक्षकले बुझाइदिने । | -तिम्रो छिमेकमा पर्म पैचो चलाएको देखेका छौ ?,<br>-सामाजिक सद्भाव र सहिष्णुता भनेको के हो ?,<br>-तिम्रो घरमा गरिने कुल पूजा र देउताको नाम के हो ?,<br>-आफु भन्दाको ठुलाको आदर सत्कार र सम्मान गरेको अभिनय गर्नुहोस ?,<br>-बालविवाहले समाजमा हुने कुनै ५ असरहरु लेख्नुहोस् ?, | २० |

| कक्षा | सिकाइ उपलब्धी | विषय बस्तुको बिस्तुतीकरण | शैक्षिक सामाग्री | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन प्रक्रिय | पाठ्य घण्टा |
|---|---|---|---|---|---|---|
| | -भेदभाव तथा छाउपडी र छुवाछुत प्रथाका असरहरु भन्न । | -बाल बिवाह र बहु विवाहका असरहरु (शिक्षाबाट बञ्चित ,ज्यान जान सक्ने, जेल पर्न सकिने, पारिवारिक कलह, आर्थिक समस्या आदि),<br>-स्थानीय परम्परागत गीत र बाजा र बाजा बजाउने अभ्यास ( भ्याउरे, मारुनी, देउडा तथा दमाहा बासुरी आदि बजाउने),<br>-जातिय लैङ्गिक भेदभाव तथा छाउपडी, छुवाछुत प्रथा । | लेदिएका शब्द<br>-पत्तीहरु, पुस्तकहरु,<br>-बाल विवाहको उदाहरण र चित्र,<br>-बहुविवाहको उदाहरण चित्र परम्परागत गीतहरु तथा बाजाहरु,<br>-भेदभाव तथा प्रथाका असरहरु लेखिएको तालिका । | -सामाजिक तथा नैतिक आचरणहरु असल चरित्र, ठुलाको आदर सत्कार र सम्मान, झल्कने अभिनय गर्न लगाउने,<br>-बालबिवाह र बहुबिवाह गर्दाका पारिवारिक तथा सामाजिक असरहरु के के हुन ? भनी प्रश्न गर्ने बिद्ययार्थी भनेका ठिक उत्तरलाई स्याबसी दिदै शिक्षकले बुझाइदिने,<br>-परम्मरागत गीत र बाजा बजाउने अभ्यास गर्न लगाउने थप सहयोगको लागी स्रोत शिक्षकलाई अभ्यास गर्न लगाउउने,<br>-जातिय भेदभाव र छाउपडी प्रथाका असर भन्न लगाउने र शिक्षकले पनि भनिदिने । | -बहुविवाह भनेको के हो ?,<br>-कुनै एक गीत गाएर सगै वाजाहरु वजाउनुहोस ?,<br>-छाउपडी प्रथाका असरहरु लेख्नुहोस् ?,<br>-जातिय भेद्भावका असरहरु लेख्नुहोस् ? | |

## ३. कृषि, पशुपंक्षी र पर्यटन

| कक्षा | सिकाइ उपलब्धि | विषयबस्तुको बिस्तृतीकरण | शैक्षिक सामग्री | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन प्रक्रिय | पाठ्य घण्टा |
|---|---|---|---|---|---|---|
| १ | – आफ्नो घरमा वर्षभरि उत्पादन हुने बालीको नाम बताउन<br>– आफ्नो घरमा पालिने जनावरको नाम बताउन<br>– गाउँटोलमा घुम्नलनयक ठाउँहरूको नाम बताउन | –आफ्नो घरमा वर्षभरि उत्पादन हुने बालीको नाम<br>–घरपालुवा जनावरको नाम<br>– आफ्नो गाँउटोलमा घुम्न लायक ठाउँहरुको नाम | विभिन्न अन्नहरू चित्र फोटो | –स्थानीयस्तरमा उत्पादित कृषिजन्य तथा पशुजन्य वस्तुलाई प्रदर्शन गर्ने वा फोटाहरु देखाउने जस्तै सागसब्जी, धान, मकै, गाईभैँसीको दूध, दही<br>– विद्यालय परिसर वा नजिकको तरकारीखेती वा अन्य खेती भएको क्षेत्र को अवलोकन भ्रमण गराई त्यहाँ हुने वस्तुका बारेमा बताउने<br>– स्थानीय पर्यटकीय क्षेत्रको फोटो संकलन गरी प्रदशन गर्ने र ठाउँ चिन्न लगाउने, जस्तै पञ्चपुरी मन्दिर दहताल, भेरी कर्णाली दोभान<br>– गाउँ नजिकको पर्यटकीय ठाउँको अवलोकन भ्रमण गराउने | – वरपररहेका बालीनालीको चित्र केहो भनी सोध्ने<br>– आफ्नो घरबारीको नजिक कुनकुन कृषि उत्पादन हुन्छ भनी सोध्ने<br>– देखाएको चित्रमा के छ भनी सोध्ने .<br>आफ्नो घर नजिकको पर्यटकीय ठाउँको नाम सोध्ने<br>–विभिन्न वहुवैकल्पिक प्रश्नहरु गर्ने | |
| २ | - आफ्नो समुदायमा वर्ष भरी उत्पादन हुने तरकारी फलफूल खाद्यान्न र नगदेबालीको नाम बताउन र सूची तयार पार्न | – आफ्नो समुदायमा उपलब्ध तरकारी, फलफूल खाद्यान्न र नगदेवालीको नाम र सूची<br>– घरपालुवा जनावर, पशुपक्षी | विभिन्न अन्नहरूको चित्र, फोटो | – स्थानीयस्तरमा उत्पादन हुने वस्तुको फोटो सङ्कलन गरी सूची प्रस्तुत गर्ने, जस्तैः बन्दा, धान, मकै<br>– विद्यालय नजिकको कृषि बजार तरकारी उत्पादन केन्द्रको अवलोकन भ्रमण गराई त्यहाँ उत्पादित वस्तुहरुको सूची बनाइ कक्षाकोठामा प्रस्तुत गर्न लगाउने | – कृषि उत्पादन भनेको के हो यसमा के के पर्छन् भनी सोध्ने सूची बनाउन लगाउने<br>– आफ्नोवारीमा उत्पादनहुने बालीनालीको नामको सूची बनाउन लगाउने | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | – आफ्नो घरमा पालिने जनावर पशुपंक्षीको सूची तयार गर्न<br>– वडामा घुम्नलायक स्थलहरूको नाम बताउन | – आफ्नो वडा भित्रका घुम्न लायक ठाउहरु | | – वडाका प पर्यटकीय क्षेत्रको अवलोकन भ्रमण गराई उक्त ठाउँको परिचय दिने स्थानीय पर्यटकीय क्षेत्रको हरु मन्दिर गुम्बा झरना भ्रमण क्षेत्र रहेको ठाउँको फोटो सहितको सूची तयार पारी बताईदिने | – विद्यालय घर नजिक को पर्यटकीय क्षेत्र को सूची बनाउन लगाउने<br>– फोटो हेरेर ठाउ चिन्न लगाउने | |
| ३ | – स्थानीय स्तरमा उत्पादन हुने मौसमअनुसारका तरकारी अन्नबाली र फलफूलको महत्व बताउन<br>– पशु, पंक्षी माछा, र मौरी पालनको आवश्यकता र महत्व बताउन<br>– नगर भित्रका घुम्नलायक ठाउँहरूको पहिचान र सामान्य विवरण तयार गर्न | – स्थानीय स्तरमा उत्पादन हुने अन्न बाली, फलफूल, तरकारी, नगदेबालीको पहिचान र महत्व<br>– पंक्षी, माछा र मौरी पालनको आवश्यकता र महत्व<br>– नगरभित्रका घुम्न लायक ठाउँहरु | विभिन्न अन्न हरू चित्र, फोटो ासक्न–आदि | कृषि व्यवसाय र गतिविधिहरूको – सचित्र छलफल गराउने<br>स्थानीय हाटबजार, कृषि उत्पादन – केन्द्रको अवलोकन भ्रमण गराई कुन के संग सम्बन्धित छन छुट्याऊन लगाउने जस्तै सागपात . तरकारी, दुधदही, । पशुपालन आदि<br>स्थानीय मन्दिर ताल झरना भ्रमण क्षेत्र – आदिको अवलोकन भ्रमण गराई त्यहाँ के कस्ता पर्यटक आउँदा रहेछन् भन्ने बारे उक्त क्षेत्रको जानकार व्यक्तिलाई सोधीसूची तयार गरी बताइदिने<br>– घर विद्यालय नजिकको पर्यटकिय क्षेत्रको अवलोकन भ्रमण र फोटो प्रदशन गरी त्यसको परिचय महत्व र त्यस क्षेत्रमा पर्यटक आउनको कारणहरु बताइदिने । | –चित्र द्वारा उत्पादित बस्तु हरुको व्यवसाय पहिचान गर्न लगाउने–बहुबैकल्पिक प्रश्नहरु गर्ने<br>– आफ्नो गाउँघरमा उत्पादन हुने विभिन्न वस्तुहरू सूची बनाइ प्रस्तुत गर्न लगाउने<br>– स्थानीय पर्यटकक्षेत्रको फोटो देखाई परिचय दिन लगाउने<br>– स्थानीय पर्यटकिय क्षेत्रहरूको सूची बनाउन लगाउने<br>– स्थानीय पर्यटकिय क्षेत्रहरुमा पर्यटक आउनको कारण वारे वताउन लगाउने | |

| कक्षा | सिकाइ उपलब्धि | विषय बस्तुको बिस्तृतीकरण | शैक्षिक सामाग्री | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन प्रक्रिय | पाठ्य घण्टा |
|---|---|---|---|---|---|---|
| ४ | - स्थानीयस्तरमै तरकारी बाली, खाद्यान्न बाली, नगदे बाली उत्पादन गर्ने विधि र तिनको सुरक्षाका उपायहरु बताउन<br>- पशु पक्षी र मौरी पालनका लागि उपयुक्त स्थानको पहिचान र सूची बनाउन<br>- नगरभित्रका पर्यटकीय स्थलको संरक्षणका उपाय<br>-पर्यटकिय स्थलमा सञ्चालन गरिने गतिविधिहरूको सूची बनाउन | - स्थानीयस्तरमै विभिन्न बाली तरकारी, खाद्यान्न, नगदे र फलफूल उत्पादन गर्ने विधि र तिनको विउको सुरक्षाका उपाय<br>- पञ्चपुरी नगरपालिका भित्र पशु, पंक्षी र मौरीपालन का लागि उपयुक्त स्थानको पहिचान र सूची<br>- नगरभित्रका पर्यटकीय स्थलको<br>- पर्यटकीय स्थलमा सञ्चालन गरिने गतिविधिहरू | - चार्ट<br>– फोटो<br>– नक्सा<br>– पोस्टर<br>– चित्र | - सङ्कलित नमुनाबाट खाद्यान्न वाला नगदेवाली फलफुल आदि छुट्याउन लगाउने ।<br>– पशुपक्षीहरुलाई मासहारी, साकाहारी स्तनधारी आदि गरी छुट्याउने<br>– विद्यालयको खालिरहेको ठाउंमा ठाउँअनुसारका उपयुक्ततरकारी वाली र फलफूल फूल आदि लगाई आवश्यकता अनुसारका संरक्षणका तरिका सिकाइ आवश्यक सहजीकरण गर्ने ।<br>– पञ्चपुरी नगरपालिका भित्ररहेका विभिन्न पर्यटकीय स्थलहरूको बारेमा छलफल गराई संरक्षणका उपायहरु बताइदिने | – सङ्कलितबालि तथापशुपंक्षी हरु लाइ तिनको विशेषता खाद्यान्न, नगदे, मासाहारी, साकाहारी आदि छुट्याउने<br>– विद्यालयमा विद्यार्थीकोसमूह बनाई स्थान अनुसारका उपयुक्तवाली, फलफुल, फूल लगाउन लगाउने<br>– पर्यटकीय स्थलहरूको संरक्षणका कुनै ४ उपाय लेख |  |
| ५ | - कृषिमा जैविक औषधि (स्थानीय औषधि)को उपयोग गरी हिउदे वर्षे तथा बेमौसमी खेति गर्ने तरिका बताउन | -स्थानीय बोटबिरुवा निम, पाती, असुरो, बकाइनो आदि बाट जैविक औसधी साथै बेमौसमी तरकारी खेती | – जैविकऔषधि बनाउने तरीका सम्बन्धी भिडियो<br>– चित्र, पोष्टर | – नजिकैको कृषि फार्ममा लगेर मौसम अनुसार संकलन गरिने तरकारीवाली खाद्यबालीहरुको लगाउने तरिका वारे छलफल गरी टिपोट गर्न लगाउने | – मौसमअनुसार उत्पादनहुने वालीहरुको सूची तयार गर्नुहोस ।<br>– मौरी तथा पशुपंक्षी पालन गर्ने परम्परागत र आधुनिक २/२ तरिका लेख, |  |

| कक्षा | सिकाइ उपलब्धि | विषय बस्तुको बिस्तृतीकरण | शैक्षिक सामाग्री | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन प्रक्रिय | पाठ्य घण्टा |
|---|---|---|---|---|---|---|
| | - कृषि पशु, पंक्षी र मौरी पालनको आधुनिक तरिका र त्यसवाट हुने फाइदा बताउन<br>- पञ्चपुरी नगरपालिकामा पर्यटन व्यवसायको सम्भावना बताउन<br>- पर्यटकसँग शिष्टचार संवाद गर्न | - कृषिमा पशुपालन पंक्षि पालन र मौरीपालन गर्ने आधुनिक तरिका र त्यसबाट हुने फाइदा<br>- पञ्चपुरी नगरपालिकामा पर्यटन व्यवसायको सम्भावना<br>- पर्यटकसँग शिष्टाचार संवाद | – चार्ट | – पशुपंक्षी र मौरीपालन गर्ने परम्परागत र आधुनिक तरिका बारेको भिडियो तथा सो सम्बन्धी लेखिएको चार्ट बनाई तिनीहरूका बारेमा जानकारी दिने<br>– पञ्चपुरी नगरपालिका भित्र रहेका सम्भावित पर्यटनक्षेत्रहरूको अवलोकन भ्रमण गराई त्यहाँको पर्यटन व्यवसायमा काम गरिरहेका व्यक्ती, संघ, संस्था तथा व्यवसायीसंग सम्भावनाका बारेमा छलफल गराई बुदाटिपोट गर्न लगाउने | – पञ्चपुरी नगरपालिका भित्र पर्यटन व्यवसायको सम्भावना बोकेका दुई वटा ठाउँहरुको नाम लेख्नुहोस । | |
| ६ | - परम्परागत र आधुनिक कृषि प्रणाली विच फरक छुट्याउन<br>- पशु मौरी मत्स्य र पक्षी पालनबाट हुने आर्थिक विकासको सूची तयार गर्न<br>- नगरभित्रका पर्यटकीय स्थलको आकर्षण बढाउन पर्यटकीय स्थलको संरक्षण र प्रवर्द्धन गर्न सक्रिय सहभागिता जनाउन | – परम्परागत र आधुनिक कृषि प्रणाली बिच फरक<br>– पशुपालन मौरीपालन माछापालन पक्षीपालन बाट हुने आर्थिक विकासको सूची<br>– पालीका भित्रका पर्यटकीय स्थलको आकर्षण र संरक्षण तथा संवर्धन | - चित्र, पोष्टर<br>- चार्ट | – परम्परागत र आधुनिक कृषि प्रणाली र पशुपालन बिचको फरक तथा आधुनिक कृषिप्रणाली तथा पशुपालनवाट हुने फाइदाबारे फोटो, भिडियो, पोस्टरहरु देखाई समूहमा छलफल गर्ने<br>– स्थानीय पर्यटकीय स्थलमा लागि प्रत्यक्ष रुपमा सरसफाइ गर्न लगाइ पर्यटकीय स्थलको संरक्षण तथा सम्बर्धन गर्ने उपायहरूको सूची तयार गर्न लगाउने | – परम्परागत र आधुनिक कृषि प्रणाली बिच कुनै ४ वटा फरक छुट्यानुहोस ।<br>– पशुपालनबाट तिम्रो समुदायमा भएका कुनै तीनओटा फाइदा लेख .<br>– पर्यटकिय स्थलको संरक्षण तथा प्रवर्द्धन गर्न अपनाउनुपर्ने तीनवटा उपायहरु लेख्नुहोस् । | |

| कक्षा | सिकाइ उपलब्धि | विषय बस्तुको बिस्तृतीकरण | शैक्षिक सामाग्री | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन प्रक्रिय | पाठ्य घण्टा |
|---|---|---|---|---|---|---|
| ७ | – कृषि व्यवसायका लागि लगानीका स्रोतहरू पहिचान तथा कृषि बजारीकरणको उपायहरूको सूची बनाउन<br>– पशुपालन, पक्षीपालन, मौरीपालनको स्थानीयस्तरमा महत्व बताउन<br>– पञ्चपुरी नगरपालिका भित्र का पर्यटकीय स्थलको प्रचार प्रसार र प्रवर्द्धन गर्ने कार्यमा सहभागी हुन | – कृषि व्यवसायका लागि लगानीका स्रोतहरूको पहिचान तथा बजारीकरणको उपायहरुको सूची<br>– स्थानीयस्तरमा पशु, मौरी, पंक्षी पालनको महत्व र सम्भाव्यता<br>– पञ्चपुरी नगरपालिका भित्रका पर्यटकीय स्थलको प्रचार प्रसार र प्रवर्द्धन | - चित्र, पोष्टर<br>- चार्ट | – स्थानीय हाटबजार तथा कृषि उत्पादन केन्द्रको अवलोकन भ्रमण गराई कृषि व्यवसायका लागि चाहिने आधारभूत स्रोतहरूको विवरण सङ्कलन गर्न लगाउने ।<br>– पञ्चपुरी नगरपालिका भित्र रहेका कृषि पकेट क्षेत्रहरु को तालिका प्रस्तुत गरी समूहमा छलफल गर्ने<br>– पञ्चपुरी नगरपालिकाको कृषि तथा पर्यटन व्यवसायको विकास तथा विस्तारका लागि तयार पारेको नगरपालिकाको कार्ययोजना प्रस्तुत गरी छलफल गराउने । | – कृषि व्यवसाय सञ्चालनका लागि चाहिने चारवटा आधार भभूत स्रोतहरूको सूची बनाउनुहोस ।<br>– पञ्चपुरी नगरपालिकाभित्र रहेका कृषि पकेट क्षेत्रहरूको सूची बनाइ त्यहा उत्पादन हुने वस्तुहरू लेख्नुहोस\<br>– पञ्चपुरी नगरपालिकाले तयार पारेको कृषि तथा पर्यटन व्यवसाय सँग सम्बधित कुनै तीनओटा योजनाहरु लेख्नुहोस । | |
| ८ | – पञ्चपुरी नगरपालिकाभित्रका कृषि व्यवसायको विकास तथा बजारीकरणमा पञ्चपुरी नगरपालिकाको भूमिकाबारे बताउन | – पञ्चपुरी नगरपालिकाभित्रका कृषि व्यवसायको विकास तथा बजारीकरणमा पालिकाको भूमिका | भिडियो<br>- चित्र, पोष्टर<br>- चार्ट | – स्थानीय कृषि विज्ञसग छलफल गरी कृषिव्यवसायका चुनौतीको वारेमा छलफल गराई चुनौतीहरु व्यवस्थापनमा पञ्चपुरी नगरपालिकाको योजना बारे समूहगत रुपमा छलफल गराउने। | – कृषि पेसा रहेका चुनौती तथा चुनौतीहरु व्यवस्थापन गर्ने उपायहरु लेख्नुहोस् । | |

| कक्षा | सिकाइ उपलब्धि | विषय बस्तुको बिस्तृतीकरण | शैक्षिक सामाग्री | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन प्रक्रिय | पाठ्य घण्टा |
|---|---|---|---|---|---|---|
| | – कृषि तथा पर्यटन व्यवसाय प्रवर्धन व्यवसाय विस्तार र कृषिको आधुनिकीकरणका लागि पञ्चपुरी नगरपालिकाको योजना बताउन<br>– पञ्चपुरी नगरपालिकामा कृषि तथा पर्यटन विकासमा देखापरेका चुनौतीको पहिचान गर्न | – कृषि तथा पर्यटन व्यवसाय प्रवर्धन विस्तार र कृषिको आधुनिकीकरणका लागि पञ्चपुरी नगरपालिकाको योजना<br>– पञ्चपुरी नगरपालिकामा कृषि तथा पर्यटन विकासका चुनौती | | – पञ्चपुरी नगरपालिकाअन्तर्गत रहेका पर्यटकीय क्षेत्रहरुको संरक्षणका लागि भइरहेका कार्यक्रम बारे छलफल गराउने र पञ्चपुरी नगरपालिकाभित्रका पर्यटकीय स्थलहरूको विकास, विस्तारका लागि प्रचारप्रसार गर्न विद्यार्थीको भूमिका सम्बन्धि कक्षामा वतृत्वकला कार्यक्रम सञ्चालन गरी निष्कर्ष निकाल्न सहजीकरण गर्ने | – पञ्चपुरी नगरपालिकाका पर्यटकीय स्थलहरूको विकास विस्तार तथा प्रचारप्रसारमा तपाईंको भूमिका के रहन्छ लेख्नुहोस। | |

# ४. स्थानीय पेसा, व्यवसाय र प्रविधि

| कक्षा | सिकाइ उपलब्धि | विषयवस्तुको बिस्तृतीकरण | शैक्षिक सामग्री | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन प्रक्रिय | पाठ्य घण्टा |
|---|---|---|---|---|---|---|
| १ | -आफ्नो परिवारका सदस्यहरूले गर्ने पेसा बताउन -आफ्नो छिमेकका मानिसले गर्ने पेसाहरू बताउन ।<br>-स्थानीय पेसामा प्रयोग हुने औजार वा साधनको नाम बताउँन । | स्थानीय र परम्परागत पेसाको परिचय, आफ्नो परिवारका सदस्यहरू (आमाबुबा, काकाकाकी, दाजुदिदी आदि) ले गर्ने कामहरू आफ्नो छिमेकका मानिसहरूले गर्ने पेसाहरू<br>- स्थानीय पेसामा प्रयोग हुने औजार वा साधनको नाम - | आफ्ना परिवारका सदस्यहरूले गर्ने कामहरूबारे बताउन लगाउने ।<br>- कुनै काम गरिरहेको चित्र देखाई के गरिरहेको छ भनेर चिन्न लगाउने । - स्थानीय औजारहरू चिन्न लगाउँने । साधन/ औजारको साधारणप्रयोगको अभिनय गर्न लगाउँने । | स्थानीय मानिसहरूले गर्ने विभिन्न कामहरूको सूची बनाई विद्यार्थीहरू माझ प्रस्तुत गर्ने, - विद्यार्थीहरूलाई आफ्ना घरका सदस्यहरूले गर्ने कामहरू के के हुन् भनी पालैपालो सोध्ने र कामसँग सम्बन्धित पेसा/व्यवसायको नाम बताइदिने, जस्तै : खेतबारीमा काम गर्ने कृषक, - स्थानीय पेसामा प्रयोग हुने औजार वा साधनको नामको सूची बनाई फोटोसहित देखाउँने । | आफ्ना परिवारका सदस्यहरूले गर्ने कामहरूबारे बताउन लगाउने । - कुनै काम गरिरहेको चित्र देखाई के गरिरहेको छ भनेर चिन्न लगाउने । - स्थानीय औजारहरू चिन्न लगाउँने । साधन/ औजारको साधारण प्रयोगको अभिनय गर्न लगाउँने । | |

| कक्षा | सिकाइ उपलब्धि | विषयबस्तुको बिस्तृतीकरण | शैक्षिक सामग्री | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन प्रक्रिय | पाठ्य घण्टा |
|---|---|---|---|---|---|---|
| २ | -आफ्नो छिमेकका मानिसले गर्ने पेसा/व्यवसायको परिचय दिन । | - आफ्नो घर र छिमेकका मानिसले गर्ने पेसा/व्यवसायको परिचय - स्थानीय मानिसहरूले परम्परागत रूपमा गर्दै आएका पेसा/काम सम्बन्धी वर्णन । | - स्थानीय मानिसहरूले गर्ने विभिन्न कामहरूको सूची, ब्रोसर, पोस्टर, भिडियो ।<br>- पेसा व्यवसायबाट मानिसलाई हुने फाइदाहरू बुझाउने चार्ट । | - विद्यालय नजिकका कुनै गाउँको अवलोकन भ्रमण गराई त्यहाँका मानिसहरूले के के काम गरिरहेका छन् देखाई स्थानीय क्षेत्रमा मानिसहरूले गर्ने कामहरूको परिचय दिने ।<br>- आफ्नो घरको अविभावकले गर्ने काम र त्यस कामबाट के के फाईदा भएको छ भन्ने बारेमा आफ्नो अविभावकलाई सोधी कक्षामा प्रस्तुत गर्न लगाउँने । | - आफ्नो विद्यालय वरिपरिको गाउँ/सहरमा बस्ने मानिसहरूले गर्ने कामहरूको सूची बनाउँन लगाउने ।<br>- कुनै काम गरिरहेको चित्र देखाई के गरिरहेको छ भनेर चिन्न लगाउँने<br>- आफ्नो घरको अविभावकले गर्ने काम र त्यस कामबाट के के फाईदा भएको छ भन्ने बारेमा आफ्नो अविभावकलाई सोधी कक्षामा प्रस्तुत गर्न लगाउँने । | |
| ३ | - स्थानीय परम्परागत पेसाको संरक्षणका उपायहरू प्रस्तुत गर्न ।<br>- स्थानीय परम्परागत प्रविधिबाट निर्मित सामग्रीहरूको प्रयोग गर्न । | - स्थानीय परम्परागत पेसाको संरक्षणका उपायहरू - स्थानीय परम्परागत प्रविधिबाट निर्मित सामग्रीहरूको उपयोग-जाँतो दाल, मकै, पिस्ने ढिकी | -स्थानीय परम्परागत प्रविधिबाट निर्मित सामग्रीहरूको सूची र तिनीहरूको | - स्थानीय क्षेत्रमा पाइने परम्परागत प्रविधिबाट निर्मित सामग्रीहरूको सूची बनाउन लगाउने र उक्त सामग्रीहरूको, (उपयोगबारे छलफल गर्ने ।<br>- परम्परागत सामग्रीहरू, जस्तै : हलो | -स्थानीय क्षेत्रमा पाइने स्थानीय परम्परागत प्रविधिबाट निर्मित सामग्रीहरूको चित्रसहित सूची बनाउन लगाउने ।<br>-स्थानीय क्षेत्रमा पाइने परम्परागत प्रविधिबाट | |

| कक्षा | सिकाइ उपलब्धि | विषयबस्तुको बिस्तृतीकरण | शैक्षिक सामग्री | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन प्रक्रिय | पाठ्य घण्टा |
|---|---|---|---|---|---|---|
| | | धान, कुटने | उपयोग सम्बन्धी पोस्टर, भिडियो ।<br>-पेसा व्यवसायबाट मानिसलाई हुने फाइदाहरू बुझाउँने चार्ट । | नाङ्लो, पानीघट्ट) बनाउने मानिसहरूसँग भेट गराई निर्माण प्रक्रिया अवलोकन गराउने ।<br>- स्थानीय परम्परागत पेसाको संरक्षणका उपायहरूबारे जानकारी दिन स्थानीय विज्ञबाट प्रस्तुतीकरण गर्न लगाई निष्कर्ष दिने। | निर्मित सामग्रीहरूको उपयोगबारे प्रश्नोत्तर गर्ने ।<br>- पेसा व्यवसायबाट मानिसलाई हुने फाइदाहरूको सूची तयार पारी प्रस्तुत गर्न लगाउने । | |
| ४ | - पुराना र स्थानीय प्रविधिमा आधारित सामग्रीहरूको परिचय दिन र प्रयोग गरेर देखाउँन । | पुराना प्रविधि (ढिकी, जाँतो, ओखल, पानीघट्ट, काठको भऱ्याङ, उखु पे ल्ने कोल, तेलको मिल, काठको भाँडा बनाउँने स्थानीय प्रविधि आदि) बारे परिचय, तिनीहरूको काम वा प्रयोग | स्थानीय पर म्परागत प्रविधि (ढिकी, जाँतो, ओखल, पानीघट्ट, उखु पेल्ने को ल, तेलको मिलको फोटो र तिनीहरू बनाउँने तरि काबारे जानकार ीमूलक पोस्टर, ब्रोसर आदि । | -स्थानीय परम्परागत प्रविधि सञ्चालन भएको ठाउँमा लगी अवलोकन गराउने र प्रयोग गर्ने तरिकाबारे छलफल गर्ने ।<br>- स्थानीय परम्परागत सामग्री बनाउने मानिससँग भेट गराई उक्त सामग्री बनाउने तरिकाबारे दे खाउन लगाउने र छलफल गराउने । | आफ्नो घर/ विद्यालय नजिक पाइने स्थानीय परम्परागत प्रविधिमा आधारित सामग्रीहरूको नाम टिपोट गरी त्यसको प्रयोगबारे लेख्न लगाउने,<br>- स्थानीय परम्परागत प्रविधिमा आधारित कुनै तिनओटा सामग्रीहरूको चित्र बनाई त्यसको उपयोगबारे लेखी कक्षामा प्रस्तुत गर्न । | |

| कक्षा | सिकाइ उपलब्धि | विषयबस्तुको बिस्तृतीकरण | शैक्षिक सामग्री | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन प्रक्रिय | पाठ्य घण्टा |
|---|---|---|---|---|---|---|
| ५ | - निगालो/बेत/बाँसकोप्रयोग गरी घरायसी सामग्री, बनाउँन ।<br>- पानी घट्टाको परिचय दिन । | - निगालो/बेत/बाँसको प्रयोग गरी घरायसी सामग्रीहरु चोया, बाता, डोको, चाल्नी, डोरी, नाम्लो, घुम निर्माण -पानी घट्टको परिचय | - निगालो, बाँस, बेत<br>- स्थानीय प्रविधिमा आधारित सामग्रीहरू बनाएको बृत्तचित्र, पोस्टर । | - स्थानीय क्षेत्रमा निगालो/बेत/बाँसको प्रयोग गरी घरायसी सामग्रीहरु चोया, डोको, चाल्नी, डोरी, नाम्लो, घुम निर्माण गर्ने ठाउँमा लगेर अवलोकन गर्न लगाउने र सम्बन्धित व्यक्तिसँग उक्त सामग्रीहरू बनाउने तरिकाबारे छलफल गर्न लगाउने ।<br>- उल्लिखित सामग्रीहरूको नमुना तयार पार्न लगाई त्यसको प्रयोगबारे छलफल गराउने ।<br>- पानीघट्टको परिचय बताई विद्यालय नजिकै रहेको पानीघट्टको अवलोकन भ्रमण गराउने ।<br>- पानी घट्टको उपयोगिताबारे छलफल गरी विद्यार्थीहरूलाई यससम्बन्धी एक अनुच्छेद लेख्न लगाउने । | - निगालो/बेत/बाँसकोप्रयोग गरी घरायसी सामग्री निर्माण गर्न लगाउने ।<br>- पानीघट्टको परिचय दिन लगाउने । | |

| कक्षा | सिकाइ उपलब्धि | विषयबस्तुको बिस्तृतीकरण | शैक्षिक सामाग्री | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन प्रक्रिय | पाठ्य घण्टा |
|---|---|---|---|---|---|---|
| ६ | - स्थानीय परम्परागत सिप र प्रविधिमा आधारित उद्योग व्यवसाय सम्बन्धी जानकारी दिन<br>- स्थानीय परम्परागत प्रविधिहरूवाट उत्पादित वस्तुहरूको परिचय दिन बालुवा बाट सुन छान्ने पेसाका बारेमा परिचय दिन। | - स्थानीय परम्परागत सिप र प्रविधिमा आधारित उद्योग व्यवसाय (बेत, बाँस उद्योग, फर्निचर उद्योग, आरन व्यवसाय, परम्परागत सिप तितेपाती प्रशोधन, डकर्मी, सिकर्मी, कपडा बुनाइ) सम्बन्धी जानकारी<br>- स्थानीय परम्परागत प्रविधिहरूवाट उत्पादित वस्तुहरूको परिचय दिन साथै बालुवा बाट सुन छान्ने पेसाका बारेमा परिचय दिने । | - स्थानीय परम्परागत सिप र प्रविधिमा आधारित उद्योग व्यवसायसँग सम्बन्धित वृत्तचित्र, पोस्टर, तालिम सामग्री चित्र, चार्ट, पोस्टर तथा तस्बिरहरू, बृत्तचित्र आदि | - स्थानीय परम्परागत सिप र प्रविधिमा आधारित उद्योग व्यवसाय ( बेत, बाँस उद्योग, फर्निचर उद्योग, आरन व्यवसाय, तितेपाती प्रशोधन, डकर्मी, सिकर्मी, कपडा बुनाइ) सञ्चालनमा रहेको ठाउँमा लगेर अवलोकन गराउने र सम्बन्धित व्यक्तिसँग उक्त उद्योगले उत्पादन गर्ने सामग्रीहरूका उपयोगिताबारे छलफल गर्न लगाउने ।<br>- स्थानीय परम्परागत सिप र प्रविधिमा आधारित उद्योग व्यवसाय सम्बन्धीत वृत्तचित्र प्रस्तुत गरी यसले हाम्रो समाजमा पार्ने प्रभावका बारे छलफल गर्न लगाउँने । राजी जाति को बालुवाबाट सुन छान्ने पेसाका बारेमा जानकारी दिने र सुन छानिरहेको ठाउँमा लगेर अवलोकन गराउने । | - विद्यालय नजिकैको कुनै एक स्थानीय उद्योगको अवलोकन अध्ययनभ्रमण गरी उक्त उद्योगको परिचय, उत्पादित वस्तुको उपयोगिताता समेटी प्रतिवेदन तयार पारी प्रस्तुत गर्न लगाउने ।<br>- विद्यार्थीहरूको प्रस्तुतिको अवलोकन, मूल्याङ्कन गर्ने । | |

| कक्षा | सिकाइ उपलब्धि | विषयबस्तुको बिस्तृतीकरण | शैक्षिक सामाग्री | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन प्रक्रिय | पाठ्य घण्टा |
|---|---|---|---|---|---|---|
| ७ | -पञ्चपुरी नगरपालिका क्षेत्रभित्र सञ्चालित ब्यावसायको परिचय बताउन ।<br>- पञ्चपुरी नगरपालिका भित्र सञ्चालित ब्यवसायबाट आर्थिक क्षेत्रमा परेको प्रभाव बताउन । | -पञ्चपुरी नगरपालिकाभित्र सञ्चालित ब्यावसायहरुको परिचय<br>- पञ्चपुरी नगरपालिका भित्र सञ्चालित ब्यावसायबाट आर्थिक क्षेत्रमा परेको प्रभाव | -पञ्चपुरी नगरपालिकाक्षेत्र भित्र सञ्चालित ब्यवसायहरुको सूची विभिन्न ब्यवसायसँग सम्वन्धित पोस्टर, बृत्तचित्र आदि । | -विद्यालयको नजिकमा रहेकोवा पञ्चपुरी नगरपालिका क्षेत्रभित्र सञ्चालित ब्यवसायहरुको स्थलगत अवलोकनभ्रमण गरी जानकारी लिने र ब्यवसायको महत्व बुँदागतरुपमा लेख्न लगाउने ।<br>-अवलोकन भ्रमणमा समन्वधित ब्यवसायीसँग छलफल गरी ब्यवसायले आर्थिक क्षेत्र (जीवन स्तरमा भएको बृद्धि, रोजगारीका अवसरको सृजना र आयआर्जन) मा पुऱ्याएको सकारात्मक पक्षलाई समेटेर प्रतिवेदन तयार गरी बुदागत रुपमा प्रस्तुत गर्न लगाउँने ।<br>- पञ्चपुरी नगरपालिकाभित्र सञ्चालित ब्यावसायको सूची तयार गर्न लगाउने । | -पञ्चपुरी नगरपालिकाभित्र सञ्चालित ब्यवसायहरुको परिचय दिन लगाउने । - ब्यवसाय सञ्चालनबाट रोजगारीको क्षेत्रमा पर्ने प्रभाव भन्न र लेख्न लगाउने ।<br>-ब्यावसायले ब्यवसायीको जीवनमा पर्ने सकारात्मक प्रभाहरु बुँदागत रुपमा लेख्न र भन्न लगाउने । | १४ |

| कक्षा | सिकाइ उपलब्धि | विषयबस्तुको बिस्तृतीकरण | शैक्षिक सामाग्री | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन प्रक्रिय | पाठ्य घण्टा |
|---|---|---|---|---|---|---|
| | -पञ्चपुरी नगरपालिका क्षेत्रभित्र सञ्चालित ब्यावसायको परिचय बताउन ।<br>- पञ्चपुरी नगरपालिका भित्र सञ्चालित ब्यवसायबाट आर्थिक क्षेत्रमा परेको प्रभाव बताउन । | -पञ्चपुरी नगरपालिकाभित्र सञ्चालित ब्यावसायहरुको परिचय<br>- पञ्चपुरी नगरपालिका भित्र सञ्चालित ब्यावसायबाट आर्थिक क्षेत्रमा परेको प्रभाव | -पञ्चपुरी नगरपालिकाक्षेत्र भित्र सञ्चालित ब्यवसायहरुको सूची विभिन्न ब्यवसायसँग सम्वन्धित पोस्टर, बृत्तचित्र आदि । | -विद्यालयको नजिकमा रहेकोवा पञ्चपुरी नगरपालिका क्षेत्रभित्र सञ्चालित ब्यवसायहरुको स्थलगत अवलोकनभ्रमण गरी जानकारी लिने र ब्यवसायको महत्व बुँदागतरुपमा लेख्न लगाउने ।<br>-अवलोकन भ्रमणमा समन्वधित ब्यवसायीसँग छलफल गरी ब्यवसायले आर्थिक क्षेत्र (जीवन स्तरमा भएको बृद्धि, रोजगारीका अवसरको सृजना र आयआर्जन) मा पुऱ्याएको सकारात्मक पक्षलाई समेटेर प्रतिवेदन तयार गरी बुदागत रुपमा प्रस्तुत गर्न लगाउँने ।<br>- पञ्चपुरी नगरपालिकाभित्र सञ्चालित ब्यावसायको सूची तयार गर्न लगाउने । | -पञ्चपुरी नगरपालिकाभित्र सञ्चालित ब्यवसायहरुको परिचय दिन लगाउने । - ब्यवसाय सञ्चालनबाट रोजगारीको क्षेत्रमा पर्ने प्रभाव भन्न र लेख्न लगाउने ।<br>-ब्यावसायले ब्यवसायीको जीवनमा पर्ने सकारात्मक प्रभाहरु बुँदागत रुपमा लेख्न र भन्न लगाउने । | १४ |

| कक्षा | सिकाइ उपलब्धि | विषय बस्तुको बिस्तृतीकरण | शैक्षिक सामग्री | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन प्रक्रिय | पाठ्य घण्टा |
|---|---|---|---|---|---|---|
| ८ | -पञ्चपुरी नगरपालिका क्षेत्रभित्र सम्भावित पेशा व्यवसायको परिचय बताउँन । आर्थिक र रोजगारीका क्षेत्रमा पार्नसक्ने प्रभाव र महत्व बताउँन । व्यबसाय छनोट सिप विकास गर्न । | -पञ्चपुरी नगरपालिका क्षेत्र भित्र सम्भावित पेसा ब्यवसाय होम स्टे, र्‍याफ्टिङ, **दुना टपरी उद्योग मसला तथा ज**डीबुटी प्रशोधन उद्योग । | -सम्भावित पेसा व्यवसायसँग सम्बन्धीत वृत्तचित्र, पोस्टर, तालिम सामग्री चित्र, चार्ट, पोस्टर तथा तस्बिरहरू बृत्तचित्र आदि । | -पञ्चपुरी नगरपालिका क्षेत्रभित्र सम्भावित पेसा ब्यवसायको बारेमा छलफल गर्ने । सम्भावित पेसा ब्यवसायको सूची तयार पार्ने ।<br>-सम्भावित पेसा ब्यवसाय होम स्टे, र्‍याफ्टिङ, **दुना टपरी उद्योग**, मसला तथा जडीबुटी प्रशोधन उद्योग आदि बारेमा जानकारी गर्ने छलफल गर्ने । यसले आर्थिक र रोजगारीका क्षेत्रमा पार्नसक्ने प्रभावका बारेमा छलफल गर्ने । व्यबसाय छनोट सिप विकास गर्न विभिन्न पेसाका बारेमा छलफल गर्ने । व्यबसाय छनोट गर्न लगाउने । | -पञ्चपुरी नगरपालिका क्षेत्रभित्र सम्भावित पेशा व्यवसायको बारेमा लेख्न र भन्न लगाउने होम स्टे, र्‍याफ्टिङ, दुनाटपरी उद्योग मसला तथा जडीबुटी प्रशोधन उद्योग आदि बारेमा लेख्न र भन्न लगाउने ।<br>-यसले आर्थिक र रोजगारीका क्षेत्रमा पार्नसक्ने प्रभावका बारेमा लेख्न र भन्न लगाउने । | १४ |

## ५. स्थानीय स्तरमा क्रियाशील सामाजिक सङ्घ संस्थाहरूको भूमिका पहिचान

| कक्षा | सिकाइ उपलब्धि | विषयबस्तुको बिस्तृतीकरण | शैक्षिक सामाग्री | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन प्रक्रिय | पाठ्य घण्टा |
|---|---|---|---|---|---|---|
| १ | हाम्रा सामाजिक सङ्घसंस्था र व्यक्तित्वहरुका नाम भन्न । | ● स्थानीय शै.तथा सामाजिक संस्थाहरु, परिवार, विद्यालय<br>स्थानीय प्रख्यात/विशिष्ट व्यक्तिहरुको चित्र र नाम | विशिष्ट व्यक्तिहरुको चित्र र नाम | ● परिवारको र विद्यालयको बारे प्रदर्शनी तथा प्रत्यक्ष भेटघाट गराउने<br>● चित्रपत्ती, शब्द पत्तीमा स्थानीय व्यत्तिहरुको नाम प्रतुत गर्ने, | ● चित्रको माध्यामबाट परिवार तथा विद्यालय चिन्न लगाउने<br>● स्थानीय प्रख्यात /विशिष्ट ब्यक्तिहरुको नाम सोध्ने । | १४ |
| २ | हाम्रा सामाजिक सङ्घसंस्था र व्यक्तित्वहरुका बारेमा भन्न । | ● स्थानीय शै तथा संस्थाको परिवारको नाम, विद्यालय स्वास्थ्य चौकी, वडा<br>● स्थानीय प्रख्यात/विशिष्ट व्यक्तिहरुको पहिचान | चित्र, भिडियो | ● परिवार, विद्यालय, स्वास्थ्यचौकीबारे प्रदर्शनी तथा प्रत्यक्ष भेटघाट गराउने<br>● चित्रपत्ती, शब्दपत्तीमा स्थानीय व्यक्तित्वहरुको नाम प्रतुत गर्ने | ● परिवार, विद्यालय तथा स्वास्थ्यचौकी चित्रको माध्यामबाट चिन्न लगाउने तथा त्यसमा नेतृत्व गर्नेको नाम सोध्ने<br>● ख्यातिप्राप्त क्षेत्रहरुसहित ब्यक्तिहरुको नाम सोध्ने । | १४ |
| ३ | हाम्रा सामाजिक सङ्घसंस्था र व्यक्तित्वहरुका बारेमा भन्न । | ● स्थानीय शै.तथा सामाजिक संस्थाहरुके परिचय विद्यालय, स्वास्थ्य, संस्था चौकी वडा कार्यालय, सहकारी<br>स्थानीय प्रख्यात/विशिष्ट व्यत्तित्वहरुको सूचि | विशिष्ट व्यत्तित्वहरुको सूची | ● वडाहरुवारे प्रदर्शन तथा प्रत्यक्ष भेटघाट गराउने विद्यालय, स्वास्थ्य संस्था, प्रहरी चौकी वडा कार्यालयमा<br>● चित्रपत्ती, शब्दपत्तीमा स्थानीय व्यक्तित्वहरुको नाम प्रतुत गर्ने | ● चित्रको माध्यामबाट स्वास्थ्य संस्था प्रहरीचौकी चिन्न लगाउने, वडा कार्यालय<br>● स्थानीय प्रख्यात व्यक्तिहरुका नामहरु सोध्ने । | १४ |

| कक्षा | सिकाइ उपलब्धि | विषयबस्तुको बिस्तृतीकरण | शैक्षिक सामाग्री | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन प्रक्रिय | पाठ्य घण्टा |
|---|---|---|---|---|---|---|
| ४ | आफ्नो वडा तथा छिमेकी वडामा रहेका सामाजिक सङ्घ संस्थाहरूको नाम र प्रदान गर्ने सेवा बताउन । | • आफ्नो वडा तथा छिमेकी वडामा रहेका सामाजिक सङ्घ संस्थाहरूको नाम र प्रदान गर्ने सेवा बताउन । | • आफ्नो वडा तथा छिमेकी वडामा रहेका सामाजिक सङ्घ संस्थाहरूको नामको सूची<br>• चित्र, तस्विर, यिनबाट प्रदान गर्ने सेवाहरूको सूची | • अनुभवमा आधारित छलफल, चित्र छलफल<br>• समूहकार्य, भूमिका अभिनय,<br>• जोडा मिलाउने खेल, क्षेत्र भ्रमण,<br>• परियोजना कार्य | • भूमिका अभिनय प्रदर्शनमा देखाएको सजीवताको अवलोकन,<br>• प्रश्नहरूको उत्तर वा विद्यार्थीहरूले दिएको मौखिक तथा लिखित प्रतिक्रिया, सामूहिक तथा व्यक्तिगत कार्य अभ्यासमा सक्रिय सहभागिताको अवस्था जस्ता पक्षहरूको उपायोग,<br>• उनीहरूबाट सम्पादन गरेका कार्यहरूको अभिलेख अध्ययन | १४ |
| ५ | • नगरपालिका भित्र रहेका बालबालिकासँग सम्बन्धित संस्थाहरूको कार्य तथा भूमिका बताउन | • नगरपालिकाभित्र रहेका बालबालिकासँग सम्बन्धित संस्थाहरूको कार्य तथा भूमिका बताउन । | • नगरपालिकाभित्र रहेका बालबालिकासँग सम्बन्धित संस्थाहरूको कार्य तथा भूमिका दर्शाउने पाठपत्र | अनुभवमा आधारित छलफल, चित्रछलफल, समूह कार्य, भूमिका अभिनय, जोडा मिलाउने खेल, क्षेत्र भ्रमण, कुराकानी, खोजविन सम्बन्धी परियोजना कार्य | • भूमिका अभिनय प्रदर्शनमा देखाएको सजीवताको अवलोकन, प्रश्नहरूको विद्यार्थीहरूले दिएको मौखिक तथा लिखित प्रतिक्रिया,<br>• सामूहिक तथा व्यक्तिगत कार्याअभ्यासमा सक्रिय सहभागिताको अवस्था जस्ता पक्षहरूको उपायोग, उनीहरूबाट सम्पादन गरेका कार्यहरूको अभिलेख अध्ययन | १३ |

| कक्षा | सिकाइ उपलब्धि | विषयबस्तुको बिस्तृतीकरण | शैक्षिक सामग्री | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन प्रक्रिय | पाठ्य घण्टा |
|---|---|---|---|---|---|---|
| ६ | नगरपालिकाभित्र रहेका सामाजिक सङ्घसंस्थाहरूको पहिचान,<br>कार्यक्षेत्र र तिनीहरूले खेलेको भूमिका बताउन | ● नगरपालिकाभित्र रहेका सामाजिक सङ्घ संस्थाहरूको पहिचान,<br>● कार्यक्षेत्र र तिनीहरूले खेलेको भूमिका बताउन | ● नगरपालिकाभित्र रहेका सामाजिक सङ्घ संस्थाहरूको नामको सूची,<br>● कार्य क्षेत्र<br>● तिनीहरूले खेलेको भूमिकामा आधारित पाठपत्र | ● अनुभवमा आधारित छलफल, चित्र छलफल, समूहकार्य,<br>● भूमिका अभिनय, जोडा मिलाउने खेल,<br>● क्षेत्रभ्रमण, कुराकानी,<br>● खोजविन सम्बन्धी परियोजना कार्य | ● भूमिका अभिनय, प्रदर्शनमा देखाएको सजिवताको अवलोकन,<br>● प्रश्नहरूको उत्तर वा विद्यार्थीहरूले दिएको मौखिक तथा लिखित प्रतिक्रिया,<br>● सामूहिक तथा व्यक्तिगत कार्य अभ्यासमा सक्रिय सहभागिताको अवस्था जस्ता पक्षहरूको उपायोग,<br>● उनीहरूबाट सम्पादन गरेका कार्यहरूको अभिलेख अध्ययन, | १३ |
| ७ | क्रियाशील सामाजिक सङ्घ संस्थाहरूबाट सञ्चालन गरिने कार्यक्रममा स्थानीय तह तथा सरोकारवालाहरूको भूमिका वर्णन गर्न । | नगरपालिका तथा वरपर क्रियाशील सामाजिक सङ्घ संस्थाहरूबाट सञ्चालन गरिने कार्यक्रममा स्थानीय तह तथा सरोकारवालाहरूको भूमिका वर्णन गर्न । | ● नगरपालिका तथा वरपर क्रियाशील सामाजिक सङ्घसंस्थाहरूबाट सञ्चालन गरिने कार्यक्रममा स्थानीय तह तथा सरोकारवालाहरूको भूमिकामा आधारित पाठपत्र | ● अनुभवमा आधारित छलफल,<br>● चित्र छलफल, समूहकार्य,<br>● भूमिका अभिनय, जोडा मिलाउने खेल, क्षेत्रभ्रमण,<br>● परियोजना कार्य | ● भूमिका अभिनय प्रदर्शनमा देखाएको सजीवताको अवलोकन,<br>● प्रश्नहरूको विद्यार्थीहरूले दिएको मौखिकतथा लिखित प्रतिक्रिया, सामूहिक तथा व्यक्तिगतकार्य<br>● अभ्यासमा सक्रिय सहभागिताको अवस्थाजस्ता पक्षहरूको उपायोग, उनीहरूबाट सम्पादन गरेका कार्यहरूको अभिलेख अध्ययन | १३ |

| कक्षा | सिकाइ उपलब्धि | विषयबस्तुको बिस्तृतीकरण | शैक्षिक सामग्री | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन प्रक्रिय | पाठ्य घण्टा |
|---|---|---|---|---|---|---|
| ८ | नगरपालिकाभित्र तथा आसपास रहेका सामाजिक सङ्घसंस्थाहरूको योगदान, समन्वय र सहकार्यको वर्णन गर्न । | नगरपालिकाभित्र तथा आसपास रहेका सामाजिक सङ्घ संस्थाहरूको योगदान, समन्वय र सहकार्यको वर्णन गर्न । | ● नगरपालिकाभित्र तथा आसपास रहेका सामाजिक सङ्घसंस्थाहरूको योगदान, समन्वय र सहकार्यमा आधारित पाठपात्र | ● अनुभवमा आधारित छलफल, चित्र छलफल, समूहकार्य,<br>● भूमिका अभिनय,<br>● जोडा मिलाउने खेल, क्षेत्रभ्रमण, परियोजना कार्य | ● भूमिका अभिनय प्रदर्शनमा देखाएको सजीवताको अवलोकन,<br>● प्रश्नहरूको उत्तर वा विद्यार्थीहरूले दिएको मौखिक तथा लिखित प्रतिक्रिया,<br>● सामूहिक तथा व्यक्तिगत कार्याभ्यासमा सक्रिय सहभागिताको अवस्थाजस्ता पक्षहरूको उपायोग,<br>● उनीहरूबाट सम्पादन गरेका कार्यहरूकोअभिलेख अध्ययन | १३ |

## ६. विपद् व्यवस्थापन (१–३)

| कक्षा | सिकाइ उपलब्धि | विषय बस्तुको बिस्तृतीकरण | शैक्षिक सामग्री | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन प्रक्रिय | पाठ्य घण्टा |
|---|---|---|---|---|---|---|
| १ | घरभित्र र घरबाहिर हुनसक्ने विपद्, (भऱ्याङ चढ्दा, बरन्डामा खेल्दा, घरको छतबाट खस्दाहुने जोखिमको पहिचान गर्न । | घरभित्र र बाहिर भैरहेका र हुन सक्ने विपद्को पहिचान गर्न | चित्र<br>श्रव्यदृश्य सामग्रीहरु अवलोकन | ➢ चित्र एवमु दृश्य सामग्रीको माध्यमबाट विपद्को पहिचान गर्न लगाउने,<br>➢ आफ्नो घरभित्र र बाहिर वा वरवर घट्न सक्ने प्रकोप वा विपद्को नाम भन्न लगाउने र विद्यार्थीको अनुभव छलफल गर्न लगाउने ।<br>➢ शिक्षकले विगतमा घटेका घटनाहरुको अनुभव सुनाई विपद्को परिचय दिने । | • दुर्घटनाको सामना गरेका विद्यार्थीलाई अनुभव सुनाउन लगाएर,<br>• प्रकोपको चित्र र नामको जोडा मिलाउन लगाएर । | १४ |
| २ | ➢ घर वरपरका विपद् जस्तै : आगलागी, हावाहुरी, बाढी पहिरो आदिको पहिचान दिन<br>➢ घरभित्र र बाहिर वा वरपर हुने जोखिमहरुबाट बच्ने उपाय बताउन | ➢ घर वरपरका विपद् जस्तै : आगलागी, हावाहुरी, बाढी पहिरो आदिको परिचय दिन | चित्र<br>श्रव्यदृश्य सामग्रीहरु अवलोकन | ➢ चित्र पोस्टर वा श्रव्यदृश्य सामग्रीको माध्यमबाट प्रकोपको पहिचान गराउने<br>➢ विद्यार्थीलाई आफूले देखेका, भोगेका र अनुभव गरेका प्रकोपका बारेमा आफ्नो अनुभव सुनाउन लगाउने,<br>➢ शिक्षकले स्थानीय स्तरमा घट्ने प्रकोपका केही उदाहरण (आगलागी, हावाहुरी, बाढीपहिरो)सुनाएर आपसमा छलफल गराउने ।<br>➢ चित्रको माध्यमबाट त्यहाँ के भैरहेको छ, चित्रमा के देखियो आदि प्रश्नहरु सोधेर चित्रमा भएको जस्तै अवस्था भयो भने तपाईंहरु के गर्नुहुन्छ भन्ने विषयमा छलफल गराउने ।<br>➢ ती स्थानहरुमा सुरक्षित रहन गरिने पूर्व सावधानीहरुको बारेमा छलफल गराउने।<br>➢ घरमा हँदा विभिन्न जोखिमहरुबाट बच्ने उपायहरु छलफल गराउने र आवश्यकताअनुसार सहजीकरण गर्ने । | • प्रकोपको चित्र र नामको जोडा मिलाउन लगाएर ।<br>• दुर्घटनाबाट बचेका विद्यार्थीहरुलाई अनुभव सुनाउन लगाएर,<br>• चित्रको माध्यमबाट जोखिम पहिचान गर्न लगाएर,<br>• जोखिमबाट बच्ने उपाय भन्न लगाएर । | १४ |

| कक्षा | सिकाइ उपलब्धि | विषय बस्तुको बिस्तृतीकरण | शैक्षिक सामग्री | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन प्रक्रिय | पाठ्य घण्टा |
|---|---|---|---|---|---|---|
| ३ | ➢ विद्यालयभित्र हुने जोखिमहरुबाट सावधानी अपनाउन ।<br>➢ भूकम्प, महामारी, चट्याङबाट सुरक्षित हुनको लागि आवश्यक सावधानी अपनाउन । | ➢ विद्यालय परिसरमा हुने जोखिम<br>➢ भूकम्प, महामारी, चट्याङबाट सुरक्षा | चित्र<br>श्रव्यदृश्य सामग्रीहरु<br>अवलोकन | ➢ चित्र पोष्टर वा श्रव्यदृश्य सामग्रीको माध्यमबाट विद्यालयभित्र हुन सक्ने विभिन्न जोखिमहरुको छलफल गराउने ।<br>➢ विद्यालयपरिसर भ्रमण वा अवलोकन गरी विभिन्न जोखिमयुक्त स्थानहरु पहिचान गराई ती स्थानहरु जोखिमयुक्त हुनुको कारणबारे छलफल गर्ने ।<br>➢ विद्यालयमा हुने विभिन्न जोखिमहरुबाट बच्ने उपायहरु छलफल गर्न लगाउने र शिक्षकले सहहयोग गर्ने ।<br>➢ श्रव्यदृश्य सामग्रीको माध्यमले (वि.सं.२०७२ सालको भुकम्प र अन्य भुकम्प) चिनारी गराउने र त्यस सम्बन्धी अनुभव साटासाट गर्न लगाउने<br>➢ चित्रको माध्यमले भुकम्पबाट बच्ने उपाय बताउने र छलफल गराई भूकम्पबाट हुने क्षति कम गर्न कृतिम घटना अभ्यास गराउने ।<br>➢ चित्र पोस्टर वा श्रव्यदृश्य सामग्रीको माध्यमबाट माहमारीको बारेमा जानकारी दिने ।<br>➢ भूकम्प, महामारी र चट्याङ आदिबाट बच्ने उपायको बारेमा छलफल गर्ने<br>➢ भूकम्प र महामारीबाट बच्नको लागि गरिने कृतिम अभ्यास गराउने । | • विद्यालयमा हुने जोखिमहरु बताउन लगाउने<br>• विद्यालयमा हुने जोखिमहरुबाट बच्ने उपायको लालिका बनाउन लगाउने ।<br>• भूकम्पबाट बच्ने उपायहरु बताउन लगाएर<br>• विभिन्न महामारीहरुबाट बच्ने उपायहरु बताउन लगाएर,<br>• चट्याङले गर्ने क्षतिलाई बताउन लगाएर । | १४ |

## ६. विपद् व्यवस्थापन (४–५)

| कक्षा | सिकाइ उपलब्धि | विषयबस्तुको बिस्तृतीकरण | शैक्षिक सामाग्री | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन प्रक्रिय | पाठ्य घण्टा |
|---|---|---|---|---|---|---|
| ४ | ➢ चाडपर्वको अवसरमा हुने जोखिम (पिङ, चङ्गा, पटका, खाना, व्यवहार आदि पहिचान गर्न,<br>➢ प्राकृतिक विपद् र मानव सृजित विपद्का प्रभाव एवम् असरहरु बताउन<br>➢ सवारी दुर्घटना हुने कारण र बच्ने उपायहरु बताउन | ➢ चाडपर्वको अवसरमा हुने जोखिम (पिङ, चङ्गा, पटका, खाना, व्यवहार आदिको पहिचान<br>➢ प्रकृतिक विपद् र मानव सृजित विपद्का प्रभाव एवम् असर<br>➢ सवारी दुर्घटना हुने कारण र बच्ने उपायहरु बताउन | | ➢ समुदायमा मनाइने विभिन्न चाडहरु मनाउदा बालबालिकाले गर्ने मुख्य क्रियाकलापको सूची बनाई प्रस्तुत गर्न लगाउने ।<br>➢ ती क्रियाकलापमध्ये कुन कुन जोखिमयुक्त छन् बुँदागत रुपमा टिपोट गर्न लगाउने ।<br>➢ कथा, पोस्टर, भिडियो, समाचार लेखिएको घटनाहरुको पर्दशन गरी चाडपर्वको समयमा हुने जोखिमहहरुको बारेमा छलफल गराउने ।<br>➢ विगत एक वर्षभित्र विद्यालय एवम् घर वरिपरि घटेका विभिन्न घटनाहरुको सूची तयार गर्न लगाउने ।<br>➢ विद्यार्थीहरुलाई समूहमा विभाजन गरी सूचीकृत घटनाहरुमध्ये कुन कुन मानव सिर्जित वा प्राकृतिक हुन् छुट्याउन लगाउने ।<br>➢ चित्र, श्रव्यदृश्य सामग्री, पोस्टर आदिका माध्यमबाट सवारी दुर्घटनाको परिचय दिने ।<br>➢ विद्यालय नजिकको सडकमा भएका कुनै घटना सवारी दुर्घटनाका बारेमा बताउँदै यसको परिचय दिने,<br>➢ सवारी दुर्घटनाका कारण - बाटो काट्दा, वेगसँग गाडी चलाउदा, सिग्नल बत्ती (रातो, हरियो, पहेलो, निलो) को प्रयोग नगर्दा, जाँडरक्सी खाई बेसुरमा हिड्दा, हर्न नबजाउदा आदि) बारे छलफल गर्ने ।<br>➢ सवारी दुर्घटना हुने कारणहरु बताउदै यसबाट बच्ने उपाय बताउने । | ➢ चाडपर्वको बेला( पिङ खेल्दा, चङ्गा उडाउदा, पटका पट्काउँदा, खाना खाँदा हुन सक्ने जोखिम के के हुन सक्छन् भन्ने बारेमा विभिन्न प्रश्न सोधेर ।<br>➢ प्राकृतिक र मानव सिर्जित विपद्को सूची बनाउन लगाउने ।<br>➢ सवारी दुर्घटना भनेको के हो सोध्ने ।<br>➢ के कारणले सवारी दुर्घटना हुन्छ बताउन लगाउने ।<br>➢ सवारी दुर्घटनाबाट बच्ने कुनै ४ ओटा कारण भन्न लगाउने । | १४ |

| कक्षा | सिकाइ उपलब्धि | विषयबस्तुको बिस्तृतीकरण | शैक्षिक सामाग्री | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन प्रक्रिय | पाठ्य घण्टा |
|---|---|---|---|---|---|---|
| ५ | ➢ चाडपर्वको समयमा हुने जोखिम(चङ्गा, पिङ, पटका, खाना, व्यवहार आदिको असर बताउन | ➢ चाडपर्वको समयमा हुने जोखिम(चङ्गा, पिङ, पटका, खाना व्यवहार आदिको असर | | ➢ चाडपर्वको समयमा बालबालिकाले गर्ने मुख्य क्रियाकलापको सूची बनाई प्रस्तुत गर्न लगाउने ।<br>➢ ती मध्ये जोखिमयुक्त क्रियाकलापको बुँदा टिपोट गराउने,<br>➢ कक्षामा विद्यार्थीहरुलाई समूहमा विभाजन गरी चाडपर्वको बेलामा मानिसले गर्ने विभिन्न क्रियाकलापमा ( चङ्गा, पिङ, पटका, खाना व्यवहार आदिका प्रत्यक्ष र परोक्ष असरहरु बताउने । | ➢ तलका कार्य गर्दा अपनाउने २/२ ओटा सावधानी भन्नुहोस् :<br>● पिङखेल्दा<br>● चङ्गा उडाउदा<br>● खाना खाँदा | १४ |
| | ➢ प्राकृतिक विपद् र मावन सिर्जित विपद्बाट साना बालबालिकाको संरक्षण गर्न | ➢ प्राकृतिक विपद् र मावन सिर्जित विपद्बाट बालबालिकाको संरक्षण | | ➢ प्राकृतिक विपद् (बाढि, पहिरो, भूकम्प, हावाहुरी आदि )र मानव सिर्जित विपद्( आगलागी, पटका पट्काउँदा, खाना, व्यवहार आदि) को बारेमा छलफल गर्ने<br>➢ ती बालबालिकालाई माथि उल्लेखित व्यवहारबाट कसरी संरक्षण गर्ने भन्ने सन्दर्भमा बुँदा टिपोट गर्न लगाई आफूले सघाउने । | प्राकृतिक र मानव सिर्जित विपद्बाट संरक्षण हुने तीन कारण भन्नुहोस् । | |
| | ➢ बाढी र पहिरोबाट हुने असर, क्षति बताउन । | ➢ बाढी, पहिरो र डुवानबाट हुने असर, क्षति बताउन | | ➢ चित्र, पोस्टर, भिडियो आदिका माध्यमबाट बाढी पहिरो आदिको परिचय गराउने ।<br>➢ प्रत्येक समूका विद्यार्थीलाई समूहगत रुपमा बाढी, पहिरो, डुवानका बारेमा समूगत रुपमन १/१ जनालाई प्रस्तुत गर्न लगाउने।<br>➢ बाढी, पहिरो डुवानबाट बच्न समुदायले गरेका राम्रा प्रयासहरुको उदाहरण दिदै, समाचार कथा, भिडियोको माध्यमबाट यसबाट हुने क्षतिबार जानकारी गराउने । | ➢ बाढी, पहिरो र डुवानबाट हुने क्षतिबारे प्रश्न सोध्न :<br>➢ यस्ता क्षति समुदायमा कस्तो असर पर्छ भन्न लगाउने । | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | ➢ बाढी र पहिरोबाट हुने असर, क्षति बताउन । | ➢ बाढी, पहिरो र डुवानबाट हुने असर, क्षति बताउन | | ➢ चित्र, पोस्टर, भिडियो आदिका माध्यमबाट बाढी पहिरो आदिको परिचय गराउने ।<br>➢ प्रत्येक समूका विद्यार्थीलाई समूहगत रुपमा बाढी, पहिरो, डुवानका बारेमा समूगत रुपमन १/१ जनालाई प्रस्तुत गर्न लगाउने ।<br>➢ बाढी, पहिरो डुवानबाट बच्न समुदायले गरेका राम्रा प्रयासहरुको उदाहरण दिदै, समाचार कथा, भिडियोको माध्यमबाट यसबाट हुने क्षतिबार जानकारी गराउने । | ➢ बाढी, पहिरो र डुवानबाट हुने क्षतिबारे प्रश्न सोध्न :<br>➢ यस्ता क्षति समुदायमा कस्तो असर पर्छ भन्न लगाउने । | |

## ६. विपद् व्यवस्थापन (६-८)

| कक्षा | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | विधि | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | मूल्याङ्कन | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| ६ | १. विपद्पूर्व अपनाइने सजकताबारे जानकारी दिन,<br>१.१. विभिन्न प्रकारकोमहामारीहरुको जानकारी दिन,<br>१.२. अपाङ्गता भएका व्यक्तिहरुलाई विपद्बाट हुने जोखिम पहिचान गर्न,<br>१.३. अपाङ्गता भएका व्यक्तिहरुलाई विपदबाट हुन् जोखिमबाट सुरक्षित राख्न विद्यार्थीको भूमिका बताउन<br>१.४. विपद्बाट हुनेदुर्घटनाबाट हुने क्षतिका लागि पूर्व तयारी गर्न, | १. महामारीको परिचय भन्न,<br>१.२. महामारीका प्रकार बताउन-जस्तै : कोभिड-१९, डेङ्गु, झाडापखाला)<br>१.३. अपाङ्गता भएका व्यक्तिहरुलाई विपद्बाट हुन् जोखिम पचािन गर्ने,<br>१.४. अपाङ्गता भएका व्यक्तिहरुलाई विपदबाट हुने जोखिमबाट सुरक्षित राख्न विद्यार्थीको भूमिका बताउन,<br>१.५. डढेलो आगलागी, भूक्षय, विषालु च्याउ, बाढी, पहिरो, सर्प दंश, विषालु च्याउबाट हुने दुर्घटना रोकथामको पूर्व तयारी गर्ने, | ● सिकाइ सिप,<br>● जिम्मेवारी एवम् प्रतिबद्धता,<br>● सक्रियतापूर्वक सुन्ने,<br>● वैयक्तिक जिम्मेवारी,<br>● सामाजिक एवम् नागरिक जिम्मेवारी,<br>● प्रयोग सिप<br>● रचनात्मक सोचाइ<br>● सहकार्य सिप<br>● दृश्य साक्षरता सिप । | ● महामारीको खोजीगर्न लगाउने भिडियो र समाचारको माध्यमबाट प्रश्ट पार्ने,<br>● महामारीको सूची बनाई प्रस्तुत गर्न लगाउने,<br>● कोभिड, फ्ल्यु, झाडापखालाका कारण विषय अन्रक्रिया गराउने,<br>● महामारीको क्षति, असर र प्रभाव छलफल र टिपोट गर्न लगाउने,<br>● महामारीबाट बच्न व्यक्तिगत सूची बनाउन लगाउने,<br>● महामारीबाट बच्न ६ चरण हात धुने अभ्यास<br>● अपाङ्गता भएका व्यक्तिहरुका लागि जोखिम छलफल र संरक्षण गर्ने उपायहरु बुँदागत प्रस्तुत गर्न लगाउने,<br>● डढेलो, आगलागी बाढीपहिरो, सर्प दंश आदिबाट हुने जानकारी गराउने, | ● कोभिडबाट बच्ने उपायहरु सोधेर,<br>● विपदको समयमा अपाङ्गता भएका व्यक्तिको संरक्षण गर्न सकिने उपाय सोधेर,<br>● बाढी, डढेलो, आगलागी हुन नदिन ३ वटा सावधानीका बारेमा सोधेर,<br>● भूक्षय न्यूनीकरणका लागि समुदायले गर्न सक्ने ३ वटा कार्यहरु सोधेर । | १५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | १.५. नदी, खोलाहरुबाट हुने विपद्को लागि गर्नुपर्ने कार्यहरु बताउन,<br>१.६. विपद् न्यूनीकरणका लागि विद्यार्थी, शिक्षक र समुदाको भूमिका बताउन,<br>१.७. कृत्रिम अभ्यास गर्न । | १.६. नदी खोला कटान, डुवानका लागि गर्नुपर्नेव्यवस्थापनका कार्यहरु, (भेरी, कर्णाली)<br>१७.विपद् दूर्घटना न्यूनीकरणका लागि विद्यार्थी, शिक्षक, (विद्यालय) र समुदायको भूमिकता बताउन,<br>१.८ कृत्रिम अभ्यास गर्न । | | ● नदी खोलाबाट हुने कटान, डुवान व्यवस्थापन गर्ने कार्यहरु छलफल गरी बनाउने,<br>● बढी जोखिमयुक्त ठाउँ पहिचान गर्न लगाउने,<br>● समाचार, भिडियोको माध्यमबाट दुर्घटना रोकथाम पूर्वतयारी छलफल गराउने,<br>● दुर्घटना न्यूनीकरणको लागि विद्यार्थी, विद्यालय र समूदायको भूमिका छलफल गराउने,<br>● दुर्घटनाबाट बच्न कृत्रिम घटना अभ्यास गराउने । | | |
| ७ | ➢ भूकम्प सुरक्षित घरको लागि पूर्वतयारी गर्ने,<br>➢ सुरक्षित घरको लागि विद्यार्थीको भूमिका बताउन,<br>➢ यात्राको समयमा हुने सवारी भ्रमणबाट हुने जोखिम पहिचान गर्न,<br>➢ सडक दुर्घटनाबाट बच्न सावधानी अपनाउन,<br>➢ विपद् रोकथाम पूर्वतयारी गर्न, | ➢ भूकम्पबाट सुरक्षित रहने उपायहरु,<br>➢ भूकम्पबाट सुरक्षित घरको लागि पूर्व तयारी,<br>➢ सुरक्षित घरका लागि विद्यार्थीको भूमिका<br>➢ यात्राको क्रममा साइकल, स्कुटर, मोटरसाइकल सार्वजनिक सवारी भ्रमणबाट हुने जोखिम पहिचान गर्न<br>➢ सडक सावधानी, | ● प्रयोग सिप<br>● सञ्चार सिप<br>● सहकार्य सिप<br>● दृश्य साक्षरता सिप<br>● स्वव्यवस्थापन सिप<br>● रचनात्मक सोचाई<br>● बैयक्तिक जिम्मेवारी<br>● सिकाइ सिप<br>● भूमिका निर्वाह, | ● समूहमा भूकम्पको परिचय खोजी<br>● गिरी प्रस्तुत गर्न लगाउने,<br>● भूकम्पको असरहरु छलफल क्षतिलाई चित्र, श्रव्यदृश्यर भेडियो सामग्री मार्फत प्रस्तुत गर्ने,<br>● चित्र श्रव्यदृस्य र भेडियोको माध्यमबाट सुरक्षित घरका विशेषता जानकारी गराउने,<br>● भूकम्प सुरक्षित घरको महत्व र निर्माण विषयमा संवाद गर्ने,<br>● सुरक्षित घर निर्माणमा मेरो भूमिका विषयमा छलफल र निष्कर्ष निकाल्ने | ● सुरक्षित घर निर्माणका लागि गर्नुपर्ने कार्य बताउन लगाएर,<br>● सुरक्षित घर निर्माणमा विद्यार्थीको भूमिका भन्न लगाएर,<br>● सवारी साधनबाट हुने दुर्घटनाको सूची तयार गर्न लगाएर, | |

| कक्षा | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | विधि | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | मूल्याङ्कन | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| | ➢ महामारी रोगथाममो पूर्व तयारी गर्न<br>➢ महामारी नियत्रणमा विद्यलय र समुदायको भूमिका बताउन,<br>➢ पालिका स्तरमा विपद् व्यवस्थापनका लागि संलग्न संयन्त्र, सङ्घसंस्था, योजना र कार्यक्रम बताउन । | ➢ कोभिड, डेयाङ्गु, झाडापखाला नियन्त्रणमा विद्याल र समुदायको भूभिका,<br>➢ पञ्चपुरी नपा. स्तरमा विपद् व्यवस्थापनका लागि संलग्न संयन्त्र, सङ्था रसंस्था योजना कार्यक्रमहरु ।<br>➢ कोभिड, फ्ल्यु, डेयाङ्गु आदि रोथाम पूर्वतयारीहरु, | ● सक्रियतापूर्वक सुन्ने<br>● साक्षरता सिप<br>● पहिचान सिप | ● भूकम्पबाट सुरक्षित हुने उपायहरुबारेमा चित्र, तालिका, सूची निर्माणगरी विद्यालय, कोठामा टाँस्न लगाउने ।<br>● भूकम्प प्रतिरोधात्मक भवन, घर बनाउने मापदण्ड बनाउने,<br>● घरमा रहदा भूकम्पबाट बच्ने कृत्रिम भटना अभ्यास गराउने<br>● सवारी साधन दुर्घटनाका उदाहरण चित्र, पोस्टर, भेडियो प्रस्तुत गर्ने,<br>● सवारी साधनबाट हुने दुर्घटनाको सावधानीको सूची तयार गर्न लगाउने<br>● महामारीको कथा, पोष्टर, भेडियो देखाएर जानकारी<br>● महामारीबाट बच्न अपनाउनुपर्ने पूर्व तयारी बारे स्वास्थ्य क्षेत्रका ब्यक्तिसँग साक्षात्कार गराउने,<br>● महामारी नियन्त्रमा विद्यालय र समुदायको भूमिका छलफल गराउने,<br>● विपद् व्यवस्थापन भएका कार्यको जानकारी गराउने,<br>● पञ्चपुरी नपाको विपद् व्यवस्थापन र सहजीकरण कार्य गर्ने । | ● विभिन्न महामारीको परिचय भन्न लगाएर<br>● महामारीबाट बच्ने पूर्व तयारीका बारेमाप्रश्नोत्तर गरेर,<br>● विपद् व्यवस्थापन सम्बन्धी कार्य सोधेर । | १५ |

| कक्षा | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | विधि | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | मूल्याङ्कन | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| ८ | १. आफ्नो विद्यालयलाई विपद्बाट सुरक्षित बनाउन सहयोग गर्न<br>१.१ भूकम्प र सुरक्षित विद्यालयका लागि पूर्व तयारी र विद्यार्थीको भूमिका बताउन कार्यान्वयन गर्न<br>१.२. भूकम्पबाट हुने जोखिम न्यूनीकरणमा विद्यालय र समुदायको भूमिका प्रर्दशन गर्न,<br>१.३ विपद् सामूहिक प्रतिकार्यका उपायहरु बताउन<br>१.४. विश्वका प्रमुख महामारीको जानकारी दिन<br>१.५ विपद् व्यवस्थापन योजना निर्माण गर्न ।<br>१.६ सडक सुरक्षा योजना निर्माण गर्न । | १. हाम्रो सुरक्षित विद्यालय<br>१.१ भूकम्प र सुरक्षित विद्यालयका विद्यार्थीको भूमिका<br>१.२ भूकम्पको जोखिम न्यूनीकरणका लागि विद्यालय र समुदायको भूमिका<br>१.३ विपद् सामूहिक प्रतिकार्यका उपायहरु<br>१.४ विपद् सामूहिक प्रतिकार्यमा विद्यार्थीको भूमिका<br>१.५ विश्वका प्रमुख महामारीको जानकारी दिन (कोभिढ १९, फ्लयु, डेङ्गु<br>१.६. महामारीबाट विश्व समुदायमा भएको सिकाई जानकारी दिन<br>१.७ विपद् व्यवस्थापन योजना निर्माण<br>१.८ सहरी सडक सुरक्षा योजना निर्माण गन । | ● प्रयोग<br>● सञ्चार<br>● सहकार्य<br>● दृश्य साक्षरता<br>● रचनात्मक सोचाइ<br>● सहकार्य<br>● बैयक्तिक जिम्मेवारी | ● विपद्बाट विद्यालयलाई सुरक्षित बनाउने तरिका छलफल गर्ने<br>● भूकम्पको परिचय खोजी प्रस्तुत गर्न<br>● भूकम्पबाट हुने असरहरु छलफल र हुने क्षती श्रव्यदृश्य र भिडियो सामग्रीमार्फत प्रस्तुत गर्ने,<br>● भूकम्प प्रतिरोधात्मक विद्यालयको महत्व र भवन अवलोकन गन, लगाई रुजु सूचीको आधारमा सुरक्षाको अवस्था छलफल गराउने,<br>● सुरक्षित विद्यालयका लागि शिक्षक विद्यार्थी अभिभावकलाई छलफल गराउने ।<br>● भूकम्पबाट सुरक्षित हुने उपायहरु चित्र, तालिका, सूची निर्माया गरी विद्यालय, कक्षाकोठामा टाँस्न लगाउने ।<br>● भूकम्प प्रतिकार्यका लागि समूह, कलब, सङ्संस्थाहरुको आवश्यकता छलफल गराउने ।<br>● विपद् व्यवस्थापनका लागि रेडक्रस, सरकारी र गैर सरकारी कार्यालयको भूमिका छलफल गराउने ।<br>● विपद् व्यवस्थापनमा विभिन्न वडा कार्यालय, नेपाली सेना, प्रहरी, जिल्ला | ● सुरक्षित विद्यालयका लागि गर्नुपर्ने पूर्वतयारी बताउन,<br>● सुरक्षित विद्यालय निर्माणमा शिक्षक, विद्यार्थी र अभिभावकको भूमिका बताउन लगाएर,<br>● विपद् प्रतिकार्यमा रेडक्रस, गैर सरकारी संघसंस्थाको भूमिका भन्न लगाएर<br>● विपद् प्रतिकार्यका लागि विद्यार्थीहरुले गर्न सक्ने कार्य बताउन लगाएर ।<br>● विभिन्न महामारीबाट विश्व समुदायमा भएको असर र सिकाइ बताउन लगाएर | १५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | ● विपद् व्यवस्थापन समितिको भूमिका छलफल गराउने ।<br>● समूहमा छलफल गरी महामारीको परिचय दिन लगाउने/कथा, पोष्टर, भिडियो र समाचारबाट जानकारी गराउने ।<br>● प्लेग, एचआइभी/एड्स, कोभिड १९ जस्ता महामारीबाट बच्ने उपायहरु छलफल गराउने ।<br>● महामारीहरुको उत्पती, रोकथाम र नियन्त्रण गर्दा विश्व समुदायमा भएका सिकाइ छलफल गराउने, सूची निर्माण गर्न लगाउने<br>● महामारीहरुबाट सुरक्षित रहनका लागि तोकिएका चरण पुरा गरी साबुन पानीले हात धुने अभ्यास गराउने ।<br>● प्राकृतिक प्रकोपबाट उत्पन्न हुने विपद् हरुको बारेमा छलफल गरी सुरक्षित रहन गर्ने उपायहरु बारेमा भिडियो, पोस्टरको माध्यमबाट सुसूचित गराउने, विज्ञसँग परामर्श लिने, छलफल गर्ने<br>● विज्ञको सुझावको आभारमा क्षति न्यूनीकरण गर्ने कार्यहरुको सूची बनाई अल्पकालीन र दीर्घकालीन योजना निर्माण, अभ्यास र सामानहरु प्रर्दशन गर्ने ।<br>● सहरी सडक सुरक्षा सम्बन्धि भिडियो वा पोस्टर प्रदृशन गर्ने ।<br>● प्रहरी विज्ञको सहयोगमा स्थानीय सडकको अवस्था ध्यान दिइ सुरक्षित बनाउन जनचेतनामूलक कार्यक्रमहरु( नाटक, बक्तृत्वकला, फोटो प्रर्दशनी) गर्ने | ● विपद् व्यवस्थापनका अल्प कालीन र दीर्घकालीन<br>● योजना वर्णन गर्न लगाएर<br>● स्थानीय स्तरमा सडक सुरक्षा सम्बन्धि योजना बनाई प्रस्तुत गर्न लगाएर<br>● जनचेतनामूलक सामग्रीहरु समुदायमा प्रस्तुत गर्न लगाउने। | |

## ७. वातावरण संरक्षण, हरित विद्यालय र फोहोरमैला व्यवस्थापन

| कक्षा | विषय बस्तु | विषयवस्तुको विस्तृतीकरण | शैक्षिक सामग्री | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | मूल्याङ्कन | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| १ | १. पानीका स्रोतहरु (मूल, ताल, इनार, नदी, पोखरी) को चित्र हेरी नाम बताउन,<br>२.बोट बिरुवाको चित्र हेरी नाम बताउन,<br>३.सरसफाइका सामग्री चिन्न वा नाम भन्न,<br>४. तोकिएको निश्चित स्थान वा भाँडोमा फोहोर फाल्न | ■ पानीका स्रोतहरु जस्तै : दहताल, भेरी नदी, वा कुनै स्थानीय स्तरको खोलाहरुको चिनारी,<br>■ बोटबिरुवाका चित्र, बगैचाको चित्र, विद्यालय वरिपरिका बोटबिरुवाहरु<br>■ सरसफाइ सामग्रीः परिचय र आवश्यकता<br>■ विभिन्न रङ्गका (रातो, निलो र हरियो) बाल्टीहरुको प्रयोग | ■ धारा, इलार, पोखरी, मूल, खोला नदी आदिका चित्र वा पोस्टर<br>■ नडकट, साबुन, बुरुस, मञ्जन आदि<br>■ कुचो, बाल्टी, डस्टविन आदि | ■ चित्र वा पोस्टरमा भएका वा उनीहरुले देखेका पानीका स्रोतहरुको नामका बारेमा छलफल गर्ने। । नम बताउन नसके बताइदिने ।<br>■ विद्यालयको वरपरका बोटबिरुवा देखाई चिनाउने ।<br>■ तिम्रो बगैचामा के के विरुवा लगाएको छ ?<br>■ रातो, नीलो  र हरियो बाल्टीमा कस्तो कस्तो फोहोर जम्मा गर्नेबारे बताउने ।<br>■ विभिन्न प्रकारका फोहोरलाई आफूले सम्बन्धित स्थानमा फालेर देखाउने ।<br>■ सरसफाइका सामग्री साबुन, नङ्कट, कैची, बुरस, मन्जन, काइयो, तौलिया प्रयोग गरेर देखाउने वा प्रयोग गरेको चित्र देखाइ छलफल गर्ने । | ■ चित्र देखाई नाम भन्न लगाउने ।<br>■ तपाईंले पिउने वा प्रयोग गर्ने पानीको स्रोत कुन चित्रसँग मिल्छ ? आदि<br>■ तपाईंको विद्यालय वरपर भएका चार ओटा बिरुवाको नाम भन्नुहोस् ।<br>■ विद्यार्थीहरुलाई काठ, कागज, ढुङ्गा, प्लास्टिक, फलफूलका बोक्राजस्ता फोहोर फाल्न दिने ।<br>■ रातो बाल्टीमा कस्तो फाहोर फाल्नुपर्छ ।<br>■ चित्र देखाई हात धुन के प्रयोग हुन्छ, जस्ता प्रश्नहरु सोध्ने । | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २ | ■ पानीका स्रोतहरुको नाम भन्न र लेख्न<br>■ घर र विद्यालयमा वृक्षारोपणमा सहयोग र संरक्षण गर्न<br>■ व्यक्तिगत सरसफाइमा प्रयोग हुने सामग्रीको नाम भन्न र लेख्न<br>फोहोरको वर्गीकरण गरी तोकिएको स्थान वा भाडोमा फाल्न। | ■ नजिकमा रहेका पानीका स्रोतहरु : दहताल, भेरी नदी, गुप्तिताल, वण्डताल, गुटु खोला, चौर खोला, जाजुरा धारा आदिका चित्र /फोटो आदि चिनारी<br>■ घरआँगन बगैचा आदि ठाउँमा वृक्षरोपण, विद्यालयमा बाल बगैचा निर्माण<br>■ पोस्टर तथा सरसफाइ बुलेटिन,<br>■ सामग्री परिचय र प्रयोग<br>■ फोहोरको वर्गीकरण कुहिने, नकुहुने वा पुनः प्रयोग गर्न मिल्ने<br>■ रातो, नीलो वा हरियो बाल्टीको प्रयोग | ■ धारा, इनार, नदी, खोला, ताल, आदिका चित्र<br>■ वृक्षारोपण गरेका चित्र, हरित विद्यालयको चित्र आदि<br>■ चित्रहरु, साबुन, नङकट, रुमाल कैची, आदि<br>■ फोहोरको वर्गीकरणकुहिने, नकुहुने वा पुनः प्रयोग गर्न मिल्ने<br>■ रातो, नीलो वा हरियो बाल्टीको प्रयोग | ■ नजिकमा रहेका पानीका स्रोतहरु देखाई /चित्र देखाई नाम भन्ने/भन्न लगाउने, अन्य स्रोतको बारेमा छलफल गराउने, नाम लेख्न सघाउने ।<br>■ विभिन्न स्थानमा विरुवा रोप्न जिम्मेवारी दिने ।<br>■ बालबगैचा बनाउदा हुने फाइदा बताउने ।<br>■ ती बिरुवाको संरक्षणको पनि जिम्मेवारी दिने ।<br>■ सरसफाइ सामग्री साबुन, नङकट, कैची रुमाल आदि देखाई के कामका लागि प्रयाग हुन्छ, घरमा के के सामग्रीहरु छन, आदिबारे छलफल गर्ने गराउने ।<br>■ विद्यालयको कक्षाकोठा वा हातामा जम्मा हुने फोहोरलाई वर्गीकरण गराई कुहिने र नकुहिने छुट्टा छुट्टै नाम भन्न लगाउने ।<br>■ शिक्षकले बोर्डमा टिप्ने<br>■ आवश्यकता अनुसार थपिदिने र तोकिए अनुसारका बाल्टीमा केही फोहोर फालेर देखाउने, | ■ तपाइँ कहाँको पानी पिउनुहुछ ?<br>■ यो चित्र के हो ?<br>■ जोडा मिलाउनुहोस् । आदि<br>■ बृक्षारोपण गर्दा के फाइदा हुन्छ ?<br>■ सरसफाइ गर्न के के चाहिन्छ ?<br>■ सफसुग्घर नभए के हुन्छ ?<br>■ तपाइँको कक्षामा सवैभन्दा सफा भएर को आएको छ ?<br>■ तपाईको घरमा फोहोर के कसरी विसर्जन गर्नुहुन्छ ।<br>■ केही फोहोर टिपेर सम्बन्धित ठाएँउा फालेको अनुगमन गर्ने । | |

| कक्षा | विषय बस्तु | विषयवस्तुको विस्तृतीकरण | शैक्षिक सामग्री | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | मूल्याङ्कन | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| ३ | ➢ स्थानीय स्तरमा पाइने जीव जनावर, बोटविरुवा र चराचुरुङ्गीको नाम लेख्न,<br>➢ व्यक्तिगत सरसफाइमा प्रयोग हुने सामग्रको नाम उल्लेख गर्न र सफा सग्घर हुन,<br>➢ घर विद्यालयमा वृक्षारोपणको आवश्यकता र महत्व बताउन<br>➢ फोहोर व्यवस्थापन गर्ने तरिका उल्लेख गर्न । | ➢ विद्यालय वरिपरिको वातावरण<br>➢ जीवजनावरहरुको नाम<br>➢ बोटबिरुवाहरु<br>➢ चराचुरुङ्गीहरु,<br>➢ बुलेटिन आदिमा प्रयोग भएका जीव जनावरहरु आदि<br>➢ व्यक्तिगत सरसफाइ परिचय<br>➢ आवश्यकता र महत्व<br>➢ सरसफाइ सामग्री सुरक्षा<br>➢ विद्यालय/घरमा वृक्षारोपाणकोमहत्व र आवश्यकता<br>➢ विद्यालयको वरपरको वातावरण<br>➢ जैविक मल बनाउने<br>➢ जलाउने, पुर्ने पुनः प्रयोग गर्ने | ■ चित्रपत्ती, पोस्टर आदि<br>■ साबुन, नङ्कट, कैची, तौलिया, सेम्फो वा चित्रपत्तीहरु चित्र, पोस्टर, भिडिया | ■ विद्यार्थीलाई चित्र हेरेर छलफल गर्न लगाउने ।<br>■ विद्यार्थीलाई, जीवजनावर, बोटविरुवा चराचुरुङ्गीमध्ये देखाएर, केको चित्र हो ? नाम भन्न आवश्यक परे सहयोग गर्ने ।<br>■ कक्षा अवलोकनपश्चाव सबैभन्दा सफा भएर को आएको छ ?उसका के के कुरा सफा छन ?सरसफाइ सामग्री परिचय, प्रयोग गर्नेबारे छलफल गर्ने ।<br>■ विद्यालयको वरवरको वातावरणको सुन्दरताको अवलोकन गराई विद्यालय हाता सुन्दर गराउन के गर्नुपर्ला ? छलफल, राय सङ्कलन<br>■ विद्यालयको वातावरण हरित विद्यालयअनुरुप बनाउन व्यक्तिगत जिम्मेवारी दिने । यसको आवश्यकता र महत्वबारे छलफल गराउने ।<br>■ चित्र छलफल गराउने ।<br>■ विधिहरु अवस्थाअनुसार ठाउँ र परिवेशअनुसार गर्ने बारे छलफल गराउने । | ➢ चारओटा बिरुवाको नाम भन्न वा लेखेर साथीलाई देखाउन ।<br>➢ तिमीलाई मन पर्ने कुनै एक चित्र बनाउ ।<br>➢ सफा सुग्घर भएर आउँन प्रोत्साहन र पुरस्कार<br>➢ सरसफाइका लागि चाहिने तीन ओटा सामग्रीको नाम उल्लेख गर्नुहोस् ।<br>➢ वृक्षारोपण गर्दा के फाइदा हुन्छ ?<br>➢ हरित विद्यालय भनेको के हो ?<br>➢ फोहोर व्यवस्थापन गर्ने कनै २ ओटा तरिका लेख्नुहोस् । | १२ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४ | मानव र वन्यजन्तु बिच सम्बन्ध र यसबाट हुने फाइदा बताउन<br><br>२.घरआँगन र विद्यालय सफा राख्ने उपाय बताउन<br><br>३.स्थानिय स्तरमा पाइने जडीबुटी, बोटबिरुवा र पानीका स्रोतको महत्व बताउन । | ➢ बन्यजन्तु र चरा<br><br>➢ बोटविरुवा र वाावरण<br><br>➢ पानी<br>वातावरण, सरसफाइ र फोहोरमैला व्यवस्थापन | ■ चित्रपत्ती पोस्टर आदि<br>■ साबुन, नङ्कट, कैची, तौलिया, सेम्फो वा चित्रपत्तीहरु चित्र, पोष्स्र, भिडिया | ➢ स्थानीय स्तरमा देखेका वन्यजन्तु तथा चराको नाम भन्न लगाउने<br>➢ नगरपालिकाभित्रका वनमा पाइने वन्यजनतु र चराको बारेमा अवलोकन चित्र, भिडियो, प्रर्दशन आदिबाट परिचय गराउने ।<br>➢ वातारण र बिकासबीच सम्बन्धका बारेमा छलफल गराउने ।<br>➢ विद्यालयमा बगैचा निर्माण तथा बृक्षारोणमा सहभागी गराउने<br>➢ नगरपालिका क्षेत्रभित्रका पानीका स्रोतको बारेमा जानकरी गराउने(नदी कर्णाली, भेरीनदी, ताल दहताल, गुप्तिताल, खोला......मुहानबारे छलफल गराउने ।<br>➢ फोहोरमैलाले स्थानीय स्तरमा पारेको असर वर्गीकरण र व्यवस्थापन(ठोस, तरल, ग्यास) बारे छलफल गराउने<br>➢ पर्यावरण सन्तुलन कायम गराउने, आर्थिक, भौतिक, सामाजिक, सांस्कृतिक, प्राविधिक विकास, वातावरण र विकास विचको सम्बन्धका बारेमा जानकारी गराउने । | ➢ नगरपालिकाभित्र रहेका वन्यजन्तु र चराको नाम र महत्व भन्न लगाएर,<br>➢ वडामा भएका औषधिजन्य वनस्पतिको नाम सोधेर,<br>➢ वातावरण र विकासबिचचको परिचय दिन लगाएर,<br>➢ नगरपालिकाभित्रका जलस्रोतका नाम भन्न लगाएर<br>➢ स्थानीय स्तरमा फोहोरमैलाले वातावरणमा पारेको असर भन्न लगाएर । | १६ |

| कक्षा | सिकाइ उपलब्धिहरु | विषयवस्तु | विषय विस्तृतीकरण | शिक्षण सिकाइ सहजीकरण र प्रकृया | मूल्याङ्कन | पाठ्य घण्टी |
|---|---|---|---|---|---|---|
| ५ | १.वातावरण संरक्षण र हरित विद्यालय | ■ औषधिजन्य वनस्पति बगैचा | ➢ स्थानीय स्तरमा पाइने जडीबुटी, जीवजन्तु, पानीका स्रोतहरुको महत्व तथा यिनीहरुको संरक्षणका उपाय बताउन | ➢ नगरपालिका भित्रका वनमा पाइने औषधिजन्य वनस्पतिको अवलोकन, चित्र, भिडियो प्रस्तुत गरेर परिचय गराउने<br>➢ घर तथा विद्यालयमा औषधिजन्य वनस्पति फलफूलको बगैंचा बनाउन सकिने कुरा भन्ने र गर्न लगाउने ।<br>➢ औषधिजन्य बोटविरुवा वृक्षारोपण संरक्षण सम्बन्धी | ➢ औषधिजन्य वनस्पतिकाको परिचय दिन,<br>➢ विद्यालयमा फलफूल, औषधिजन्य बोटबिरुवा, फूलबारीमा फूल रोप्ने, रोप्न लगाउने र अवलोकन गरेर, | ४ |
| | वातावरण संरक्षण र हरित विद्यालय | ■ वातावरण संरक्षण र हरित विद्यालय | ➢ मानिस र बन्यजन्तुबिचको द्वन्दबाट आउनसक्ने समस्या र समाधानका उपायहरु बताउन, | ➢ नगरपालिका क्षेत्रभित्रका बनस्पति र वन्यजन्तुको संरक्षण, महत्व, उपयोगितामा विद्यालयको भूमिका विषयमा छलफल गराउने जलस्रोतको परिचय गराउने ।<br>➢ सजीव तथा निर्जीव वस्तुको उपयोगिता र संरक्षणबारे जानकारी गराउने । | ➢ नगरपालिका क्षेत्रभित्रका बनस्पति र वन्यजन्तुको महत्व भन्न लगाउने,<br>➢ नगरपालिका क्षेत्रका पानीका स्रोतहरुको नाम सोधेर | ५ |
| | | ■ प्रदुषण र फोहोरमैला व्यवस्थापन | ➢ फोहोरमैला व्यवस्थापनकातरिकाहरु बताउनसाथैघरआँगन, विद्यालय, बाटोघाटो सरसफाइको कार्ययोजना तयार पार्न । | ➢ घर, विद्यालय पानीका स्रोत प्रदूषण कसरी हुन्छ भनी छलफल गराउने<br>➢ घर, विद्यालयमा तथा समुदायमा हुने फोहोरमैला व्यवस्थापनका उपाय अवलम्बन गर्न लगाउने, पुनः प्रयोग, कम्पोट्ट मल आदि<br>➢ घर तथा विद्यालयमा भएको फोहोरमैलाको व्यवस्थापन | ➢ प्रदूषण्चणको परिचय सोधेर<br>➢ पेरमैला व्यवस्थापन गरे नगरेको हेरेर, | ३ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | ■ उर्जा र वातावरण संरक्षण | | ➢ उर्जा र शक्ति भनेको के हो ?भन्ने विषयमा छलफल गराउने ।<br>➢ घर तथा विद्यालयमा प्रयोग भैरहेको उर्जाको परिचय(विद्युत, सोलार, दाउरा, जैविक इन्धन आदि<br>➢ उर्जाको उपयोग मितव्यही तरिकाले गर्नुपर्ने कुरा बताइदिने | ➢ उर्जाको परिचय दिन लगाएर<br>➢ उर्जाको स्रोतहरुको नाम भन्न लगाएर । | ४ |

## क्षेत्र : ७. वातावरण संरक्षण, हरित विद्यालय र फोहोरमैला व्यवस्थापन (कक्षा ६–८)

| कक्षा | सिकाइ उपलब्धिहरु | विषयवस्तुको विस्तृतीकरण | सम्भावित परियोजना कार्य | शिक्षण सिकाइ सहजीकरण र प्रकृया | मूल्याङ्कन प्रकृया | पाठ्य घण्टी |
|---|---|---|---|---|---|---|
| ६ | १.स्थीानय स्तरमा पाइने जडीबुटिजन्य बोटविरुवाको परिचय, उपयोगको अवस्था र संरक्षणको उपाय बताउन | ➢ स्थानीय स्तरमा पाइने जडीबुटिजन्य विरुवाअसुरो, तितेपाती, निम, अमला, हर्रो, बर्रो, तुलसी, घोडटाप्रे, पाषणवेत, हडपसारो, गुर्जो, बनलसुन, बाटुलपाते, कुरिलो आदिको संक्षिप्त चिनारी तथा चित्र (हर्रो +बर्रो +, अमला= त्रिफला) | ➢ विद्यार्थीहरुलाई घरको अभिभावकको सहयोगमा आफ्नो ठाउँमा पाइने जडीबुटिहरु ५/५ ओटा सङकलन गर्न लगाउने ।<br>➢ विद्यार्थीलाई त औषधीय गुण टिपोट गरी कक्षमा सुनाउन । | ➢ सम्भव भएसम्म विरुवा नभए चित्र देखाएर ती विरुवाको औषधीय गुण बताई ती विरुवाहरुको प्रभावकारीताको विषयमा पाइने बुलेटिन, भिडियो आदि देखाईदिने ।<br>➢ सम्भव भए विद्यापुर स्थित आयुर्वेद अस्पतालको सहयोगमा सहजीकरण गर्ने ।<br>➢ यी औषधिजन्य बोटबिरुवाको प्रयोगबाट रोग निको हँदा कुनै नकरात्मक असर नहुने कुरा आदि<br>➢ विद्यालय वा घर तथा अन्य सार्वजनिक ठाउँमा त्यस्ता विरुवा रोप्ने वा भएका बिरुवा जोगाउन विद्यार्थी मार्फत चेतनामूलक कार्य सञ्चालन गर्न प्रेरित गर्ने । | ➢ पाँचओटा औषधिजन्य बोटविरुवाको नाम सोध्ने<br>➢ तपाईंको ठाउँमा पाइने विरुवाको नाम भन्नुहोस् ।<br>➢ औषधिको रुपमा प्रयोग हुने वनस्पतिहरुको नाम, के रोगका लागि? बिरुवाको कुन भाग ? र सम्भव भए कसरी ?जस्ता कुरा तालिकामा भर्न लगाई परियोजना कार्य दिने । | ७ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | हरित विद्यालयको अवधारण बताउन । | ➤ हरित विद्यालय भएका विद्यालयको चित्र/आवश्यकता<br>➤ विद्यालयको उपलब्ध ठाउँलाई हरित विद्यालय बनाउनेबारेमा भएका नीति, निर्णय, वृक्षारोपण, बुलेटिन आदि । | ➤ कक्षा ६ का छात्र/छात्राहरुलाई विरुवामा मल वा पानी हाल्ने कार्ययोजना दिने, अनुगमन गर्ने । | ➤ विद्यालयको सुन्दरताको लागि स्वच्छता, स्वच्छताकै लागि हरियाली आवश्यकता बारे प्रकाश पार्ने ।<br>➤ हरित विद्यालय भएकाहरुको भिडियो, पोस्टर वा बुलेटिन देखाई यसको आवश्यकता बोध गराउने । | ➤ हरित विद्यालय भनेको के हो ?<br>➤ किन आवश्यक छ ?<br>➤ कसरी बनाउन सकिन्छ ?<br>आदि प्रश्न साथै माथिको परियोजना कार्य मार्फत मुल्याङ्कन गर्ने । | ४ |
| | ➤ फोहोर व्यवस्थापनको अल्पकालीन र दीर्घकालीन उपायहरु उल्लेख गर्न । | ➤ फोहोर बर्गीकरणको आधारमा व्यवस्थापन ।<br>➤ जनचेतना, गोष्ठी, नीति नियम आदि ।<br>➤ फोहोरलाई मल बनाउने सम्बन्धमा चित्र, बुलेटिन, भिडियो, अडियो आदि सामग्री । | ➤ घर विद्यालय वा सार्वजनिक स्थरमा फोहोर फाल्ने निश्चित स्थान निर्माण भएका बाल्टी, चित्रहरु वा भिडियोहरु | समूह छलफल गर्ने( २ समूहलाई अल्पकालिन र दीर्घकालीन एक एक ओटा उपायहरु टिपोट गर्न लगाउने । | ➤ फोहोर व्यवस्थापनको लागि कक्षामा समूगत जिम्मेवारीको कार्ययोजना तयार पार्नुहोस्<br>➤ फोहोर व्यवस्थापनको दीर्घकालीन उपायहरु उल्लेख गर्नुहोस् । | ५ |

| कक्षा | सिकाइ उपलब्धिहरु | विषय विस्तृतीकरण | शैक्षिक सामग्री | शिक्षण सिकाई सहजीकरण र प्रकृया | मूल्याङ्कन | पाठ्य घण्टी |
|---|---|---|---|---|---|---|
| ७ | १. वातावरण संरक्षणमा सामुदायिक वनहरुको भूमिका बताउन । | ➢ सामुदायिक बनले गरेका उपलब्धि, बुलेटिन, सामुदायिक बन संरक्षणका उपाय, नमुना बनका उदाहरणहरु, बनका (भावी योजना, रणनीति तथा कार्ययोजनाजना अन्तरगतका बुलेटिन, भिडियो वा श्रव्यदृश्य सामग्रीहरु समुदायलाई भएको फाइदा आदि । | पोस्टर तथा भिडियोहरु, बुलेटिन आदि | ➢ आफ्नो क्षेत्रमा पर्ने सामुदायिक वनले गरेका कार्यहरुको प्रभाव बारेमा समुहगत छलफल, बुलेटिन वितरण, भिडियो, श्रव्यदृश्य सामग्री प्रस्तुत गरी छलफल गर्ने र उपलब्धि र भूमिकाबारेमा छलफल गराई निष्कर्ष प्रस्तुत गर्ने । | ➢ तपाईको नजिक पर्ने सामुदायिक वन संरक्षणका कार्यहरु उल्लेख गर्नुहोस् ।<br>➢ सरकारी र सामुदायिक वन अन्तरर्गत संरक्षणमा परेको फरक उल्लेख गर्नुहोस् । | ४ |
| | २. औषधीय गुण भएका विभिन्न रोगहरुमा उपयोग बारे उल्लेख गर्ने । | १.स्थानीय स्तरमा पाइने औषधीय गुण भएका विरुवमहरु जस्तै : हर्रो, बर्रो, अमला, तितेपाती, निम, असुरो, गुर्जो, हलेदो, बाटुलपाते, पाषणभेद आदि लगायतका बनस्पतिहरु एपयोग बारेका सामग्रीहरु, बुलेटिन तथा अन्य श्रव्यदृष्य सामग्रीहरु | ➢ विद्यार्थीहरुलाई घरको अभिभावकको सहयोगमा अमफ्नो ठाउँमा पाइने जडीबुटिहरु ५/५ ओटा सङ्कलन गर्न लगाउने ।<br>➢ विद्यार्थीलाई ती औषधीय गुण टिपोट गरी कक्षमा सुनाउन | ➢ भिडियो, अडियो अथवा वृत्तचित्र प्रस्तुत गर्रा विभिन्न विरुवाको औषधिय गुणबारे छलफल ।<br>➢ विद्यार्थी जानेका वा समूमा टिपोट गर्न लगाइ विभिन्न बनस्पतिका औषधीय गुणको बारेमा प्रतिवेदन तयार गर्न वा समूहमा निष्कर्ष भन्न लगाउने । | ➢ प्रत्येक विद्यार्थीलाई फरक फरक विरुवाको औषधीय गुण र त्यसको उपयोग बारेमा संक्षिप्त उत्तर दिन लगाउने<br>➢ तालिकामा बिरुवाको नाम प्रयोग हुने भाग तथा कुन रोगको उपचारसहितको तालिका भन्न लगाउने वा उक्त कार्य अभिभावकको सहोगमा भन्न लगाई ल्याउने परियोजना कार्य दिने । | ५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | हरित विद्यालयको महत्व बताउन । | ➢ हरित विद्यालयको महत्व झल्किने पोस्टर<br>➢ हरित विद्यालय निर्माण किन, कसरी आदि बारेका सामग्रीहरु | ➢ हरित विद्यालय व्यवस्थापन सम्बन्धी चित्र, भिडियो | ➢ हरित विद्यालय व्यवस्थापन भएका पोस्टर, भिडियो आदि प्रर्दशन गरी छलफल गराउने ।<br>➢ हरित विद्यालय बनाउन विद्यालयका सरोकारवालाहरुको भूमिकाबारेमा समूहमा छलफल गराई समूहको निष्कर्ष प्रस्तुत गराउने, | ➢ हरित विद्यालय भनेको के हो ?<br>➢ हरित विद्यालयले शिक्षण सिकाइमा के प्रभाव पार्छ ?<br>➢ हरित विद्यालय निर्माणमा विद्यार्थीको के भूमिका हुन सक्छ ?विव्यसको भूमिका ? समूदायको भूमिका ? | ३ |
| | फोहोर मैला व्यवस्थापनमा स्थानीय समुदायको भूमिका बताउन । | ➢ फोहोर व्यवस्थापनका उपायहरु (पुनः प्रयोग, कम प्रयोग गर्नु, जैविक वा प्राङग्रारिक मल) उद्योगहरु समुदायदेख टाढा बनाउने ।<br>➢ कानुनी व्यवस्थापन<br>➢ ढल व्यवस्थापन<br>➢ चेतनामुलक गोष्ठी<br>➢ जिम्मेवारी तोक्ने<br>➢ स्वास्थ्य जागरण सम्बन्धीकार्यक्रम<br>➢ स्थानीय कल्ब, विद्यालय, सङ्घसंस्था आदिद्धारा सचेतना कार्यक्रम सञ्चालन । | पोस्टर तथा भिडियोहरु, बुलेटिन आदि । | ➢ फोहोर व्यवस्थापनमा स्थानीय निकायको र समुदायको भूमिका लेखेको चार्ट देखाई छलफल गराउने ।<br>➢ फोहोर व्यवस्थापन गरेका भिडियो क्लिपहरु देखाइ छलफल र प्रश्नोत्तर गर्ने । | ➢ फोहोर व्यवस्थापनका तिन ओटा उपाय उल्लेख गर्नुहोस् ।<br>➢ फोहोर व्यवस्थापनमा स्थानीय तहको भूमिका उल्लेख गर्नुहोस् ।<br>➢ विद्यालय हाताको सरसफाइ बारेमा एउटा परियोजना कार्य तयार पार्नुहोस् । | ४ |

| कक्षा | सिकाइ उपलब्धिहरु | विषय विस्तृतीकरण | शैक्षिक सामग्री | शिक्षण सिकाई सहजीकरण र प्रकृया | मूल्याङ्कन | पाठ्य घण्टी |
|---|---|---|---|---|---|---|
| ८ | १. वातावरण संरक्षण र मानिस जीवजनावर आदिको अन्तर सम्बन्ध उल्लेख गर्न | ➢ वतावरण संरक्षणका उपायहरु<br>➢ वनजङ्गल र जीव जनावरको सम्बन्ध<br>➢ वनजङ्गल र मानिसको<br>➢ मानिस र जीवजनावरको अन्तरसम्बन्ध | ➢ वन तथा वन्य जन्तु संरक्षणका चित्र, उपायहरु भएको चार्ट<br>➢ वन बन्यजन्तुहरु संरक्षण सम्बन्धि पोष्टर, चार्ट आदि | ➢ अन्तर सम्बन्ध झल्किने चार्ट, पोस्टर आदि देखाई छलफल र प्रश्नोत्तर गर्ने । | ➢ बन र बन्यजन्तु संरक्षणका चारओटा उपायहरु उल्लेख गर्नुहोस् ।<br>➢ मानिस र जीव जनावरको सम्बन्ध उल्लेख गर्नुहोस् ।आदि प्रश्न गर्ने । | ४ |
| | २. स्थानीय जडीवुटीहरुको प्रयोगकको साथै यिनीहरुको संरक्षणको उपायहरु उल्लेख गर्न । | ➢ स्थानीय स्तरमा पाइने जडीबुटीहरु हर्रो, बर्रो, अमला, निम, तितेपाती लगायत सबैको उपयोगिता र महत्वबारेका बुलेटिन वा सामग्री | ➢ पोष्टर र चित्रसहितको जडीबुटीहरुको उपयोगिता भएका बुलेटिन | ➢ पोस्टर र चित्रसहितको जडिबुटीहरुको उपयोगिता भएका बुलेटिन वितरण गर्ने र विद्यार्थीमार्फत १/१ ओटा जडीबुटिहरुको उपयोगिता, महत्व वाचन गराउने ।<br>➢ उक्त जडिबुटीको हालको अवस्था उल्लेख गर्दै संरक्षणका उपायहरुमा छलफल गर्न लगाउने ।<br>निष्कर्ष वताउने । | ➢ हाम्रो ठाउँमा पाइने कुनै ५ ओटा जडीबुटी जन्य बोटबिरुवाको नाम भन्नुहोस् ।<br>➢ जडीबुटी संरक्षणमा स्थानीय स्तरको के भूमिका हुन्छ ? उल्लेख गर्नुहोस् । | ५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | ३. आफ्नो विद्यालयलाई हरित विद्यालय बनाउन गर्नुपर्ने कार्यको सूची बनाउने । | ➢ हरित विद्यालयको आवश्यकता र महत्व ।<br>➢ विद्यालयमा बाल बगैचा निर्माणमा सहयोग र हेरचाह । | हरित विद्यालय /विद्यालय बगैगा सम्बन्धि चित्र/भिडियो आदि । | ➢ चित्र, पोस्टर वा भिडियो प्रर्दशन गरी बगैंचा निर्माणको आवश्यकताबारे छलफल गराउने।<br>➢ विद्यालयमा बाल बगैंचा निर्माणाको लागि बैयक्तिक वा समूगत जिम्मेवारी दिने ।<br>➢ बालबगैचा निर्माण सम्बन्धी कार्ययोजना बनाई अनुगमन गर्ने | ➢ अवलोकन/अनुगमन गरेर ।<br>➢ हरित विद्यालय बनाउन गर्ने कार्यको सूची बनाऊ । | ३ |
| | ४. विद्यालय/ घरआँगन वा बाटोघाटो, सरसफाइको कार्य योजना तयार गर्न | ➢ नमुना कार्ययोजना<br>➢ कार्ययोजनाको कार्यन्वयन | कार्ययोजनाको ढाँचा | ➢ विद्यार्थीहरुलाई नमुना कार्ययोजना वितरण<br>➢ सो आधारमा विद्यालय, बाटोघाटो वा घर आँगन सरसफाइ सम्बन्धी कार्ययोजना निर्माण गर्न लगाउने ।<br>➢ अनुगमन गर्न र पृष्ठपोषण प्रदान गर्न । | ➢ विद्यालय वा कुनै सार्वजनिक टाउँको सरसफाइ सम्बन्धमा कार्ययोजना निर्माण गर्नुहोस् । | ४ |

**क) सैद्धान्तिक पक्ष**

यस परीक्षा ५० पूर्णाङ्कको हुनेछ । पाठ्यक्षेत्र तथा विषयवस्तुको प्रकृति एवम् पाठ्यघण्टा समेतको आधारमा ज्ञान र बोध तहका ४५ प्रतिशत, सिप/प्रयोग तहका ३५ प्रतिशत र उच्च दक्षताका २० प्रतिशत पर्ने गरी प्रश्न निर्माण गर्नु पर्ने छ ।

**(ख) प्रयोगात्मक पक्ष**

प्रयोगात्मक पक्षका लागि देहायका आधारहरूमा देहाय बमोजिम अङ्कभार तोकिएको छ :

| क्र.सं. | विषय क्षेत्र | अङ्कभार |
|---|---|---|
| १ | सोधखोज गरी प्रतिवेदन तयारी तथा प्रविधि उपयोग सहितको प्रस्तुति | १२ |
| २ | प्रयोगात्मक कार्यको अभिलेख | ८ |
| ३ | स्थानीय ऐतिहासिक, भौगालिक, वातावरणीय लगायतका क्षेत्रका वस्तु सङ्कलन, अभिलेखीकरण | ४ |
| ४ | लघु परियोजना कार्य (योजनाको खाका निर्माण ) | ४ |
| ५ | मौखिक परीक्षा | ४ |
| ६ | चेतनामूलक कार्य सञ्चालन | ४ |
| ७ | शिष्टाचार, अनुशासन, योग, सरसफाइ व्यवस्थापन, अभिनय लगायतका व्यक्तित्व विकासका कार्यमा गरेको सक्रिय सहभागिता र सो को अभिलेख | १० |
| ८ | सहपाठी तथा सिकाइ समूहबाट मूल्याङ्कन | ४ |
| जम्मा | | ५० |

# ५. सिकाइ सहजीकरण प्रक्रिया

स्थानीय पाठ्यक्रममा शिक्षणसिकाइ प्रक्रिया, विद्यार्थीहरूको मूल्याङ्कनका लागि पाठ्यक्रमले निर्धारण गरेका तथा मान्यता प्राप्त आधारहरूलाई अवलम्बन गरिनेछ । जस्तै, सिकाइ सहजीकरण प्रक्रियाका लागि केही मार्गदर्शनका सन्दर्भमा सिकाइ सहजीकरण प्रक्रिया देहाय बमोजिम सञ्चालन गर्नुपर्ने छ :

१. बालबालिकाको व्यक्तिगत भिन्नता र क्षमताका आधारमा स्वतन्त्ररूपले सिक्ने मौका प्रदान गर्ने किसिमले कक्षा सञ्चालन गर्नुपर्दछ । विविधतालाई ध्यानमा राखेर बालबालिकाको सिकाइलाई प्रोत्साहन गर्नुपर्दछ । खेल, गीत, कविता, कथा कथन, प्रदर्शन, श्रव्यदृश्य सामग्रीको प्रदर्शन मार्फत सिकाइका क्रियाकलापहरू सञ्चालन गरिनुपर्दछ । यसका अतिरिक्त अवलोकन, समूहकार्य, परियोजना कार्य, छलफल जस्ता विधिहरूका माध्यमबाट बालबालिकाको सर्वाङ्गीण विकासमा जोड दिनुपर्दछ ।

२. सिकाइ सहजीकरण प्रक्रिया सञ्चालन गर्दा विद्यार्थी केन्द्रित र बालमैत्री शिक्षण विधि अपनाई निरन्तर सिकाइमा जोड दिनुपर्ने छ ।

३. विद्यार्थीको सिकाइलाई केन्द्रबिन्दु मानी सिकाइ सहजीकरण क्रियाकलाप सञ्चालन गर्नुपर्ने छ । विद्यार्थीको सहभागितामा योजना निर्माण, परियोजना कार्य, क्षेत्रभ्रमण, समस्या समाधान, खोजमूलक अध्ययन, प्रवर्तनमुखी शिक्षण पद्धतिलाई सिकाइ सहजीकरण विधिका रूपमा कार्यान्वयन गर्नुपर्ने छ ।

४. सिकाइ प्रक्रिया सैद्धान्तिक पक्षमाभन्दा बढी, गरेर सिक्ने अवसर प्रदान गर्ने क्रियाकलापमा आधारित हुनुपर्नेछ ।

५. शिक्षकले सहजकर्ता, उत्प्रेरक, प्रवर्धक र खोजकर्ताका रूपमा भूमिका निर्वाह गर्नुपर्ने छ ।

६. पठनपाठनमा सूचना तथा सञ्चार प्रविधिलाई उपलब्ध साधन, स्रोत र आवश्यकता अनुसार उपयोग गर्नुपर्नेछ ।

७. सबै प्रकारका सिकाइ आवश्यकता र चाहना भएका (अपाङ्गता, अशक्त, असहाय, कमजोर आदि) विद्यार्थीलाई समेट्ने गरी कक्षामा समावेशी सिकाइ सहजीकरण प्रक्रिया अपनाउनु पर्नेछ ।

८. सिकाइ क्रियाकलापमा शिक्षक र सिकारु बिचको अन्तरक्रिया, समूह सिकाइ, सिकाइ मूल्याङ्कन, शिक्षक–शिक्षक सहकार्य, शिक्षक-समुदाय सहकार्य जस्ता सहकार्यलाई बढावा दिनुपर्ने

९. सिकाइ र दैनिक जीवनसँग विषयवस्तुको तालमेल, पूर्व अनुभवमा आधारित ज्ञान तथा सिप विकास, व्यवहाकुशल सिप र सिकाइ बिचको सहसम्बन्ध हुने गरी जीवन्त अनुभव सँगको तादात्म्य कायम गर्नुपर्ने छ ।

१०. बालकेन्द्रित, सिकाइकेन्द्रित, अनुभवकेन्द्रित, उद्देश्यमूलक र विविधतामा आधारित सिकाइ सहजीकरण विधिको प्रयोग (परियोजना कार्य, घटना अध्ययन, खोज अनुसन्धानमा आधारित शिक्षण, सहपाठी सिकाइ आदि) गरी सक्रिय सिकाइ सहजीकरण विधिप्रयोग गर्नुपर्ने छ ।

११. सिकाइ सहजीकरण क्रियाकलापमा सिकारुको सिकाइ अनुगमन, विद्यालय तथा परिवारमा सहज सिकाइ वातावरण विकास, पूर्वज्ञानमा आधारित विषयवस्तुको छनोट, समुदाय परिचालन जस्ता कार्यबाट विद्यालय समुदाय सह सम्बन्ध जोड्नुपर्ने छ ।

१२. सिकारुको रुचि र सिकाइ गति एवम् सिकारुको सक्रिय सहभागितामा सिकाइ क्रियाकलाप चयन र कार्यान्वयन गर्दै स्वस्फूर्त सिकाइमा जोड दिनुपर्छ ।

१३. शिक्षक, विद्यालय तथा विद्यार्थीलाई सिकाइ सहजीकरण क्रियाकलाप चयन, सञ्चालन र मूल्याङ्कनमा आवश्यक सहयोग, निरन्तर पेसागत छलफल, सहकार्य र अनुभव आदानप्रदान गर्दै शैक्षिक परिवर्तनका लागि सहयोगमा प्राथमिकता दिनुपर्छ ।

# ६. सिकाइ सहजीकरण विधि तथा प्रक्रिया छनोट गर्दा ध्यानदिनुपर्ने पक्षहरू :

सम्बन्धित विषय क्षेत्रमा प्रयोग हुने शिक्षण विधि तथा प्रविधि चयन गर्दा ध्यानदिनुपर्ने केही महत्त्वपूर्ण पक्षहरू यहाँ उल्लेख गरिएका छन् :

१. सक्षमता तथा सिकाइ उपलब्धिहरू : पाठ्यक्रममा उल्लिखित लक्ष्य तथा उद्देश्यहरू अनुसारका सिकाइ उपलब्धि
प्राप्त गर्न सक्ने शिक्षण विधि छनोट गर्नुपर्छ ।

२. विषयवस्तुको स्वरूप : विषयवस्तुको स्वरूप अनुसार शिक्षण सिकाइका रणनीति, विधि तथा प्रक्रिया छनोट गर्नुपर्दछ।

३. बाल मनोविज्ञान : सिकारुको इच्छा, रुचि, क्षमता तथा योग्यता, प्रवृत्ति, पूर्वज्ञान आदिलाई ध्यानदिई शिक्षण विधि छनोट गर्नुपर्दछ । त्यस्ता विधिले विद्यार्थीलाई उत्प्रेरित गर्न सक्नुपर्छ ।

४. स्रोत साधनहरूको उपलब्धता : शिक्षण विधि तथा रणनीति आर्थिक, मानवीय, भौतिक आदि दृष्टिले उपयुक्त र स्थानीय स्रोत साधनको अधिकतम प्रयोग हुन सक्ने हुनुपर्छ ।

५. विद्यालय वातावरण र शिक्षण सिकाइ परिस्थिति : शिक्षण विधि तथा रणनीति छनोट गर्दा विद्यालय वातावरण र शिक्षण सिकाइ परिस्थितिसँग मेल खाने हुनुपर्दछ ।

६. समय र विद्यार्थी सङ्ख्या : उपलब्ध समय र विद्यार्थी सङ्ख्याले पनि शिक्षण विधि तथा रणनीति छनोटमा प्रभाव पार्दछ। शिक्षण सिकाइ क्रियाकलाप देहायका विविधतायुक्त विधि तथा रणनीतिहरूको उपयोग गरी सञ्चालन गर्नुपर्दछ :

   १. कथाकथन एवम् गीत : यस विधिमा विषयवस्तुलाई कथाको रूपमा प्रस्तुति तथा अवधारणालाई गीतका माध्यमबाट प्रस्तुत गर्न सकिन्छ ।

   २. आगमन विधि :यसमा सूचनाहरूको सङ्कलन, अवलोकन, विश्लेषण, अनुमान, पुष्टि तथा निष्कर्षको प्रक्रिया प्रयोग गरिन्छ ।

   ३. भूमिका निर्वाह/अभिनय : यसमा सन्दर्भ र भूमिकाको बारेमा छलफल तथा निर्धारण, भूमिका बहन, छलफल र निष्कर्ष निकाल्ने कार्य गरिन्छ ।

   ४. निर्माणात्मक कक्षा : यस विधिमा मष्तिस्क मन्थन, पाठसम्बन्धी पूर्वज्ञानको पहिचान, अन्तरक्रियात्मक कार्य (जस्तै : वैयक्तिक चिन्तन, समूहकार्य, प्रश्नोत्तर), आवश्यकता अनुसार टेवाप्रदान र विचार आदानप्रदान गरी निष्कर्ष निकालिन्छ

   ५. सहयोगात्मक कक्षा :यसमा सामान्यतया समूह विभाजन, समस्या र विषयवस्तु प्रस्तुति, समूहमा छलफल र निष्कर्ष वा समाधान निकालिन्छ ।

   ६. परियोजना कार्य :विद्यार्थीको उमेर र स्तर अनुसारका विभिन्न परियोजना कार्य दिई विद्यार्थीले आफैँ खोज्ने तथा गरेर सिक्ने अवस्था सिर्जना गर्न सकिन्छ ।

   ७. छलफल र प्रश्नोत्तर : यसमा शिक्षक विद्यार्थी, विद्यार्थी शिक्षक, विद्यार्थी विद्यार्थी वीचमा प्रश्न र उत्तर गर्न सकिन्छ । प्रश्नहरूले स्मरणको प्रत्याह्वान भन्दा पनि विद्यार्थीलाई सोच्न, कारण खोज्न, सिर्जनात्मक तथा रचनात्मक सोचाइलाई प्रोत्साहन गर्न सक्नुपर्छ । त्यसै गरी प्रश्नोत्तर र छलफलमा कक्षामा सबैका अगाडि प्रश्न सोध्ने, एकछिन पर्खने, कुनै पनि विद्यार्थीलाई तोकेर उत्तर दिन लगाउने, उत्तर राम्रोसँग सुन्न र अन्तमा छलफल र मूल्याङ्कन गर्ने प्रक्रिया प्रयोग गर्न सकिन्छ ।

८. अन्वेषण, अनुसन्धान तथा खोज : यसमा समस्या वा प्रश्नको प्रस्तुति, गर्नुपर्ने र खोज कार्य र तरिकाको बारेमा छलफल गरी विद्यार्थीहरूद्वारा खोज गरी निष्कर्ष प्रस्तुति र पृष्ठपोषण दिइन्छ ।
९. प्रविधियुक्त कक्षा: मोबाइल, कम्प्युटर, प्रोजेक्टर, मोबाइल, रेडियो आदिको उपयोग गरी धारणाहरूको दृश्याङ्कन गर्न सकिन्छ ।
१०. सिर्जनात्मक कार्य : यसमा चित्र निर्माण, रङ भर्ने, कागज काट्ने र पट्याउने, सम्बन्ध स्थापना जस्ता कार्यहरूद्वारा सिकाइ गर्न सकिन्छ ।
११. समस्या समाधान विधि : यस विधिमा समस्यालाई बुझ्ने, योजना निर्माण, योजना कार्यान्वयन, पछाडि फर्केर हेर्ने र परिणामलाई जाँच्ने प्रक्रियाद्वारा समस्या समाधान गरिन्छ ।
१२. खेल विधि: यसमा विषयवस्तुलाई खेलका माध्यमबाट प्रस्तुत गरी अभ्यास गराइन्छ ।
१३. प्रयोगात्मक विधि :यसमा कक्षाकोठा भित्र र बाहिर प्रयोगात्मक कार्यका माध्यमबाट सिकाइ कार्य गराइन्छ ।
१४. भ्रमण : विभिन्न स्थानको भ्रमण गराई त्यहाँका अनुभव र सिकेको कुरा छलफल तथा प्रत्यावर्तन गराइन्छ।
१५.प्रदर्शन विधि : विषयवस्तुसँग सम्बन्धित तस्बिर वा अन्य दृश्य सामग्री तथा श्रव्यदृश्य सामग्री प्रदर्शन गरिन्छ ।
१६. स्वाध्ययन तथा छलफल : विभिन्न किसिमका सामग्रीका अध्ययनको माध्यमबाट सिकाइ गर्दा सामग्री छनोट, अध्ययन र धारणा वा विचार निर्माण गरिन्छ र यसलाई आवश्यकतानुसार विद्यार्थी बिच छलफल गराउन सकिन्छ ।
१७. अन्तरक्रिया : यसमा छलफलको योजना र तयारी, बृहत् समूहमा छलफल सञ्चालन वा समूह विभाजन, कार्यसूची बाँडफाँड तथा कार्य सञ्चालन, प्रस्तुतीकरण, तुलना, विश्लेषण तथा मूल्याङ्कन र निष्कर्ष निकालिन्छ ।
१८. विद्यार्थीहरूमा व्यवहार कुशल सिपहरूको प्रयोग : जस्तै सहयोगी सिपहरू, वैयक्तिक सिपहरू, समालोचनात्मक तथा सिर्जनात्मक सोचाइ सिपहरू, नवप्रवर्तन र व्यवसायिक सिपहरूको विकासलाई प्राथमिकतामा राखी विभिन्न क्रियाकलापहरू निर्माण गरिनुपर्छ ।
१९. विद्यार्थी मूल्याङ्कनका तौरतरिका :

विद्यार्थी मूल्याङ्कन आधारभूत तहको कक्षा १–८ मा औपचारिक प्रकृतिको आवधिक परीक्षा सञ्चालन गरी विद्यार्थीको सिकाइको मूल्याङ्कन अर्थात् निर्णयात्मक प्रयोजनको परम्परागत पद्धतिको मूल्याङ्कनले बालबालिकाको सिकाइका लागि प्रोत्साहन गर्ने र सिकाइमा सहयोग गर्ने कार्यमा योगदान गर्न सक्दैन भन्ने कुरालाई आत्मसात् गरिएको छ । यस सन्दर्भमा हाल हाम्रो देशको आधारभूत तहको पाठ्यक्रमले तय गरेको निरन्तर विद्यार्थी मूल्याङ्कनले उनीहरूलाई सिकाइका लागि प्रोत्साहन गर्नुका साथै सिकाइ सुधारका लागि मार्ग प्रशस्त गर्नुपर्दछ भन्ने दृष्टिकोणमा आधारित भई कक्षाकोठामा आधारित मूल्याङ्कनका प्रक्रिया, रणनीति तथा साधनहरू प्रयोग गर्नु आवश्यक छ ।

आधारभूत तहको कक्षा १–३ मा गरिने विद्यार्थी मूल्याङ्कनको मुख्य उद्देश्य सिकाइ सुधार गर्ने निर्माणात्मक हुने भए पनि आवश्यकतानुसार यसको अभिलेख व्यवस्थित गरी समग्र सिकाइस्तर निर्धारण गर्ने प्रयोजनमा पनि प्रयोग गर्न सकिन्छ । आधारभूत तहको कक्षा ४–५ र कक्षा ६–८ को पाठ्यक्रम

अनुसार विद्यार्थीको मूल्याङ्कनका लागि प्रयोग गरिने विधि, प्रक्रिया तथा साधनहरू भने पाठ्यक्रमले तोकिएअनुरुप गरिनेछ । सिकाइ उपलब्धिमा विद्यार्थीको सिकाइ स्तरको मूल्याङ्कन तथा सुधारात्मक सिकाइको अभिलेखीकरण गर्ने तरिका र अभिलेखीकरण साधनसमेत समावेश गरिएको छ ।

यसैका आधारमा स्थानीय पाठ्यक्रममा विद्यार्थीको मूल्याङ्कनका लागि आवश्यक साधन तथा प्रक्रिया विकास गरी अभिलेखीकरण गर्न सकिने हुन्छ ।

यसले विद्यार्थीलाई न्यूनतम सिकाइ स्तर प्राप्तिका साथै उनीहरूलाई सिकाइमा निरन्तर प्रगति गर्ने अवसर सिर्जना गर्न सहयोग गर्दछ ।

कक्षा १-८ का प्रत्येक विद्यार्थीको कार्यसञ्चयिका (Portfolio) व्यवस्थित गरी राखिनुपर्छ। कार्यसञ्चयिका फायललाई विद्यार्थीको कक्षाकार्य, परियोजना कार्य, उपलब्धि परीक्षा, विद्यार्थीमा आएको व्यावहारिक परिवर्तनको अवलोकन, हाजिरी आदिका माध्यमले अद्यावधिक गर्नुपर्छ । विद्यालयमा पठनपाठन भएका विषयवस्तु र विद्यार्थीको उपलब्धिका बारेमा प्रत्येक महिना वा निश्चित विषयवस्तु वा विषय क्षेत्रको अध्ययन पूरा गरेपछि अभिभावकलाई जानकारी पठाउने व्यवस्था गरी कार्यसञ्चयिकामा त्यसको अभिलेख उल्लेख गर्नुपर्ने छ । विद्यार्थीको मूल्याङ्कनमा यथसक्य वास्तविक कार्य (Authentic task) समावेश गर्नु उपयुक्त हुनेछ । कक्षा १-८ मा विद्यार्थी मूल्याङ्कनको प्रक्रिया सामान्यतया निम्न अनुसार हुने छ :

१. मूल्याङ्कनलाई सिकाइ क्रियाकलापको अभिन्न अङ्गका रूपमा कक्षा क्रियाकलाप सँगै एकीकृत गरी सिकाइ
सुधारमा निरन्तर प्रयोग गर्नुपर्छ ।
२. सिकाइ उपलब्धि र तिनको विस्तृतीकरण तयार गरी सोही अनुसार सम्भाव्य मूल्याङ्कन विधि, प्रक्रिया र साधनाको तयारी गर्नुपर्छ ।
३. दैनिक कक्षा क्रियाकलापसँगै विद्यार्थीको सिकाइको लेखाजोखा गरी सिकाइमा पछि परेका विद्यार्थीलाई सुधारात्मक सिकाइ प्रक्रियाद्वारा निर्धारित न्यूनतम सिकाइ सुनिश्चित गरी सबै विद्यार्थीलाई थप सिकाइका लागि अवसर प्रदान गर्नुपर्छ ।
४. विद्यार्थीको सिकाइ स्तरको मूल्याङ्कन गर्दा मूलतः विद्यार्थीले विभिन्न सिकाइ क्षेत्रमा अपेक्षित सिकाइउपलब्धि
हासिल गरे वा नगरेको परीक्षण गर्नुपर्छ ।
५. विद्यार्थीको सिकाइको मूल्याङ्कनमा विषगत सिकाइ क्षेत्रमा अपेक्षित ज्ञान, बुझाइ, प्रयोग तथा आवश्यकतानुसार विश्लेषण, मूल्याङ्कन र सिर्जना लगायतका उच्च क्षमता परीक्षण गर्नका लगि उपयुक्त साधन तथा प्रक्रिया प्रयोग गर्नुपर्छ ।
६. मूल्याङ्कनका क्रममा आवश्यक व्यवहारकुशल सिप प्राप्तिमा विद्यार्थीले हासिल गरेका सक्षमताको पनि लेखाजोखा
गरी आवश्यकतानुसार सिकाइ क्रियाकलापमा सुधार गर्नुपर्छ ।
७. मूल्याङ्कन पश्चात् कुनै विद्यार्थीले अपेक्षित नतिजा प्राप्त गर्न नसकेमा सुधारात्मक शिक्षण सिकाइको प्रक्रिया अनुरुप विद्यार्थीको सिकाइ सुधार गरी अपेक्षित सिकाइ सुनिश्चित गर्नुपर्छ । पटकपटकको सुधारात्मक शिक्षण सिकाइ प्रक्रियाबाट पनि न्यूनतम सिकाइ उपलब्धि हासिल गर्न नसक्ने विद्यार्थीका उपचारात्मक शिक्षणको प्रबन्ध गर्नुपर्छ ।
८. मूल्याङ्कनको नतिजालाई विषयक्षेत्र तथा सिकाइ उपलब्धि अनुसार अभिलेखीकरण गर्नुपर्छ । विद्यार्थीको व्यक्तिगतफायल खडा गरी मूल्याङ्कनको नतिजाका साथै अन्य सान्दर्भिक विवरण

सहितको कार्यसञ्चयिका (Portfolio) व्यवस्थित गरेर राख्नुपर्छ ।

९. मूल्याङ्कन नतिजाको अभिलेखलाई विद्यार्थीको सिकाइ अवस्था पहिचान गर्न, भावि सिकाइको योजना निर्माण गर्न र सिकाइ उपलब्धिको प्रगतिको अभिलेखका रूपमा विद्यालय, शिक्षक, विद्यार्थी तथा अभिभावकले आवश्यकतानुसार प्रयोग गर्नुपर्छ ।

१०. विद्यार्थीलाई स्वमूल्याङ्कन तथा प्रतिविम्बन गर्न र सिकाइ सुधारको आवश्यकता तथा उपाय पहिचान गर्न शिक्षक तथा अभिभावकले प्रेरित गर्नुपर्छ ।

**शिक्षण सिकाइका क्रममा विद्यार्थीको नियमित मूल्याङ्कनका लागि प्रयोग गर्न सकिने कार्य तथा साधनहरू निम्नअनुसार छन् :**

१. कक्षा सहभागिताः नियमित रूपमा कक्षामा नआउँदा शिक्षण सिकाइकार्य कमजोर हुने भएकाले नियमित रूपमा

हाजिरी र कक्षामा सहभगितामा पनि ध्यान दिनुपर्छ । विद्यार्थीको कक्षाकार्यमा सहभागिताको परीक्षण गर्ने विभिन्न साधनहरू तयार गरी विद्यार्थीको उपलब्धि र सक्षमताको मूल्याङ्कन गर्न सकिन्छ ।

२. लिखित तथा मौखिक कार्य : अध्ययन अध्यापनका क्रममा कुराकानी तथा छलफल लगायत लिखित तथा मौखिक प्रश्नहरू गरेर पनि सिकाइ अवस्थाका बारेमा जानकारी लिन सकिन्छ । सबै कक्षामा छोटा छोटा कक्षा परीक्षा सञ्चालन गरी  विद्यार्थीको मूल्याङ्कन गर्न सकिन्छ । यस्ता परीक्षाहरू औपचारिक किसिमका र लामा नभइ अनौपचारिक स्वरूपका छोटा हुनु उपयुक्त हुन्छ । विषयवस्तुको स्वरूप तथा परीक्षण गरिने सिकाइउपलब्धिलाई विचार गरेर लिखित वा मौखिक प्रतिक्रिया प्राप्त हुने परीक्षाहरू सञ्चालन गर्न सकिन्छ । त्यस्तै, कक्षामा गर्न दिएका कार्य नियमित रूपमा सक्रियतापूर्वक गरे नगरेका, यदि गरेको भए सही रूपमा गरे वा नगरेको हेरी विद्यार्थीको मूल्याङ्कन गर्नुपर्छ । विद्यार्थीले सही रूपमा कक्षाकार्य नगरेको भए आवश्यक पृष्ठपोषण दिनुपर्दछ । कक्षामा गर्न नसकिएका कार्यहरू र थप अभ्यास गर्न केही गृहकार्य पनि दिन सकिन्छ । गृहकार्य गराइको मूल्याङ्कन गरी थप पृष्ठपोषण दिन सकिन्छ ।

३. परियोजना तथा प्रयोगात्मक कार्य : विद्यार्थीको क्षमता, स्तर र पाठ्यवस्तुसँग मिल्दा परियोजनाकार्य गर्न दिनुपर्छ ।यसमा चरणबद्ध र व्यवस्थित रूपमा पूरा कार्य गरे वा नगरेको अवलोकन तथा अध्ययन गरी आवश्यक भए  थप सुझाव दिनुपर्दछ ।

४. अवलोकन :सिकेका कुरा व्यवहारमा प्रयोग गरे वा नगरेको, कार्यसम्पादन गर्न सके वा नसकेको अवलोकन  गरी पृष्ठपोषण दिन सकिन्छ ।

५. विद्यार्थीका कार्यको प्रदर्शन : विद्यार्थीले गरेका कार्यहरूको प्रदर्शन गराई उनीहरूको कार्यको मूल्याङ्कन गर्न सकिन्छ । यसमा सिर्जनात्मक कार्य (कविता निबन्ध, कथा लेखन, चित्र बनाउने आदि)को प्रदर्शन पनि गराउन सकिन्छ ।

६. घटनावृत्त अभिलेख : विद्यार्थीले कुनै घटनामा प्रदर्शन गरेका व्यवहार तथा कार्यको विवरण सङ्कलन तथा व्याख्या गरी विद्यार्थीको मूल्याङ्कन गर्न सकिन्छ ।

७. छोटा परीक्षाःकुनै विषयवस्तुको सिकाइपश्चात् विषयवस्तुको प्रकृतिअनुसार लिखित तथा मौखिक परीक्षाहरू सञ्चालन गर्न सकिन्छ । यस्ता परीक्षाहरू अनौपचारिक रूपमा सञ्चालन गर्नुपर्छ । यस्तो अनौपचारिक रूपमा सञ्चालन गरिने परीक्षाले विद्यार्थीहरूलाई परीक्षाको त्रासबाट मुक्त गर्न सहयोग पुग्नाका साथै सहज ढङ्गबाट सिकाइ मूल्याङ्कन गर्न सकिन्छ ।

८. स्वपाठ र सहपाठी मूल्याङ्कन : विद्यार्थीले आफूले केकति सिक्न सकेँ भनी सिकाइसँग सम्बन्धित विभिन्न कार्य सम्पादन लगायत अन्य माध्यमबाट सिकाइ अवस्थाको मूल्याङ्कन गरी स्वःपृष्ठपोषण प्राप्त गरी सिकाइ सुधारको अवसर सिर्जना गर्न सकिन्छ। विद्यार्थीले आफ्नो सिकाइ तथा कार्यबाट अनुभव तथा सिकाइको प्रत्यावर्तन (reflection) गर्ने विभिन्न नमुनाहरूमा विद्यार्थीलाई प्रत्यावर्तन लेख्न लगाई त्यसका आधारमा विद्यार्थीको मूल्याङ्कन गर्न सकिन्छ। त्यसैगरी कक्षामा सहपाठीहरूले एकअर्काका कार्यको मूल्याङ्कन गर्ने, सँगै बसेर गरिएका कार्यको मूल्याङ्कन गर्ने गरी पृष्ठपोषण प्राप्त गर्ने अवसर प्रदान गर्न सकिन्छ।

९. अभिभावकको प्रतिक्रियाः विद्यार्थीले कार्यसम्पादन, व्यवहारमा भएको परिवर्तन र विशिष्ट तथा समग्र सिकाइका बारेमा अभिभावकको राय तथा प्रतिक्रियाबाट पनि विद्यार्थीको मूल्याङ्कन गर्न सकिन्छ। यसमा शिक्षक र अभिभावक छलफल गर्ने वाशिक्षक, अभिभावक र विद्यार्थीबिच छलफल गरेर विद्यार्थीलाई आवश्यक पृष्ठपोषण दिन सकिन्छ भने शिक्षकले पनि यसबाट शिक्षण सिकाइ प्रक्रियामा सुधारका लागि आधार पनि प्राप्त हुन सक्छ। विद्यार्थी मूल्याङ्कनका लागि प्रयोग गर्न सकिने उल्लिखित कार्य तथा साधनहरूबाट प्राप्त सूचनाहरूलाई निश्चित स्वरूपमा अभिलेखीकरण गरि नुपर्दछ। कक्षाकार्य, व्यवहार परिवर्तन, सिर्जनात्मक कार्य, कक्षा सहभागिता तथा विद्यार्थीका कार्यको प्रदर्शनको परीक्षणको अभिलेखीकरण शिक्षकको अवलोकनको माध्यमबाट गर्न सकिने भएकाले यसका लागि उपयुक्त अवलोकन फाराम तयार गर्नुपर्दछ। यसका लागि विभिन्न प्रकारका रुजु सूची तयार गरी विद्यार्थी परीक्षण तथा मूल्याङ्कन गरिन्छ। विद्यार्थीका कार्य तथा उपलब्धिसहित उनीहरूका विभिन्न विवरण व्यवस्थित तरिकाले राख्ने गरी कार्यसञ्चयिका (Portfolio) तयार गरी विद्यार्थीको प्रगति के कतिमात्रामा र के कसरी भइरहेको छ, के कस्ता सिकाइ कमी कमजोरी रहेका छन् र ती कमी कमजोरीहरू हटाई सिकाइमा सुधार के कसरी गर्ने भन्ने कार्यका लागि यसबाट सहयोग पुग्दछ।

१०. विद्यार्थी मूल्याङ्कनको आवश्यक व्यवस्था :

विद्यार्थी मूल्याङ्कनका सम्बन्धमा स्थानीय पाठ्यक्रम कक्षा १–८ ले जम्मा पूर्णाङ्क १०० मध्ये ५० प्रतिशत सैद्धान्तिक र ५० प्रतिशत प्रयोगात्मक हुने व्यवस्था गरिएको छ। विषय क्षेत्रको प्रकृति तथा सिकाइ उपलब्धिका आधारमा सैद्धान्तिक र प्रयोगात्मक कार्यघण्टाको व्यवस्था गरिएको छ। प्रयोगात्मक कार्यघण्टाका लागि तोकिएको अवधिलाई विद्यार्थीहरूको गरेर सिक्ने र व्यवहारमा परिवर्तन ल्याउन अभ्यास गराउन उपयोग गर्नुपर्ने छ। यसरी तोकिएका प्रयोगात्मक कार्यघण्टालाई तोकिएका क्षेत्रका प्रयोगात्मक पक्षहरूको पहिचान गरी उपयोग गर्ने र (सम्भावना भएका अवस्थामा) सूचना प्रविधिको उच्चतम उपयोगमा विद्यार्थीहरूलाई अभ्यस्त गराउने गरी सम्वन्धित क्षेत्रको अध्ययनबाट विद्यार्थीहरूले गर्ने सिकाइको तथ्याङ्कहरू, प्रतिक्रियाहरू, प्रतिवेदनहरू, प्रस्तुतीहरू सम्बन्धी क्रियाकलापहरूलाई प्राथमिकताका साथ कार्यान्वयनमा ल्याउनु पर्नेछ।

अनुसूची–१

**स्थानीय पाठ्यक्रमको ढाँचा**

१.१. स्थानीय पाठ्यक्रमको शीर्षक : हाम्रो पञ्चपुरी
२.२. पाठ्यक्रमको प्रकृति : सैद्धान्तिक र प्रयोगात्मक
३.३. तहः आधारभूत तह (कक्षा १–८)
४.४. पूर्णाङ्क : १००
५. ५. साप्ताहिक कार्यघण्टा

क) कक्षा १-३, ५ कार्य घण्टा
ख) कक्षा ४-८, ४ कार्य घण्टा

जम्मा कार्यघण्टी :
क) कक्षा १-३ मा वार्षिक १६० घण्टा
ख) कक्षा ४-८ मा वार्षिक १२८ घण्टा

अनुसूची २

**सिकाइ उपलब्धि स्तर र त्यसको सामान्य व्याख्या**

| **उपलब्धिस्तर** | **मापन** | **उपलब्धिस्तरको सामान्यव्याख्या** |
|---|---|---|
| कमजोर (Below basic) | १ | मुख्य सिकाइ उपलब्धि हासिल गर्न नसकेको, सबै जसो सिकाइ उपलब्धिका लागि सुधारात्मक सिकाइ आवश्यक भएको |
| सामान्य (Basic) | २ | मुख्य सिकाइ उपलब्धि आंशिक रूपमा हासिल गरेको तर सुधारात्मक सिकाइ आवश्यक भएको |
| राम्रो (Proficient) | ३ | मुख्य सिकाइ उपलब्धि धेरै जसो हासिल गरेको र सुधारात्मक सिकाइ आवश्यक भएको |
| उच्च (Advanced) | ४ | मुख्य सिकाइ उपलब्धि हासिल गरेको साथै माथिल्लो स्तरको उपलब्धि हासिल गरेको |

५. विषयक्षेत्र तथा थिमअन्तर्गतका सिकाइ उपलब्धिको अङ्कन गरिसकेपछि विषयक्षेत्र तथाथिमको समग्र उपलब्धि प्रतिशत निम्नअनुसार निकाल्नुपर्छ :

**क्षेत्रगत वाथिमगत उपलब्धि प्रतिशत**

| क स | उपलब्धिप्रतिशत | स्तरीकृत अङ्क | अक्षरमा उपलब्धि स्तर | उपलब्धि स्तरको व्याख्या |
|---|---|---|---|---|
| १ | ९० वा सो भन्दामाथि | ४.० | A+ | सर्वोत्तम -Outstanding |
| २ | ८० र सो भन्दामाथि ९० भन्दाकम | ३.६ | A | अत्युत्तम -Excellent |
| ३ | ७० र सो भन्दामाथि ८० भन्दाकम | ३.२ | B+ | उत्कृष्ट -very good |
| ४ | ६० र सो भन्दामाथि७० भन्दाकम | २.८ | B | उत्तम -Good |
| ५ | ५० र सो भन्दामाथि ६० भन्दाकम | २.६ | C+ | सन्तोषजनक -Satisfactory |
| ६ | ४० र सो भन्दामाथि ५० भन्दाकम | २.४ | C | ग्राह्य -Acceptable |
| ७ | ३५ र सो भन्दामाथि ४० भन्दाकम | २.० | D | आधारभूत-Basic |
| ८ | ३५ भन्दाकम | - | NG | अवर्गीकृत-Not Grade |

६. कक्षाको अन्तमा सबै सिकाइ उपलब्धिमा प्राप्त उपलब्धिस्तरको अङ्कका आधारमा विद्यार्थीको विषय क्षेत्रगत समग्र उपलब्धिस्तर निर्धारण गर्न सकिन्छ । विषयक्षेत्रगत समग्र उपलब्धि प्रतिशत निम्न अनुसार निकाल्नुपर्छ :

$$\text{विषयक्षेत्रगत समग्र उपलब्धी प्रतिशत} = \frac{\text{उपलब्धिस्तरको अङ्कको जोड}}{\text{४ X मूल्याङ्कन गरिएका सिकाइ उपलब्धिहरुको सङ्ख्या}} \times १००$$

**विद्यार्थी मूल्याङ्कन मापनका आधार :**

निम्नलिखित आधारमा विद्यार्थीको सिकाइस्तरको मापन १, २, ३ वा ४ गरी कक्षा तथा क्षेत्र र थिम अनुसार उल्लेखित सिकाइ उपलब्धिमा विद्यार्थीको सिकाइस्तर मापन गरी आएको उपलब्धिस्तरको अङ्क (१, २, ३ वा ४) चढाउनुहोस् ।

सिकाइ उपलब्धि मापनगर्दा प्रत्येक सिकाइ उपलब्धिमा हासिल गरेको स्तर यकिन गरी १, २, ३ वा ४ मध्ये कुन स्तर छ त्यसलाई अङ्कन महलमा चढाउनुहोस् । फारामको कैफियत महलमा उल्लेखित बाहेक अन्य साधन तथा तरिका प्रयोग गरेको भए उल्लेख गर्नुहोस् । यो अभिलेख फाराममा मूल्याङ्कन नतिजाका आधारमा प्रत्येक विद्यार्थीको अलगअलग भरी विद्यार्थीको कार्यसञ्चयिका (Portfolio) मा व्यवस्थित गरेर राखी आवश्यकतानुसार विद्यार्थीको सिकाइ सुधार गर्ने कार्यमा प्रयोग गर्नुपर्छ । प्रत्येक सिकाइ उपलब्धिमा चार वटा सूचक निर्धारण गरिएको हुनाले पूरा गरेको सूचकअनुसारको अङ्क प्रदान गर्नुपर्छ । थिमगत रूपमा दिइएका प्रत्येक सिकाइ उपलब्धि हासिल भए नभएको लेखाजोखा मूल्याङ्कनका लागि अवलोकन, मौखिक प्रश्नोत्तर, लिखितकार्य, कक्षाकार्य, गृहकार्य, छोटाकक्षा परीक्षा, परियोजनाकार्य मध्ये कुनै वा अन्य कुनै उपयुक्त साधनप्रयोग गर्न सकिन्छ । तपसिलका फाराममा केही सम्भाव्य साधन मात्र उल्लेख गरिएका छन् । यी बाहेककुन साधनद्वारा मूल्याङ्कन गरिएको हो ती साधनलाई फाराममा उल्लेख गर्नुपर्छ । विद्यार्थीको मूल्याङ्कन दुई चरणमा गर्नुपर्छ । नियमित सिकाइ पश्चात र थप सहायता पश्चात । नियमित सिकाइ पश्चात कुनै विद्यार्थीको कुनै सिकाइ उपलब्धिमा १, २ वा ३ आएमा थप सहयोग गर्नुपर्ने हुन्छ र थप सहायता पश्चात् पुनःमूल्याङ्कन गरी प्राप्त उपलब्धिको अभिलेखीकरण गर्नुपर्छ । यसको लागि प्रत्येक सिकाइ उपलब्धिमा विद्यार्थीको उपलब्धिस्तरको सहीमापन गर्न रुब्रिक्स बनाउन सकिन्छ ।

**पाठ्यक्रम परिमार्जन**

समय परिवर्तनशिल छ । सो अनुसार सामाजिक इच्छा, आकङ्क्षा र आवश्यकतापनि बढ्छन । ती आवश्यकताहरु शैक्षिक पाठ्याङ्शमा समावेश हुनु पर्दछ जसले विद्यार्थीको ज्ञान सिप र व्यवहारमा सकारात्मक परिवर्तन ल्याउन सकोस । यसै अनुरुप यो पाठ्क्रम पनि सामाजिक आवश्यकतालाई सम्बोधन हुन पनि परिमार्जन हुनेछ। यस क्षेत्रका प्राकृतिक, सामाजिक, सास्कृतिक, भाषिक र वातावरणिय पक्षहरुको सकारात्मक सन्दर्भहरुको खोज, अनुसन्धान र गहिरो अध्ययन गरिने छ र प्राप्त निष्कर्षलाई यस पाठ्क्रममा समावेश गर्दै लगिने छ ।

**(अ) आन्तरिक मूल्याङ्कन :**

निर्माणात्मक मूल्याङ्कनको अङ्कको निश्चितभार आन्तरिक मूल्याङ्कनका रूपमा समावेश गरिने छ । यसका लागि निर्माणात्मक मूल्याङ्कनलाई अभिलेखीकरण गरी प्रत्येक विद्यार्थीको कार्यसञ्चयिका (Portfolio) व्यवस्थित गरी राख्नुपर्छ ।यस्तो अभिलेखका आधारमा निम्नलिखित पक्षमा तोकिए अनुसारको भारको अङ्क आन्तरिक मूल्याङ्कनका रूपमा समावेश गरिने छ ।

| सि. नं. | मूल्याङ्कनका पक्ष | अङ्क भार | कैफियत |
|---|---|---|---|
| १ | सहभागिता | ४ | सहभागिताअन्तर्गत हाजिरी, कक्षाकार्य, परियोजनाकार्य, प्रयोगात्मककार्य, समूहकार्य लगायतका अन्य पक्ष रहनेछन् । |
| २ | प्रयोगात्मक/ परियोजनाकार्य | ३६ | कक्षागत रूपमा प्रयोगात्मक र परियोजनाकार्य सञ्चालनका लागि योजनानिर्माण, सञ्चालन, अभिलेखीकरण, प्रस्तुतीकरण र अन्तर्वार्ता लगायतका पक्षहरू समावेश गरी मूल्याङ्कन गर्नुपर्ने छ । |
| ४ | त्रैमासिक परीक्षा | १० | पहिलो त्रैमासिकको लागि ५ अङ्कभार र अर्धवार्षिक परीक्षाको लागि ५ अङ्कभार हुनेछ । यसको लागिप्रत्येक परीक्षाको लागि ५० पूर्णाङ्कको परीक्षा लिई प्राप्ताङ्कलाई ५ मा परिणत गर्न सकिने छ । |
| जम्मा | | ५० | |

**(आ) अन्तिम परीक्षा**

निर्णयात्मक मूल्याङ्कनमा अन्तिम परीक्षाको भार ५० प्रतिशत हुनेछ । प्रत्येक परीक्षामा प्रश्न सोध्दा शैक्षिक सत्रको सुरुदेखि पढाइ भएका सबै पाठहरूबाट समेटिएको हुनुपर्ने छ । यस विषयको परीक्षामा विशेष गरेर ज्ञान र बोध, प्रयोग र उच्चदक्षतामा आधारित हुनेछन । पाठ्यक्रमले निर्धारण गरेका उद्देश्यअनुरूप विद्यार्थीहरूले ज्ञान, सिप, अभिवृत्तिप्राप्त गरे नगरेको मूल्याङ्कन गरी त्यसको आधारमा प्रमाणीकरण गरिन्छ । अन्तिम परीक्षाको प्रश्नपत्र निम्नलिखित विशिष्टीकरण तालिकाअनुसार निर्माण गरी उपलब्धि परीक्षा लिनुपर्ने छ । यहाँ कक्षा ८ को विशिष्टीकरण तालिका बनाईएको छ । यसलाई आधार लिई स्थानीय विषय अध्यापन गर्ने शिक्षकले अन्यकक्षा (कक्षा ४, ५, ६ र ७) को विशिष्टीकरण तालिका बनाइ प्रयोग गर्न सक्नेछन् ।

अनुसूची ३

## विशिष्टीकरण तालिका

### कक्षा ४- ८

पूर्णांक : ५०

समय : १ घण्टा ३० मिनेट

| प्रश्नयोजना तथा अंकभार विवरण | | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| एकाई | क्षेत्र | ज्ञान | | | बोध | | | प्रयोग | | | उच्चदक्षता | | | जम्माप्रश्न संख्या | | | जम्माअंकभार | | | जम्मा अंक |
| | | अति छोटो | छोटो | लामो | अति छोटो | छोटो | लामो | अति छोटो | छोटो | लामो | अति छोटो | छोटो | लामो | अति छोटो | छोटो | लामो | अति छोटो | छोटो | लामो | |
| १ | हाम्रो पञ्चपुरी | १ | | | १ | | १ | | | | | १ | | २ | १ | १ | २ | २ | ४ | ८ |
| २ | हाम्रो धर्म, संस्कृति र सामाजिक मूल्य मान्यताहरु | १ | १ | | | १ | | | १ | | | | १ | १ | ३ | १ | १ | ६ | ४ | ११ |
| ३ | कृषि, पशुपक्षी र पर्यटन | १ | १ | | | | १ | १ | १ | | | | | २ | २ | १ | २ | ४ | ४ | १० |
| ४ | स्थानीय पेसा, व्यावसाय र प्रविधि | १ | | | | | | १ | | १ | | | | २ | | १ | २ | | ४ | ६ |
| ५ | हाम्रो सामाजिक संघसंस्था र व्यक्तित्वहरु | १ | | | | १ | | | १ | | | | १ | १ | २ | १ | १ | ४ | ४ | ९ |
| ६ | विपद् व्यवस्थापन | १ | | | | १ | | | १ | | | | | २ | १ | | २ | २ | | ४ |
| ७ | वातावरण संरक्षण, हरित विद्यालय र फोहोरमैला व्यवस्थापन | १ | | | | | | | १ | | | | | | १ | | | २ | | २ |
| जम्मा | | ६ | २ | | १ | ३ | २ | ३ | ४ | १ | | १ | २ | १० | १० | ५ | १० | २० | २० | ५० |

➢ प्रश्ननिर्माण गर्दा निम्न तहका प्रश्न (ज्ञान, बोध र प्रयोग ) तथा उच्चतहका प्रश्न (विश्लेषण, मूल्यांकन र सिर्जना)सबै तहका प्रश्नहरु र सबै एकाईको पाठ्यघण्टालाई ध्यानमा राखेर प्रश्न बनाउनु पर्नेछ ।

➢ अति छोटो प्रश्न १अंक, छोटो प्रश्न २ अंक र लामो प्रश्न ४ अंकका दरले सोध्नुपर्नेछ ।

अनुसूची ५

**प्रयोगात्मक तथा आन्तरीक मूल्याङ्कन**

| क्र.सं. | विद्यार्थीको नाम | प्रतिवेदन तथा प्रविधि सहितको प्रस्तुति | प्रयोगात्मक कार्यको अभिलेख | स्थानीय ऐतिहासिक, भौगालिक, वातावरणीय लगायतका क्षेत्रका वस्तु सङ्कलन, अभिलेखीकरण | लघु परियोजना कार्य (योजनाको खाका निर्माण) | त्रैमासिक परीक्षा | चेतनामूलक कार्य सञ्चालन | शिष्टाचार, अनुशासन, योग, सरसफाइ व्यवस्थापन, अभिनय लगायतका व्यक्तित्व विकासका कार्यमा गरेको सक्रिय सहभागिता र सोको अभिलेख | सहपाठी तथा सिकाइ समूहबाट मूल्याङ्कन | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | ५० |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

# सुझाव